# प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन
विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्ष **(Ed.CE 598)**
को आंशिकआवश्यकता परिपूर्तिका लागि
प्रस्तुत

## शोधपत्र


**प्रस्तोता**

रामबहादुर तामाङ्ग
परीक्षा रोल.नं. २१४००४१(२०६६)
त्रि.वि. दर्ता नं. ४३०४९-९५
शैक्षिक वर्ष : २०६४/०६५



सुकुना बहुमुखी क्याम्पस
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
कोशीहरैंचा, मोरङ्ग
२०७२, चैत्र



प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था रामबहादुर तामाङ्ग २०७२

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय सुकुना बहुमुखी क्याम्पस, कोशीहरैंचा, मोरङ्ग शिक्षाशास्त्र संकाय अन्तर्गत एम.एड. द्वितीय बर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विभाग Ed. CE598को आंशिक आवश्यकता पूरा गर्ने क्रममा प्रस्तुत प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था शीर्षकमा शोधपत्र तयार पार्ने जमर्को गरिएको छ ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आइपरेका जटिलता र सन्दर्भ सामग्रीको अभावका बाबजुद पनि सीमित स्रोत र साधनलाई उपयोग गर्दै शोधखोज, छलफल र अन्तर्वार्ता मार्फत यो शोधपत्र तयार पारिएको हो ।

शोधपत्र यस रुपमा ल्याउन मेरो अध्ययन तथा लेखनको मात्र हात नभएर विभिन्न महानुभावहरुको समेत हात रहेको कुरा विनम्रतापूर्वक उल्लेख गर्न चाहन्छु । अनुसन्धान कार्य प्रारम्भ देखि पूर्णताको अन्तिम क्षणसम्म आवश्यक सुझाव, सल्लाह तथा मार्ग निर्देशन प्रदान गर्नु भएकोमा आदरणीय गुरु भोजराज घिमिरेज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी अध्ययन अनुसन्धानका क्रममा आवश्यक सल्लाह, सुझाव तथा सामग्री उपलब्ध गराई सहयोग गर्ने संस्थाहरुमा सुकुना बहुमुखी क्याम्पस पुस्तकालय परिवार तथा सुकुना बहुमुखी क्याम्पस पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, सहयोगी मित्रहरु तथा लेखनका क्रममा उपयोग गरिएका कृतिका स्रष्टा विद्वानहरुमा आभार प्रकट गर्दछु ।

यो शोधकार्यलाई पूर्णता दिन अमूल्य सहयोग प्रदान गर्नुहुने छनौटमा परेका स्रोतकेन्द्रका स्रोतव्यक्ति, विद्यालय प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति प्रतिनिधिहरुप्रति हृदयदेखि नै कृतज्ञता व्यक्त गर्दछु ।

मलाई अनन्य रुपले सहयोग पुऱ्याउनु हुने मित्र जीवन गुरुङ्गको गुण कहिल्यै विर्सन सक्दिन भने अन्य सहपाठी साथीहरु पारिवारिक सदस्य लगायत यस कार्यलाई पूरा गर्नका लागि प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने महानुभावहरुप्रति विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यो शोधपत्रलाई कठिन समयका बावजुद आफ्ना कार्यलाई थाँती राखी कम्प्युटर सम्बन्धी सम्पूर्ण कार्यमा अविस्मरणीय सहयोग पुऱ्याउनु हुने भाई विदुर भण्डारीप्रति आभार व्यक्त गर्दछु ।

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम योजना र अभ्यास विषयको आंशिक आवश्यकता पूर्ति गर्ने प्रयोजनका निम्ति **"प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था"** शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । यस अध्ययनको प्रमुख उद्देश्य प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था अध्ययन गर्नु रहेको छ ।

यस अध्ययनलाई पुरा गर्नका लागि ताप्लेजुङ्ग जिल्लाका स्रोत केन्द्रहरु मध्ये लेलेप स्रोत केन्द्र अन्तरगत रहेका तीनवटा विद्यालयका सरोकारवालालाई सांयोगिक नमुना छनौट विधिद्धारा नमुना छनौट गरी ती विद्यालयमा भएको शैक्षिक सामग्रीको अवस्था र कक्षाकोठामा तीनको प्रयोगको अवस्थालाई लक्षित गरी अध्ययन गरिएको छ । यस अध्ययनलाई पूर्णता दिन विशेष गरी परिमाणात्मक र गुणात्मक दुवै ढाँचा उपयोग गरिएको थियो । यसका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न प्रश्नावली निर्माण गरी सोका माध्यमबाट विद्यालय सरोकारवाला विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक , शिक्षक र विद्यार्थीसंग प्रत्यक्ष छलफल, कक्षा अवलोकन फारम र प्रश्नावली समेत भर्न लगाई प्राथमिक तहको शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोगको अवस्थाका बारेमा स्थलगत अध्ययन गर्नुका साथै विद्यालय अभिलेखका आधारमा तथ्यांक संकलन गरी अनुसन्धान गरिएको थियो । संकलन गरिएका तथ्याङ्क विभिन्न चार्ट तथा तालिकामा प्रस्तुत गरी सो का आधारमा तथ्याङ्कको विश्लेषण र व्याख्या गरी समस्या पहिचान गर्नका साथै समाधानका उपाय समेत पत्ता लगाइएका थिए ।

शैक्षिक सामग्री प्रयोगको अवस्थासँग सम्बन्ध राखी संकलन गरिएको तथ्यांकको परिणामको व्याख्या विश्लेषण गरिएको छ । शैक्षिक सामग्री प्रयोगको अवस्थासम्म पुऱ्याउन आवश्यक प्रकृयाकहरुमा सामग्रीको उपलब्धता प्रभावकारिता, उपयोगिता र देखिएका समस्या समाधानका उपायहरुलाई आधार मानी तथ्यांक संकलन गरिएकोमा उपलब्धता अन्तर्गत पहिचान तथा भण्डारणसँग सम्बन्धित रहेर प्रधानाध्यापक तथा शिक्षकबाट प्रश्नावली र छलफलको माध्यमले तथ्यांक संकलन गरिएको थियो । यसै गरी प्रभावकारिता अन्तर्गत शिक्षक र स्रोतव्यक्तिसँग साथै उपयोगिता अन्तर्गत शिक्षक र विद्यार्थी तथा समस्या समाधानको पहलतर्फ प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति प्रतिनिधिसँग सम्बन्ध राखेर संकलन गरिएको तथ्यांकलाई तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । जसले शैक्षिक सामग्रीको प्रयोगको प्रभावकारिता र महत्वलाई प्रष्ट पारेको छ ।

विषय अनुसारको शैक्षिक सामग्री सन्दर्भसामग्री, पाठ्यक्रम, शिक्षक निर्देशिका, विद्यार्थीहरुको नियमितता, उत्सुकता, र शिक्षकहरुको कार्यकुशलता समेतले शिक्षण सिकाइ कार्यमा प्रभाव पारेको हुन्छ । शैक्षिक सामग्रीको संरक्षण निर्माण र व्यवस्थापन भएमा सिकाइ दिगो र प्रभावकारी हुने देखिएको छ । शिक्षकहरुको सक्रियता रहेतापनि उक्त सक्रियतालाई उच्च स्तरमा पुऱ्याउन समय सापेक्ष तालिमको व्यवस्था खड्किएको अवस्था रहेको छ । समय समयमा तालिम पाउने गरेता पनि तालिमका सीपहरुलाई व्यवहारमा देखाउनलाई नसकीरहेको अवस्था पाइन्छ । सीमित स्रोत र साधनको प्रयोग गरी शिक्षण कार्य गर्दै विद्यार्थीहरुको सिकाइ उपलब्धी भने वृद्धि भएको अवस्था रहेको छ । सिकाइ उपलब्धी उच्च बनाउन शिक्षकको सक्रियता, शैक्षिक सामग्री निर्माण, सङ्कलन, प्रयोग, र भण्डारण तथा व्यवस्थापन पक्षमा जोड दिनुपर्ने रहेको देखिन्छ ।

यस अनुसन्धानमा देखिएका समस्या समाधान गर्ने उपायहरुलाई सुझावको रुपमा प्रत्येक विद्यालयमा शैक्षिक सामग्री भण्डारण कक्षा निर्माण तथा व्यवस्थापन गर्नु पर्ने विषयगत शैक्षिक सामग्री निर्माण र प्रयोगमा शिक्षक सक्रिय रहनु पर्ने विद्यार्थीहरुको उमेर स्तर सुहाउदो शैक्षिक सामग्री सङ्कलन तथा निर्माण गर्नु पर्ने शैक्षिक सामग्रीको प्रयोगमा सुधार गर्नु पर्ने तथा विद्यालयलाई आवश्यक पर्ने सम्पूर्ण शैक्षिक सामग्रीहरुको समयमा नै व्यवस्थापन गरी सञ्चालनमा ल्याउनु पर्ने अवस्था देखिएको छ ।

त्यसैले प्राथमिक तहमा मात्र नभएर शिक्षण सिकाइको हरेक क्षेत्रमा शैक्षिक सामग्री प्रयोगको आवश्यकता टड्कारो रुपमा रहेको छ । त्यसमा पनि आजको वैज्ञानिक युगका शैक्षिक सामग्री प्रयोग बिनाको शिक्षण सिकाइले त्यति महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने हुँदा यसप्रति सरोकारवाला सबै पक्षले सचेत हुन वा ध्यानाकृष्ट गर्न जरुरी देखिन्छ भन्ने ठहर गरिएको छ ।

अध्ययनको क्रममा जे जति विषयहरू उठेका छन् तिनले समाज र राज्यको विभिन्न संकटहरूको अन्त्य गर्न शिक्षा क्षेत्रको के कस्ता दायित्व हुन ? कुन कुन पक्षमा कसको जवाफदेहिता रहने ? स्रोत साधनमा पहुँच र पहिचानको अधिकार जस्ता सवालहरू पनि प्रष्ट रूपमा देखिएका छन । शिक्षक विद्यार्थी अनुपात, तहगत र विषय शिक्षकको व्यवस्था, विद्यालयको भौतिक निर्माण र विकास शिक्षकको पेशागत सुरक्षा तथा पेशाप्रतिको जवाफदेहिता विद्यालयको समग्र शैक्षणिक कार्यक्रमको अनुगमन आदि कार्यहरू के कस्ता मापदण्ड र प्रक्रियाबाट अवलम्बन गर्दा वैज्ञानिक शिक्षा प्रणालीको विकास हुन्छ भन्ने कुराको व्यापक अनुसन्धान हुनु आवश्यक छ । यो अनुसन्धान प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउने सबालसँग मात्र सम्बन्धित नभएर हाल विद्यमान मुलुकको समग्र शैक्षिक पुर्नसंरचनाको सवालसँग समेत सम्बन्धित छ भन्ने स्पष्ट हुन

जान्छ । त्यसैले शिक्षा क्षेत्रमा वैज्ञानिक शिक्षा प्रणालीको विकास गरी शैक्षिक उपलब्धि वृद्धि गर्नुपर्ने कार्यहरूको अनुसन्धान हुन नितान्त आवश्यक भएको पुष्टि हुन्छ ।

# विषय सूची


| एकाइ शीर्षक | पेज नं. |
|---|---|
| *प्रतिबद्धता* | *ख* |
| *सिफारिस पत्र* | *ग* |
| *स्वीकृति पत्र* | *घ* |
| *कृतज्ञता* | *ङ* |
| *शोधसार* | *च* |

परिच्छेदएक : परिचय :

| | |
|---|---|
| १.१अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ८ |
| १.३ अध्ययनको औचित्य | १० |
| १.४.अध्ययनको उद्देश्य | १२ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | १२ |
| १.६ अध्ययनको परिसीमा | १२ |
| १.७ शब्दहरुको परिभाषा | १३ |

परिच्छेद दुई : सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १५ |
| २.२ सैद्धान्तिक खाका | १९ |
| २.३ शैक्षिक उपादेयता | २१ |

परिच्छेद तीन : अनुसन्धान विधि

| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा एवं विधि | २३ |
| ३.२ जनसंख्या तथा नमुना छनौट | २३ |
| ३.३ अध्ययनको क्षेत्र | २४ |
| ३.४ तथ्यांकका स्रोतहरु | २५ |
| ३.४.१ प्राथमिक स्रोत | २५ |
| ३.४.२ द्वितीय स्रोत | २६ |

३.५अध्ययनका साधन २६

३.५.१ कक्षा अवलोकन २६

३.५.२ प्रश्नावली २६

३.५.३ अन्तरवार्ता २७

३.५.४ लक्षित समूह छलफल २७

३.६ साधनको बैधता २७

३.७तथ्यांक संकलन प्रक्रिया २७

३.८तथ्यांकको विश्लेषण प्रक्रिया २८

## परिच्छेद चार : तथ्यांकको विश्लेषण र व्याख्या

४.१ शैक्षिक सामग्रीको उपलब्धताको अवस्था २९

४.१.१ विद्यालयमा हाल भएका शैक्षिक सामग्री अवस्था २९

४.१.२ विषयगत शैक्षिक सामग्रीको उपलब्धताको अवस्था ३१

४.१.३ विना मूल्य तथा कम मूल्य पर्ने शैक्षिक सामग्रीको अवस्था ३३

४.१.४ स्थानिय शैक्षिक सामग्रीको प्रयोगको अवस्था ३४

४.२ शैक्षिक सामग्रीको प्रभावकारीता ३५

४.२.१ तहगत सिकाइ उपलब्धीको विश्लेषण (२०६६-२०७१ सम्मको) ३५

४.२.२ मुख्य विषयका तहगत औषत सिकाइउपलब्धि विश्लेषण ३६

४.२.३ शैक्षिक सामग्रीको प्रभावकारीता ३९

४.२.४ विद्यार्थीको सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीले पारेको प्रभाव ४२

४.३ शैक्षिक सामग्री प्रयोग गर्दा देखिएका समस्याहरु ४३

४.३.१ शैक्षिक सामग्री प्रयोग गर्दा प्रभाव पार्ने कारक तत्वहरु ४३

४.३.२ शैक्षिक सामग्री भण्डारण समस्या ४४

४.३.३ शैक्षिक सामग्री निर्माण, प्रयोग र संकलन समस्या ४६

४.३.३.१ शैक्षिक सामग्री निर्माण, प्रयोग, र संकलन प्रकृयामा प्र.अ.बाट प्राप्त जानकारी ४६

४.३.३.२ शैक्षिक सामग्री निर्माण, प्रयोग र संकलनमा शिक्षकबाट प्राप्त जानकारी ४७

४.३.४ शैक्षिक सामग्रीको संरक्षणमा हेलचेक्राइ अवस्था ४८

४.३.५ विषयका शैक्षिक सामग्री निर्माण र प्रयोगमा समस्या ५०

४.३.६ शैक्षिक सामग्री प्रयोग पछि हिफाजात ५१

४.४ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानको उपायहरु ५२

४.४.१ शै.सा. व्यवस्थापनमा सुधार गर्नु पर्ने ५२

४.४.२ शै.सा. प्रयोगमा सुधार गर्ने ५३

४.४.३ शैक्षिक सामग्री निर्माण र संकल्पमा सुधार गर्ने ५४

४.४.४ शैक्षिक सामग्री निर्माण तथा संकलन प्रकृयामा विद्यार्थीका भूमिका ५४

## परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्ति ५६

५.२ निष्कर्ष ५७

५.३ सुझावहरु ५८

सन्दर्भसामग्री सूची

अनुसूची

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा प्राचीनकालदेखि चल्दै आएको मानव विकासको एक प्रभावकारी माध्यम हो । प्रारम्भमा शिक्षालाई मौखिक संचारका रुपमा मात्र लिइन्थ्यो । प्रारम्भिक समयमा परम्परागत पद्धतिअनुसार शिक्षण गरिन्थ्यो र शैक्षिक सामग्रीको प्रयोग गरिदैनथ्यो । शिक्षण गर्ने क्रममा सर्वप्रथम शैक्षिक सामग्रीहरुलाई परिचित गराउने श्रेय जर्मन शिक्षाविदहरुलाई जान्छ । जर्मन शिक्षाविदहरुले सर्वप्रथम मौखिक शिक्षणमा आधारित सुन्ने⁄स्मरण गर्ने पद्धतिमा आधारित शिक्षणलाई हतोत्साहित गर्न बालबालिकाहरुले कुनै चित्र, तस्वीर वा कुनै दृष्य सामग्रीको प्रयोगले राम्ररी सिक्न सक्तछ भन्ने पद्धतिलाई परिचित गराएर प्रयोगमा ल्याएका थिए । यस सम्बन्धमा कोमेनियस (1592-1671) ले एउटा चित्रहरु समाविष्ट गरिएको किताब Orbis Sensulium Picts(The world of sense objects)तयार पारे । बालबालिकाहरुलाई शिक्षा दिन तयार पारिएको सम्भवतः यो नै विश्वको पहिलो चित्रात्मक प्रस्तुतीकरण गरिएको पुस्तक थियो । यो पुस्तकले विश्वका धेरैजसो बाल शिक्षण केन्द्रहरुको ध्यान आकृष्ट गर्न सफल भयो र ज्यादै लोकप्रिय पनि भयो । त्यसपछि रुसो(1712-1778)र अन्य शिक्षाविदहरुले चित्र⁄तस्वीर र खेल सामग्रीमा आधारित शैक्षिक सामग्रीहरुको आवश्यकतामाथि जोड दिएको पाइन्छ । रुसोले शिक्षण सिकाइ प्रक्रिया सिकारुको प्राकृतिक उत्सुकताबाट नै निर्देशित हुनु पर्दछ भन्ने कुरामा जोड दिएका थिए । पेस्तालोजी (1956-1827)ले रुसोको सिद्धान्तलाई वस्तु विधिको माध्यमद्धारा कार्यान्वयनमा ल्याएका थिए । एसाइ(1967) ले शिक्षामा चार वटा क्रान्तिलाई घरबाट विद्यालयमा शिक्षा, शिक्षाको साधनको रुपमा लिखित शव्दहरु, मुद्रित सामग्री र पुस्तकको आविष्कार, आधुनिक विद्युतीय सामग्रीको प्रयोगलाई परिचित गराए ।

त्यस समयमा शिक्षण गर्ने क्रममा शैक्षिक सामग्रीको प्रयोग गरेमा शिक्षण प्रभावकारी हुन्छ भन्ने अवधारणाको विकास पनि भएको थिएन । शैक्षिक संस्थाहरुमा मौखिक शिक्षणमा जोड दिइन्थ्यो भने विद्यार्थीहरुलाई शिक्षकले मौखिकरुपमा शिक्षण गरेका कुराहरुलाई आत्मसात गर्न लगाइन्थ्यो । विद्यार्थीहरु निष्क्रिय स्रोताका रुपमा शिक्षकले भनेका कुराहरुलाई सुन्ने र स्मरण गर्ने काम गर्थे । समयको परिवर्तन संगै विस्तार विस्तार ज्ञानेन्द्रियहरु नै ज्ञान आर्जन गर्ने प्रमुख स्रोत हुन् भन्ने कुरा महशुस गर्न थालियो । विभिन्न प्रकारका ज्ञानेन्द्रिय कर्मेन्द्रियहरु क्रियाशील गराएर ज्ञान आर्जन गरिएमा प्राप्त ज्ञान स्थायी र प्रभावकारी हुने कुरा महशुस हुन थालेपछि शिक्षण गर्ने क्रममा विस्तारै

शैक्षिक सामग्रीको प्रयोगको प्रचलन बढ्दै गएको देखिन्छ । त्यस समयमा प्रयोग गरिने पाठ्यवस्तु वा लेख्यवस्तुलाई नै शैक्षिक सामग्री मानिन्थ्यो(अधिकारी, २०६५) ।

नेपालमा व्यवस्थित ढङ्गले शैक्षिक विकासको प्रारम्भ भएको इतिहास त्यति लामो छैन । वि.सं. २००७ सालभन्दा अगाडिको शैक्षिक अवस्थालाई बुझ्ने हो भने नेपालमा दरबारहाइस्कूल र पाटन हाइस्कूल मात्र रहेका थिए । वि.सं. १९९० साल कार्तिक १६ गते एस.एल.सी. बोर्डको स्थापना भए पश्चात नेपालमा अध्ययन गर्ने विद्यार्थीहरुले नेपालबाट नै एस.एल.सी. परीक्षा दिन पाउने व्यवस्था मिल्यो । त्यसपछि वि.सं. १९९६सालमा नेपालको शैक्षिक व्यवस्थालाई व्यवस्थित ढङ्गले विकास गर्नको लागि शिक्षाको इस्तिहार जारी भयो । उक्त इस्तिहारले विद्यालय तह र पढाइ हुने विषयको समयावधि तोकेको थियो(अधिकारी, २०६५) ।

शिक्षा ज्यादै जटिल र चुनौति पूर्ण कार्य हो । त्यसैले शिक्षणहरुमा उच्च ज्ञान, शिक्षण कौशल, शिक्षण सामग्रीको निर्माण र प्रयोग गर्ने क्षमता, अध्ययनशील र नयाँ नयाँ प्रविधिहरुको प्रयोग गर्ने क्षमता र सीपको हुन जरुरी छ तर यतिमा सिमित भएर पुग्दैन । परिश्रम गर्ने बानी, सेवाको भाव, हुनु समेत जरुरी पर्दछ । शैक्षिक सामग्रीहरुको प्रयोगले व्यवहारिक शिक्षा प्राप्त गर्न गराउन सहयोग गर्दछ । राष्ट्रिशिक्षा पद्धति योजना कार्यन्वयनबाट विद्यालयहरुमा विद्यार्थीहरुलाई घोकाउने प्रवृत्तिको हट्दै गएको कारणले पनि शैक्षिक सामग्रीको प्रयोग, निर्माण तथा व्यवस्थापनमा जोड दिइएको हो । शैक्षिक सामग्रीको प्रयोगबाट क्रियाकलापयुक्त अध्यापन व्यवहारमा आएको छ । विद्यालयमा कार्यरत शिक्षकहरुले कक्षाकोठा अनुकुल वातावरण सृजना गरी शिक्षण कार्य सफल पार्न विषयवस्तु अनुसारको शैक्षिक सामग्री प्रयोग गर्न आवश्यक छ (सेरिड, २०६०) ।

शिक्षण कार्यलाई प्रभावकारी र चिरस्थायी बनाउनका लागि प्रयोग गरिने जुनसुकै बस्तुहरु शैक्षिक सामग्री हुन् । बालबालिकाहरुलाई सार्थक र व्यवहारीक ज्ञान, सुजनात्मक प्रतिभाको विकास गर्न सहयोग पुऱ्याउने सामग्रीहरु नै शैक्षिक सामग्री हुन् । शिक्षण सिकाई प्रकृयाको मुख्य अभिप्राय भनेको शिक्षण योजनाको उद्देश्य पुरा गर्नु गराउनु हो । लक्षित उद्देश्यहरु प्राप्त गर्न गराउनका लागि कक्षाकोठा भित्र शिक्षक र विद्यार्थी बिच हुने आपसी छलफल, अन्तरकृया तथा शिक्षण बाट प्राप्त हुने अनुभव नै शिक्षण सिकाइ हो । शिक्षण सिकाइ क्रियाकलापलाई अपेक्षित लक्ष्य हासिल गर्न शैक्षिक सामग्री व्यवस्थापनले प्रत्यक्ष प्रभाव पार्दछ । विषय वस्तुको प्रकृति, सिकारुको रुचि, क्षमता, पाठको उद्देश्यको आधारमा शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापन गर्न पर्दछ (अधिकारी, २०६७) ।

शिक्षा सम्बन्धी उच्च स्तरिय कार्य समितिको प्रतिवेदन (२०५५) अनुसार शिक्षाको गुणस्तर अझपनि उकासिनु विभिन्न कारकतत्वहरु मध्ये योग्यता, सक्षमता, तालिम, प्राप्त र कार्य प्रति झुकाव भएका शिक्षकहरुको कमी हुन पनि एक हो भने तालिममा सिकेका ज्ञान, सीप, लाई व्यवहारिक रुपमा कक्षाकोठामा प्रयोग शिक्षण गरेमा शिक्षण सिकाइ प्रकृया गुणस्तर वृद्धि हुने कुरामा दुइमत छैन । शैक्षिक सामग्रीको प्रयोग गर्दा उचित समयमा भएमा मात्र त्यसले सहि शिक्षा र दिगो पना हुन्छ । यदी त्यस्तो भएन भने त्यसको केही उपलब्धि हुन सक्दैन । सामग्री रमाइलो मात्र नभई बालबालिकामा जिज्ञासा गराउने र खोजी गर्ने बानीको निकास बसाल्ने हुनुपर्दछ । शैक्षिक सामग्रीको प्रयोगबाट पाठको धारणा स्पष्ट पार्न सकिन्छ । एउटा उपयुक्त चित्रले हजारौ शब्दको ज्ञान गराइ रहेको हुन्छ (सापकोटा, २०६२) ।

वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्तिपछि राजनैतिक परिवर्तनसंगै विभिन्न आयोगहरुको गठन भयो । उक्त आयोग गठनका साथै शिक्षा समिति एवं परिषदहरुको गठन भयो । यिनै परिषदहरुको सुझाव र सल्लाहअनुसार शिक्षालाई व्यवस्थित गर्नका लागि योजना तर्जुमा गर्ने काम भयो । त्यस्तै गरी वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना गठन भयो । यसले शिक्षा क्षेत्रमा समय सान्दर्भिक शैक्षिक व्यवस्थापन गर्नका निम्ति युगान्तकारी परिवर्तन ल्यायो । यस योजनाले शिक्षाका राष्ट्रिय र तहगत हरु निर्धारण गरी पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्रीहरुको निर्माण, शिक्षाको संरचनामा हेरफेर, शिक्षाको प्रशासनिक संगठन र निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम र सेवा सुरक्षा जस्ता पक्षहरुमा उल्लेखनीय योजनाहरु प्रस्तुत गऱ्यो । (शर्मा एण्ड शर्मा, २०६४)

शैक्षिक सामग्री भन्नाले शिक्षण कार्यलाई सहज बनाउन सहयोग गर्ने साधनलाई बुझाउँछ । शिक्षाको लक्ष्य तथा हरु प्राप्त गर्न विषयवस्तुसंग सम्बन्धित कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा प्रयोग गरिने स्रोत साधन नै शैक्षिक सामग्री हुन् । शैक्षिक सामग्रीले शिक्षण सिकाइ क्रियाकलापको प्रस्तुतिलाई अर्थपूर्ण र ज्ञानवर्द्धक पनि बनाउँछ । शैक्षिक सामग्रीको उचित व्यवस्थापन गर्नु नै बालबालिकाहरुलाई सामग्रीको सहयोगद्धारा पठनपाठन गर्नु हो । विद्यालयको शैक्षिक कार्यक्रमलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन र शिक्षा प्रणालीले राखेका लक्ष्य प्राप्तिमा शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका खेल्दछ (अधिकारी,२०६५) ।

शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीलाई धेरै अगाडिदेखि प्रयोग गरिंदै आएको पाइन्छ । विद्यालय प्रणालीको विकाससंगै शैक्षिक सामग्रीको रुपमा विभिन्न धर्मग्रन्थहरुको प्रयोग हुन शुरु

भएको हो । इरासमसले १५ औं शताब्दीमा सिकाइमा सम्झने प्रक्रियाभन्दा दृष्यात्मक प्रक्रिया हुनु पर्दछ भन्ने विचार दिएका थिए । १७ औं शताब्दीमा कमेनियसले चित्रसहितको सामग्रीको प्रकाशित गरेका थिए । पेस्तालोजीले प्रत्यक्ष वस्तु प्रयोग गरी बालकको ज्ञानेन्द्रियहरुलाई तालिम दिइनु पर्नेमा जोड दिएका थिए । यसरी प्राचीन समयदेखि नै शैक्षिक सामग्रीलाई प्राथमिकता दिएको पाइन्छ ( अधिकारी, २०६५) ।

समाजको विकासक्रमसंगसंगै शिक्षण कार्यमा पनि जटिलता थपिंदै गयो । शिक्षण सिकाइ भन्नाले सूचनाहरुको प्रवाह गर्नु वा हस्तान्तरण गर्नु भन्ने बुझिन्छ । यसरी सूचनाको प्रवाह गर्दा सुन्न सकिने, देख्न सकिने र गर्न सकिने गरी गर्नु पर्दछ, भन्ने मान्यता अगाडि सर्न थाल्यो । अतः शिक्षण सिकाइ कार्य शैक्षिक सामग्रीको प्रयोगबाट गरिंदा प्रभावकारी सिकाइ हुने कुरामा द्विविधा रहेन । आधुनिक विज्ञान तथा प्रविधिको विकास एवं विस्तारसंगै शिक्षा क्षेत्रमा नयाँ नयाँ शिक्षण साधनहरुले प्रवेश पाउन थालेका छन् । यिनीहरुले एकातिर शिक्षणलाई सरल एवं बोधगम्य बनाउन मद्दत पुऱ्याएका छन् भने अर्कातिर शिक्षण क्रियाकलापलाई रोचक र प्रभावोत्पादक बनाउन सहयोग गरेका छन् । यसरी हेर्दा शिक्षकले शिक्षण सिकाइ प्रक्रियालाई सरल, सरस, अर्थपूर्ण र प्रभावकारी बनाउनका लागि पाठको स्वरुप र उद्देश्य अनुरुप हुने गरी शिक्षण कार्यमा प्रयोगमा ल्याइने साधन वा सामग्रीलाई शिक्षण सामग्री भनिन्छ । शिक्षण सिकाइ कार्यलाई जीवन्त एवं आकर्षक बनाउन शिक्षण सामग्री तथा साधनको अत्यन्त महत्वपूर्ण भूमिका रहने गर्दछ । विज्ञान र प्रविधिको विकासले शैक्षिक सामग्रीहरु पनि श्रव्य, दृष्य, श्रव्य-दृष्य र मुद्रित सामग्रीमा विकास हुँदै गए । पाठ्क्रमले निर्धारण गरेका उद्देश्यहरु पूरा गर्न र गराउन व्याख्या र वर्णन मात्र पर्याप्त हुँदैन । कतिपय विषयवस्तुहरु व्याख्या र वर्णनका माध्यमबाट बुझाउन नसकिने पनि हुन्छन् । त्यस्ता भावात्मक वा अमूर्त विषयवस्तुहरु चित्रका माध्यमबाट सजिलै बुझाउन सिकन्छ । आजको आधुनिक विश्वमा शिक्षण सिकाइ प्रविधिको माध्यमबाट मात्र प्रभावकारी रुपमा गर्न सकिने विश्वास बढ्न थालेको देखिन्छ (काफ्ले, २०७०: पृ.२७) ।

विद्यालय सु-संचालनका लागि भौतिक पूर्वाधार र सुविधा आवश्यक हुन्छ । तर राम्रो सिकाइ उपलब्धि हासिल गर्नका निम्ति भने शैक्षिक एवम् शैक्षणिक सामग्रीको महत्वपूर्ण भूमिका उच्च रहन्छ । त्यसैले हाम्रा विद्यालयहरुमा शैक्षिक सामग्री निर्माण र प्रयोग तर्फ मोड्न ढिला गरिनु हुन्न । गुणस्तरिय शिक्षाको लागि विद्यालयहरुमा न्यूनतम सक्षमताको आवश्यकताको अवस्था सम्बन्धी मापदण्डमा विद्यालयको शिक्षण सिकाइ सम्बन्धी न्युनतम र अपेक्षित मापदण्ड तय

गरिएको छ । त्यस अनुसार विद्यालयको सिकारु क्रियाकलापलार्य सहज र स्तरिय तुल्याउन हरेक विद्यालयमा शैक्षिक सत्रको शुरुमै विषयगत स्वअध्ययन सामग्री, पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यक्रम विशिष्टीकरण तालिका अनुसारको शै. सामग्रीहरु व्यवस्था गरी शिक्षण गरिएको हुनु पर्छ (विश्वकर्मा, २०७०: पृ.२१) ।

यसरी समयको क्रमसंगै शिक्षणको क्षेत्रमा परम्परागत देखि अत्याधुनिक साधन तथा सामग्रीको प्रयोग बढ्दै गइरहेको देखिन्छ जसले शिक्षण सिकाइ क्रियाकलापलाई बढी सहज, सरल, रोचक र प्रभावकारी बनाउनमा सहयोग पुऱ्याउँदै गएको देखिन्छ ।सामान्य अर्थमा कक्षा शिक्षण गर्दा प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक योजनाले विभिन्न उद्देश्यहरु राखेको हुन्छ । यस्ता उद्देश्य पूरा गर्न शिक्षण सिकाइ प्रभावकारी हुनु पर्दछ । शिक्षण सिकाइ प्रभावकारी बनाउन शैक्षिक सामग्रीको प्रयोग हुन अत्यावश्यक हुन्छ ।शिक्षणको परम्परावादी धारणा अनुसार सिकाइ मौखिक संचार वा लिखित प्रक्रियाको माध्यमबाट मात्र गरिन्थ्यो । यस्तो शिक्षण प्रक्रियाले लामो समय जरो गाडे पनि वर्तमान विकसित युगका विद्यार्थीहरु यो परम्परावादी शिक्षण प्रक्रियाबाट सिक्ने रुचि राख्दैनन् । उनीहरु तस्वीर, टि.भी., रेडियो, टेपरेकर्ड, योजनाबद्ध पाठहरु र अन्य विभिन्न माध्यमहरुबाट तथ्यहरु, सीप र प्रवृत्तिहरु सिक्न चाहन्छन् । शिक्षण सिकाइका यस्ता माध्यमहरुको प्रयोगको उपलब्धि व्यवहारिक र दीर्घकालीन बन्दछ । अतः शिक्षण सिकाइको अपरिहार्य वस्तुका रुपमा शैक्षिक सामग्रीलाई लिइन्छ ।शिक्षाविदहरुका अनुसन्धानात्मक निष्कर्ष अनुसार सुनेको कुरा बिर्सन सकिन्छ, देखेको कुरा सम्झन सकिन्छ र आफैंले गरेको कुरा मष्तिश्कमा रहीरहन सक्दछ । शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगले सुनेको सिकाइको तुलनामा प्रभावकारी सिकाइ हुन सक्दछ । त्यसैले शिक्षण क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोगले अत्यधिक महत्व राख्दछ ।

शैक्षिक सामग्री त्यसबेला मात्र प्रभावकारी भएको मानिन्छ जब शिक्षणका उद्देश्यहरु पूरा हुने कार्यमा सघाउ पुग्दछ । शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्दा शिक्षकले अनिवार्य रुपमा ध्यान पुऱ्याउनु पर्ने सिद्धान्तहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।शैक्षिक सामग्री तयार गर्दा स्थानीय सामग्रीहरुको प्रयोग गर्नु पर्दछ । तयार गरिएका सामग्रीहरु प्रयोगमा ल्याउनु पर्दछ । सामग्री निर्माण र प्रयोग जस्ता कार्यमा विद्यार्थीहरुलाई समेत सहभागी गराउन आवश्यक हुन्छ ।शैक्षिक सामग्री तयार गर्दा स्थानीय तथा कम मूल्य पर्ने वस्तु रोज्नु पर्दछ । खेर जाने वस्तुलाई प्रयोगमा ल्याउन सकिएमा खर्चको वचत हुनुका साथै स्थानीय वस्तुको प्रयोग गरिएमा विद्यार्थीलाई सामग्री निर्माण र

प्रयोगमा पनि सहजता आउने गर्दछ ।शैक्षिक सामग्रीको निर्माण विषयवस्तुको धारणा स्पष्ट पार्नका लागि गरिने हुनाले शिक्षण गर्नुपर्ने पाठको प्रकृतिसंग मेल खाने हुनुका साथै विद्यार्थीको उमेर, कक्षाको तह, रुचि एवं चाख अनुसारको हुनु पर्दछ । यस्ता शैक्षिक सामग्रीको प्रयोगमा सकेसम्म ठोस वस्तुको प्रतिनिधित्व हुने सामग्रीमा जोड दिनु पर्दछ ।  यस्ता सामग्रीको प्रयोगले शैक्षिक उद्देश्यहरुलाई व्यवहारिक रुपमा प्रयोग गर्न सहयोग पुऱ्याउँछन् ।शैक्षिक प्राप्तिका लागि विद्यार्थीको उमेर,रुचि एवं चाख अनुसार हुनुका साथै पाठसंग मेल खाने हुनु पर्दछ । सामग्री छनौटमा देखिने कमजोरीले सिकाइमा समेत नकारात्मक असर पर्ने हुँदा शिक्षकले यस विषयमा होशियारी अपनाउनु पर्दछ । यदि यसो हुन नसकेमा शिक्षण सिकाइ अर्थको अनर्थ बन्न सक्दछ ।शिक्षकले प्रस्तुत गर्ने शैक्षिक सामग्रीको प्रयोगमा विद्यार्थीको सहभागिता र प्रतिक्रिया प्राप्त हुनु पर्दछ  । त्यसैले सामग्रीको प्रयोग विद्यार्थीको चाख, रुचि र स्तर अनुरुपको हुनु पर्दछ ।सिकारुको स्तर र रुचिलाई ध्यान नदिइ शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीको सहभागिता उत्साहजनक हुन सक्दैन । सहभागिता कम हुनु भनेको प्रतिक्रिया प्राप्तिमा कठिनाइ हुनु हो । जसले शिक्षण सिकाइ क्रियाकलापमा बाधा समेत सिर्जना गर्न सक्दछ ।कक्षाकोठामा प्रयोग गरिएका शैक्षिक सामग्रीले शिक्षणको उद्देश्य पूरा गरे नगरको समय समयमा मूल्यांकन गर्नु पर्दछ । प्रयोग गरिएका शैक्षिक सामग्रीले उद्देश्य पूरा गरे नगरेको कुराको मूल्यांकन नियमित रुपमा लेखाजोखा गर्नु पर्दछ ।मूल्यांकन कार्यलाई सहजता बनाउन शैक्षिक सामग्रीको प्रयोगले महत्वपूर्ण भूमिका खेल्दछ । सामग्री प्रयोगमा उत्पन्न कठिनाइमा तत्काल पृष्ठपोषण दिइ पुनर्बल प्रदान गर्न सकिने हुँदा सिकारुमा सिकाइप्रति उत्साह थपिने हुन्छ । यदि कक्षाकोठामा प्रयोग गरिएका शैक्षिक सामग्रीले शिक्षणको  पूरा गरे नगरेको समय समयमा मूल्यांकन नगरेको खण्डमा सिकाइ उपलब्धिमूलक वा व्यावहारिक बन्दैन । वर्तमान समयमा मूल्यांकनको सिद्धान्तलाई प्रश्रय दिन आन्तरिक मूल्यांकनका साथै निरन्तर मूल्यांकन प्रणालीलाई अगाडि बढाउन थालिएको छ । (भट्टराई, २०६९)

विद्यार्थीको उमेर,कक्षाको तह,स्तर र रुचि अनुसार शैक्षिक सामग्री प्रयोग गरिन्छ भने यस्ता सामग्रीका विशेषता र प्रयोगका सिद्धान्तहरुलाई ध्यानमा राखी सामग्रीको वर्गीकरण र तयारी तथा प्रयोग गर्नु पर्दछ । शैक्षिक सामग्रीको छनौट गर्दा त्यसको विशेषता, विषयको प्रकृति,महत्व, उपयोगिता, प्रयोग र उपलब्धता जस्ता पक्षको समेत ख्याल गर्नु पर्दछ । शैक्षिक सामग्रीको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ :-

छपाई सामग्रीलाई मुद्रित सामग्री भनिन्छ । शिक्षण सिकाइ क्रियाकलापमा यो प्रारम्भदेखि प्रयोग हुँदै आएको सामग्री हो । एक सरल, सस्तो र सर्वसुलभ सामग्री भएकाले शैक्षिक क्षेत्रमा यसको प्रयोग अत्यधिक र निरन्तर हुँदै आएको पाइन्छ । यो एक औपचारिक र लिखित सामग्री भएकाले आवश्यक परेका बेलामा प्रयोगमा ल्याउन सहज हुने गर्दछ ।

मुद्रित सामग्री एक दृष्य सामग्री हो । यसलाई हेर्न, पढ्न र पुनः प्रयोग गर्न सजिलो हुन्छ । मुद्रित सामग्रीमा सिकारुको स्तर अनुसार अक्षरको आकार, बनावट, मसीको प्रयोग, कागजको गुणस्तर, भौतिक साजसज्जा र शैक्षणिक स्तरीयता जस्ता गुणहरुमा समेत ध्यान पुऱ्याउन आवश्यक हुन्छ । बालमनोविज्ञानमा आधारित मुद्रित शैक्षिक सामग्री सस्तो र सर्वसुलभ भएमा शिक्षण सिकाइ कार्य प्रभावकारी बन्न पुग्दछ । मुद्रित शैक्षिक सामग्रीमा पाठ्यपुस्तकलाई एक असल सामग्री मानिन्छ । यस्ता मुद्रित शैक्षिक सामग्रीहरुमा वा पाठ्यपुस्तकमा भौतिक र शैक्षिक गुण हुनुका साथै बालमनोविज्ञानमा आधारित हुन अत्यावश्यक छ ।विद्यार्थीले देख्न नसक्ने तर सुन्न सक्ने सहयोगी शैक्षिक सामग्रीलाई श्रव्य शैक्षिक सामग्री भनिन्छ । यस्ता सामग्रीबाट विभिन्न तालिम र सूचनामूलक कार्यक्रम गर्न पनि सकिन्छ । सुनाइ सीपको विकासमा यस्ता सामग्रीहरु उपयोगी हुन्छन् ।जस्तैः टेप रेकर्ड, रेडियो, ग्रामोफोन आदि । श्रव्य सामग्री निर्माण र प्रयोग गर्दा सबैले सुन्न सक्ने सामग्रीको व्यवस्था गर्नु पर्दछ । यस्ता सामग्रीको प्रयोगपछि सिकारुले पुनः नक्कल सक्नु उपयुक्त मानिन्छ । श्रवण सम्बन्धी समस्याहुने स्रोताहरुका लागि वैकल्पिक व्यवस्था समेत गरिनु पर्दछ । यस्ता शैक्षिक सामग्रीहरु सस्ता र सर्बसुलभ हुनु पर्दछ ।दृष्य शैक्षिक सामग्रीको प्रयोगमा इन्द्रियहरु सक्रिय हुने गर्दछन् । सुन्न नसकिने तर देख्न वा हेर्न सकिने सामग्रीहरु यस्ता शैक्षिक सहयोगी सामग्री अन्तर्गत पर्दछन् । दृष्य सामग्रीहरुमा वास्तविक ठोस वस्तु, चित्र र तस्वीरको प्रयोग हुने गर्दछ । दृष्य सामग्री निर्माण गर्दा साइज मिल्दो, सबैले देख्न सक्ने, उचित रङ्गको प्रयोग गरिएको हुनुपर्दछ भने सामग्रीको विकास, विस्तार र प्रयोग आवश्यकता अनुसार गर्न सकिने हुनुपर्दछ । दृष्य सामग्री निर्माणमा सामाजिक मूल्य र मान्यतालाई दृष्टिगत गर्दै पूर्व परीक्षण र संरक्षणमा समेत ध्यान पुऱ्याउनु पर्दछ ।आधुनिक शिक्षण प्रक्रियामा श्रव्य र दृष्य सामग्रीको तुलनामा श्रव्य-दृष्य सामग्रीको प्रयोग बढी हुने गरेको पाइन्छ । यस्ता सामग्रीको प्रयोगमा सम्पूर्ण इन्द्रियहरु सक्रिय रुपमा परिचालित र समन्वयात्मक रुपमा प्रयोग हुने गर्दछन् । यस्ता सामग्रीहरुको प्रयोगले सिकारुमा उत्प्रेरणाको जागरण हुने हुँदा सिकाइ स्थायी र दीर्घकालीन बन्न जान्छ । श्रव्य-दृष्य शैक्षिक सामग्रीको प्रयोगले अमूर्त ज्ञानलाई मूर्त बनाउन मद्दत पुऱ्याउने हुँदा नदेखेका वस्तु, घटना र वातावरण आदिको पनि प्रत्यक्ष जानकारी गराए समान हुन जान्छ । यस्ता शैक्षिक सामग्रीको

प्रयोगले व्यक्तिगत विभिन्नताका आधारमा विद्यार्थी केन्द्रित शिक्षण पद्धति र क्रियाकलायलाई बढावा दिंदै अपेक्षित धारणा र व्यवहारको यथोचित परिवर्तनमा टेवा पुग्नुका साथै शिक्षकलाई आफ्नो कार्यप्रति बढी सचेत, सजग र इमान्दार बनाउन समेत महत्वपूर्ण योगदान पुग्दछ (श्रेष्ठ र बस्न्यात, २०६५) ।

## १.२ समस्याको कथन

प्रत्येक वर्ष नेपालका सामुदायिक विद्‍यालयहरुमा नेपाल सरकारले १६% भन्दा बढी रकम शैक्षिक क्षेत्रमा विनियोजन गरेतापनि सामुदायिक विद्‍यालयको प्राथमिक तह देखि माथिल्लो तह सम्मको सिकाइ उपलब्धि सन्तोषजनक रहेको पाइदैन । शैक्षिक सामग्रीको उपलब्धताको कमिले गर्दा अध्ययन कार्य गर्न नसक्नु त होइन ? राज्य तथा विद्‍यालयसँग सरोकार राख्नेहरुले शैक्षिक सामग्री परिपूर्ती गर्न नसकेको त होइन ? शैक्षिक सामग्री निर्माण, संकलन, प्रयोग जस्तो गुणहरुको कमी त शिक्षकहरुमा  भएको होइन ? शैक्षिक सामग्रीको अभाव, कम प्रयोग, संकलन, निर्माण, तथा व्यवस्थापन कमीको कारण वास्तवमै शैक्षिक उपलब्धीमा कमी तथा विद्‍यालयको शैक्षिक पक्ष दिनाउदिन न्युन भएको भन्न सकिन्छ वा सकिदैन, यसै विषयवस्तुलाई समेटी एउटा अध्ययनको विषय बनाएको छ ।

शैक्षिक सामग्रीलाई योजनाबद्ध एवम् प्रभावकारी ढंगले प्रयोग गरी बालबालिकाहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने हैसियतले शिक्षाको विकाससंगै शैक्षिक सामग्रीको पनि वैज्ञानिकीकरण हुँदै आएको ऐतिहासिक पृष्ठभूमि छ । शैक्षिक सामग्रीको सम्बन्धमा १५ औं शताब्दीदेखि विकास हुँदै आएको भनिए तापनि सामग्री निर्माणका लागि तालिमको अभाव, दक्ष जनशक्तिको अभाव र उपयुक्त सामग्री भण्डारण गर्ने ज्ञानको कमीले गर्दा प्रभावकारी शिक्षणका लागि शैक्षिक सामग्रीको प्रयोगमा समस्या देखिदै आएको छ ।

शैक्षिक सामग्रीको प्रयोग खास गरी विद्यार्थीको कक्षा शिक्षणमा रोचकता एवं उत्साहपूर्ण वातावरण सिर्जना गर्नका लागि अपरिहार्य रहेको देखिन्छ । त्यसमा पनि प्राथमिक तहका बालबालिकालाई ि शक्षण गर्दा अनिवार्य रुपमा शैक्षिक सामग्री प्रयोग गरिएन भने शिक्षण प्रभावकारी बन्न सक्दैन । तर विद्यालयको भौतिक, शैक्षिक, सामाजिक र आर्थिक व्यवस्थापनमा देखिने कमजोरीले सबै विद्यालयहरुमा समान रुपमा शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग हुन सकेको देखिदैन । त्यसैले विद्यार्थीको शिक्षण सिकाइमा पनि समान प्रभाव नरहेकोले तुलनात्मक रुपमा लेखाजोखा गर्न समस्या रहँदै आएको देखिन्छ ।

शिक्षाको योजनाबद्ध विकास गर्न तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि वि.सं. २००७ सालपछि जति आयोग गठन गरिए पनि, घरघरमा शिक्षाको पहुँच पुऱ्याउन सुझाव दिइए तापनि त्यसको जुन रुपमा कार्यान्वयन हुनुपर्ने हो त्यो हुन सकेको देखिंदैन । त्यसैले सन्तोशजनक शिक्षा क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । वर्तमान परिप्रेक्ष्यमा शिक्षाको पहुँच अभिवृद्धि गर्न विद्यालय र समुदायवीच अन्योन्याश्रित सम्बन्ध रहनु पर्दछ । जसले शैक्षिक सामग्री निर्माण र प्रयोगमा महत्वपूर्ण भूमिका खेल्दछ । तर कतिपय कुरा नियाल्ने हो भने अझ पनि यस्तो सम्बन्धमा सुधार आउन सकेको देखिंदैन । त्यसैले सबै विद्यालयहरुमा शैक्षिक सामग्री व्यवस्थापन र प्रयोगमा समान रुपमा सुधार गर्न र शिक्षण कार्यलाई प्रभावकारी बनाउन वा समान रुपमा विकास गर्न समस्या नै रहँदै आएको छ ।

शैक्षिक सामग्रीको उचित प्रयोगबाट विषयवस्तुलाई सरल ढंगले सिकारु समक्ष पुऱ्याउन सकिन्छ तर यस्तो नभएर विषयवस्तुसंग मेल नखाने, खर्चिला र सहजै प्राप्त गर्न नसकिने शैक्षिक सामग्रीको प्रयोग भएमा शिक्षण कार्य अर्थहीन बन्न पुग्दछ । तसर्थ शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग गर्नका लागि योग्य जनशक्ति आवश्यक पर्दछ । तर सबै प्राथमिक विद्यालय वा तहका लागि त्यस्ता योग्य शिक्षकहरुको अभावले गर्दा शैक्षिक सामग्रीहरुो उचित व्यवस्थापन र प्रयोगमा समस्या रहँदै आएको साथै तालिमका नाममा सरकारबाट भएको लगानी कार्यान्वयन पक्ष र अनुगमन पक्ष फितलो रहँदा देखिएका समस्या र तिनको निराकरणका उपायको खोजीलाई समस्याको उपमा उठान गरिएको छ ।

शैक्षिक सामग्रीको निर्माण र प्रयोगका बारेमा विभिन्न लेख, प्रतिवेदन, समीक्षा, टिप्पणी र विश्लेषण गरिएको पाइएतापनि कक्षागत वा तहगत आधारमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था अध्ययन आजसम्म नभएको पाइएकोले प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था अध्ययनलाई समस्याको रुपमा लिई शोध कार्य गरिएको छ ।

यस समस्या कथन अन्तर्गत निम्न बुँदाहरुको आधारमा अध्ययनलाई अगाडि बढाइएको छ ।

- सम्बन्धित विद्यालयको प्राथमिक तहका लागि शैक्षिक सामग्रीको उपलब्धता के कस्तो छ ?

-शैक्षिक सामग्री उपलब्ध हुनमा के कस्ता कठिनाइ छन् ?

-शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो रहेको पाइन्छ ?

-विद्यालयमा शैक्षिक सामग्री प्रयोगका लागि तालिम प्राप्त शिक्षकको अवस्था कस्तो रहेको छ ?

-शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइको उपलब्धिमा के कस्तो परिवर्तन ल्याएको छ ?
-उपलब्ध शैक्षिक सामग्री प्रयोग हुन नसक्नुमा कसको कमजोरी देखिन्छ ?

## १.३. अध्ययनको औचित्य

कुनै पनि अनुसन्धान कार्य गर्नुका पछाडि उक्त अनुसन्धानको महत्व रहेको हुन्छ । यस अनुसन्धानको पनि उच्च महत्व रहेको छ । विद्यालयको व्यवस्थापकीय प्रभावकारी योजना र त्यसको समुचित कार्यान्वयनबाट मात्र विद्यालयको चौतर्फी विकास भई शैक्षिक प्रगतिमा सुधार आउने गर्दछ । विद्यालय एउटा सानो समुदाय हो । यो त्यही समुदायको उत्थानको लागि स्थापना भएको हुन्छ । प्रस्तुत शीर्षकमा शोध कार्य गर्नुको मूल औचित्य प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगले सिकारुको सिकाइ उपलब्धिमा पार्ने प्रभावलाई प्रष्ट्याउन शैक्षिक सामग्रीको प्रयोगको अवस्था पत्ता लगाइ त्यसमा देखिएका समस्याको समाधानका उपाय बारे सुझाव पेश गर्नु रहन जान्छ ।

गुणस्तरीय शिक्षा प्रदान गर्न प्रभावकारी सिकइ प्रकृया महत्वपूर्ण रहन्छ । शैक्षिक सामग्रीको व्यापक प्रयोगले सिकाइ उपलब्धि वृद्धि, शिक्षण कार्य रोचक, विद्यार्थीको नियमितता, विद्यार्थी सक्रियता हुन्छ भन्ने कुरामा दुइमत देखिदैन । त्यसैले प्रस्तुत अध्ययन सहज, तथा दिगो सिकाइका लागि महत्वपूर्ण हुने आशा गरिएको छ । गुणस्तरीय शिक्षा नारामा मात्र सिमित रहेको देखिएको किनकी सामुदायिक विद्यालयको सिकाइ उपलब्धि दिन प्रतिदिन ओरालो लागेको अवस्था सबैमा सर्व विदितै छ त्यसैले यस अध्ययनले सरोकारवाला पक्षहरुका लागि मार्गदर्शकको काम गर्न सक्नेछ भन्ने विश्वस्त हुन सक्ने देखिन्छ ।

विद्यालयको चौतर्फि विकासमा शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहन्छ । विद्यार्थीको उमेर र रुची अनुसारको शै. सामग्रीहरुको अति महत्वपूर्ण रहन्छ । यसरी शै. सामग्रीहरु सही तरिकाले प्रयोग, व्यवस्थापन, संकलन, निर्माण, भण्डारण गर्दा विद्यार्थीहरुको सिकाइमा प्रभावकारीता ल्याउदछ र शिक्षण कौशल वृद्धि हुन जान्छ ।

जस अन्तर्गत प्राथमिक तहमो शैक्षिक सामग्रीको निर्माण एवं संकलन प्रक्रिया के कस्तो रहेको छ ? उक्त सामग्रीहरुको व्यवस्थापन र प्रयोगको प्रभावकारिता के कस्तो रहेको छ ? प्राप्त सामग्री प्रयोग र नयाँ सामग्री निर्माणका लागि दक्ष जनशक्ति अवस्था के कस्तो रहेको छ ? सम्बन्धित पक्षलाई तालिमको व्यवस्था छ छैन ? र शैक्षिक सामग्री निर्माण, व्यवस्थापन र प्रयोगमा देखिएका समस्या समाधानका लागि के कस्ता उपाय अपनाउन सकिन्छ भन्ने विषयमा सरोकारवाला

पक्षले सहजै शोधको अध्ययन पश्चात स्पष्ट हुने अवसर प्राप्त गर्नेछन् । यस अध्ययनले शिक्षक र विद्यार्थीहरुलाई मात्र नभएर अभिभावक, प्रशिक्षक, पाठ्यक्रम निर्माता, विषय विज्ञ जस्ता व्यक्तिहरुलाई समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फाइदा पुऱ्याउँछ । प्राप्त नतिजाले शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य रहेको कुरा पुष्टि गर्नुका साथै शिक्षक, विद्यार्थी लगायत सम्बन्धित पक्षलाई शैक्षिक सामग्रीको प्रयोगबाट प्राप्त ज्ञान स्थायी रहने कुराको आत्मसात् गराउँछ । यस अध्ययनले सम्बन्धित क्षेत्रका मात्र नभई शिक्षासंग आवद्ध सम्पूर्ण पक्षलाई शैक्षिक सामग्री प्रयोगमा अग्रसर गराउँछ भने शैक्षिक सामग्रीसंग सम्बन्धित अन्य विषयहरुका अनुसन्धान कार्य गर्नमा यो एक स्रोतको रुपमा उपयोगी हुने विश्वास र राखिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्र अध्ययनका लागि निम्नानुसार उद्देश्यहरु राखिएका छन् :-

क) प्राथमिक तहमा शैक्षिक सामग्रीको उपलब्धताको स्थिति पत्ता लगाउनु,

ख) प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रभावकारीता पत्ता लगाउनु

ग)प्राथमिक तहमा शैक्षिक सामग्री उपलब्धता र प्रयोगमा देखिएका समस्या पत्ता लगाउने ।

घ) प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानका उपाय सम्बन्धित पक्षलाई सुझाउनु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

यस शोध कार्य पूरा गर्नका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु राखिएका छन् :

क) प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था कस्तो छ ?

ख) शैक्षिक सामग्री उपलब्ध हुन नसक्नु र भएका सामग्री प्रयोगमा आउन नसक्नुका कारण के के हुन् ?

ग) प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगलाई निरन्तरता दिन के गर्नु पर्दछ ?

घ) सरोकारवाला सबै पक्षमा शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोग अत्यावश्यक रहेको छ भन्ने धारणा विकास गर्न के गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

अनुसन्धानको एक महत्वपूर्ण तत्वका रुपमा लिइने अध्ययनको सीमाले कुनै पनि अनुसन्धान कार्यलाई वस्तुगत,विशिष्ट र छरितो बनाउन मद्दत गर्दछ । सीमित र निश्चित प्रयोजनका लागि प्रस्तुत यो शोधपत्रमा प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था पत्ता लगाइ आवश्यक सुधारका लागि सुझाव समेत पेश गरिएको छ । शोध अध्ययन कार्य सम्पन्न गर्न समय, स्रोत र साधनलाई मध्यनजर राखी निम्न परिसीमा कायम गरिएको छ ।

क) ताप्लेजुङ्ग जिल्ला, लेलेप गा.वि.स.भित्रका विद्यालयहरु श्री सावित्री प्रा.वि. लेलेप-२, श्री लावाजीन प्रा.वि. लेलेप-४ र लुङथुङ प्रा.वि. लेलेप-६ गरी जम्मा तीन प्रा.वि.हरुमा सीमित गरिएको छ ।

ख) यस अध्ययनलाई पूरा गर्न छनौटमा परेका विद्यालयहरुको प्राथमिक तहमा मात्र सीमित गरिएको छ ।

ग) यो अध्ययन पूरा गर्न छनौटमा परेका विद्यालयमा प्राथमिक तहमा प्रयोग भइरहेका र हुन सक्ने सम्भावनाका शैक्षिक सामग्रीहरुमा सीमित गरिएको छ ।

घ) शोध कार्य पूरा गर्न छनौटमा परेका विद्यालयका प्र.अ. १/१ जना गरी ३ जना, अध्यापनरत ३/३ शिक्षक गरी ९ जना र अध्ययनरतविद्यार्थीमध्ये १०/१० जना गरी ३० जना, वि.व्य.स. ३/३ जना गरी जम्मा ९ जना र स्रोतव्यक्ति १ जना गरी जम्मा ५२ जना भित्र सीमित गरिएको छ ।

ङ) शोधकार्य सम्पन्न गरिने अवधि ३ महिनाको हुनेछ भने शोध कार्यबाट प्राप्त प्राप्ति र निष्कर्षलाई विद्यालय क्षेत्रमा लागू गरिएको छ ।

शैक्षिक वर्ष २०७०/०७१ मा विद्‌यालयमा रहेका शैक्षिक सामग्रीहरुको अवस्थालाई मात्र लिइएको छ ।

## १.७ अध्ययनमा प्रयुक्त शब्दावलीहरुको परिभाषा

शोध अध्ययन कार्यमा प्रयोग गरिएका शब्दहरुको  अनुरुप अर्थ लागोस् भन्ने हेतुले पारिभाषिक शब्दावलीको परिभाषा निम्नानुसार गरिएको छ ।

| | | |
|---|---|---|
| प्राथमिक तह | : | कक्षा १ देखि ५सम्म |
| शैक्षिक सामग्री | : | शिक्षण सिकाइ क्रियाकलापलाई सहज र प्रभावकारी बनाउन कक्षाकोठामाप्रयोग गरिने सामग्री |
| अभिभावक | : | विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावक भनी विद्यालयको अभिलेखमा उल्लेख भएका व्यक्तिहरु |
| शिक्षक | : | विद्यालयमा अध्यापन गर्ने व्यक्ति |
| विद्यार्थी | : | विद्यालयमा अध्ययन गर्ने छात्र-छात्रा भनी अभिलेखमा उल्लेख भएका व्यक्तिहरु |
| पहुँच | : | विद्यालयको अवसर र त्यसको स्थिति |
| उपलब्धि | : | शिक्षण सिकाइ कार्यबाट आएको परिवर्तनको परिणाम |
| क्रियाकलाप | : | शिक्षण सिकाइका लागि गरिने विभिन्न कार्य |
| विधि | : | प्रयोग गर्ने तरिका |
| सिकाइ | : | ज्ञान, सीप, क्षमता आर्जनका लागि गरिने प्रयत्न |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

शैक्षिक जगतसंग सम्बन्धित विविध विषयमा अध्ययन भइरहेका छन् । यस्ता अध्ययनलाई नबुझ्री एउटा अनुसन्धाताले पूर्ण सूचना तथा ज्ञान प्राप्त गर्न कठिन हुन्छ । छनौट गरिएको यस शोध कार्यले पनि यस्ता कुनै न कुनै अध्ययनलाई छोएकै हुने छ । तिनै अध्ययन अनुसन्धानको परिधि भित्र रही गरिएको यो एक अर्को अनुसन्धान हुनेछ । यस शोध शीर्षकसंग सम्बन्धित विभिन्न विचारहरुको सैद्धान्तिक अध्ययन गरिनुका साथै विभिन्न शिक्षाविद तथा संघसंस्थाले शैक्षिक सामग्री र यसको प्रयोग सम्बन्धी गरेको अध्ययन र प्राप्त निचोडहरुलाई शोध कार्य पूरा गर्ने सिलसिलामा पुनरावलोकन गरिएको छ ।यस परिच्छेदमा सर्वप्रथम अध्ययनसंग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन राखिएको छ भने दोस्रो र तेस्रोमा क्रमशः सैद्धान्तिक खाका र शैक्षिक उपादेयतालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

हाडा (२०५९) ले उल्लेख भए अनुसार गुणस्तरीय शिक्षण सामग्री र वातावरणको अपरिहार्यता शीर्षकका अनुसार शिक्षण कार्यलाई मूर्तरुप दिनका लागि विद्‍यालयहरुमा योग्यता प्राप्त, तालिम प्राप्त दक्ष एवं अनुभव जनशक्तिको आवश्यकता पर्दछ । जति सुकै भौतिक सुविधाले सुसम्पन्न भएतापनि विद्‍यालयहरु एउटा असल दक्ष शिक्षकको अभावमा शिक्षण कार्य प्रभावकारी बन्न सक्तैन भन्ने कुरा लाई ध्यानमा राखी शिक्षकको व्यवस्थापन गर्न विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

शिक्षाले ठाउँ पाउन कुनै कुरा वा समस्यामा सिकारुको चाख हुनुपर्दछ । यसकै कल्पनामा छोडिदियो भने ऊ स्वयं यो कुरा पत्ता लगाउँछ र कुनै कुनै समयमा यस शिक्षाको उच्च वाञ्छनीय पद्धति खडा गर्दछ, तर विद्यार्थीलाई बाटो देखाउन समस्याको अध्ययन गर्ने उपाय, सूचना स्रोत इत्यादिको सुझाव दिन शिक्षक प्राय उपस्थित रहन्छ, तर शिक्षक र विद्यार्थी दुवैलाई शिक्षाको राम्रो अनुभव बढाउन शिक्षा सम्बन्धी साधन नपाउनु जस्तो निराशाजनक अरु कुनै कुरा हुदैन । एकांकी अनुसन्धान र प्रयोग शिक्षाका प्रभावकारी पद्धति हुन, परन्तु यी कार्यशीलता पनि शिक्षा सम्बन्धी साधनहरुको अभावमा टुट्दछन् । (शर्मा, २०५९ : पृ.१०५)

नयाँ तरिकाबाट सिकाउन बढ्ता शिक्षण सामग्रीहरुको प्रयोग हुनुपर्दछ । पाठ्यपुस्तक सबैभन्दा महत्वपूर्ण शिक्षण सामग्री हो । यो देशभर प्रचलित एउटै मात्र शिक्षण सामग्री हो । तसर्थ यसलाई सकेसम्म उच्च स्तरिय बनाउने प्रयास गर्नु परेको छ । (शर्मा, २०५९ : पृ.२३६)

पाठ्यपुस्तकको मस्यौदा तयार पार्ने, बाहिरका लेखकले तयार गरेको पाण्डुलिपी सम्पादन गर्ने, पाठ्यपुस्तक छाप्ने, आवश्यक तस्वीर र अरु व्यवस्था मिलाउने, पाठ्यपुस्तक देशभर वितरण गर्ने व्यवस्था मिलाउने, प्राथमिक विद्यालयका शिक्षकहरुको तलबभत्ता तथा मसलन्दको लागि चाहिने सम्पूर्ण रकम (तत्कालिन श्री ५ को सरकार) हाल नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त हुनुपर्ने र विद्यालयहरुको शैक्षिक विस्तार र गुणस्तर वृद्धिको लागि विशेषतः स्थानीय स्रोत र साधनलाई प्रयोग गरिनु पर्ने सुझाव रा.शि. आयोगको प्रतिवेदन २०४९ मा उल्लेख गरिएको छ ।(शर्मा, २०५९ : पृ.८०८)

पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रलाई एउटा राष्ट्रिय स्तरको स्वायत्त र दरिलो संस्थाको रुपमा विभिन्न दक्ष व्यक्तिहरु सम्मिलित गरी विकास गरिनुपर्दछ । यसले शिक्षक सम्पूर्ण प्राविधिक पक्ष जस्तै : पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षण विधि, निरीक्षण प्रविधि र मूल्यांकन तथा परीक्षा सुधार आदि क्षेत्रहरुमा गुणात्मक विकास र निर्माण कार्य गरी यस क्षेत्रमा रहेको ठूलो कमीलाई पूरा गर्न सक्नुपर्दछ, शिक्षाको गुणात्मक विकासका लागि यसलाई सबैभन्दा महत्वपूर्ण पूर्वसर्तको रुपमा लिइनु पर्दछ । विद्यालयको सु-संचालनका निम्ति भौतिक पूर्वाधार र सुविधा अत्यावश्यक हुन्छन् । तर राम्रो सिकाइ उपलब्धीका निम्ति भने शैक्षिक एवम् शैक्षणिक सामग्रीको भूमिका उच्च हुन्छ । त्यसैले हाम्रा विद्यालयहरुमा भौतिक संरचना सिर्जना गर्नगरिँदै आएको प्रयास र आर्थिक लगानीलाई शैक्षिक/सिकाइ सामग्रीतर्फ मोड्न अब ढिला गरिन हुन्न (विश्वकर्मा, २०७० : पृ.२०) ।

नदेखेको कुरा घटना र वातावरणको प्रत्यक्ष जानकारी दिन सिकाइ सामग्रीको प्रयोग रामवाण सावित हुन सक्छ । त्यसैले आधुनिक शैक्षिक पद्धतिमा शैक्षिक गुणस्तरका लागि शैक्षिक सामग्रीको महत्व र औचित्य अहं रहेको कुरा निर्विवाद छ (काफ्ले, २०७०: पृ.२७) ।

जे सिकाउने हो त्यो गराउनु पर्दोरहेछ । ज्ञानको निर्माण नै काम गरेर, खोजेर, देखेर, सुँघेर, चाखेर, परिक्षण र प्रयोगहरु गरेर हुने रहेछ । जबसम्म ज्ञान र सीपलाई बानीमा रुपान्तरण गर्न सकिन्न तबसम्म त्यसको कुनै अर्थ रहन्न । बानीमा रुपान्तरित भएपछि मात्र त्यसले नतिजा दिन्छ । एक, दुई पटक गरेर केहि हुन्न (घिमिरे, २०७०: पृ. ३१-३४)

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन उपयुक्त प्रविधिको प्रयोग, त्यस्तो प्रविधिको सिर्जना र व्यवस्थापन गर्ने सबै प्राविधिक कार्यहरु शैक्षिक प्रविधि अन्तर्गत पर्दछन. । त्यस्तै शिक्षण कार्यसँग सम्बन्धित विज्ञानलाई शिक्षणकलाका रुपमा प्रयोग गरिने विधि वा प्रविधिहरु शैक्षणिक विधि अन्तर्गत पर्दछन । यस्तो प्रविधिले शिक्षण कार्यलाई सहज बनाउँछ । विद्यार्थीलाई सिक्न सहयोग गर्दछ । अर्को शब्दमा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन उपयोग गरिने आधुनिक र वैज्ञानिक ज्ञानको व्यवस्थित प्रयोगलाई शैक्षणिक प्रविधि भनिन्छ । शैक्षणिक प्रविधि भित्र मुख्य दुई कुरा पर्दछन् । एउटा शिक्षण प्रविधि र अर्को सिकाइ प्रविधि (पौड्याल, २०७०: पृ.४२)।

Roblyer (2008)का अनुसार सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षण विधिलाई शिक्षक केन्द्रित विधिबाट विद्यार्थी केन्द्रित विधिमा रुपान्तरण गर्न सजिलो भएको छ । शिक्षक केन्द्रित शिक्षण विधिको ठाउँमा सिकारु केन्द्रित शिक्षण विधिको शुरुवात गर्नु अहिलेको पाठ्यक्रमको मुद्दा हो । यसले विद्यार्थीहरुमा उत्प्रेरणा जगाउँछ । शैक्षणिक विधिलाई प्रभावकारी बनाउँछ । शिक्षक तथा विद्यार्थीको उत्पादनशीलतामा वृद्धि गर्छ र सूचना युगका लागि आवश्यक सीप हासिल हुन्छ ( पौड्याल, २०६८: पृ. १३) ।

काफ्ले वासुदेव र साथीहरु (२०६१) अनुसार आजको युग विज्ञान र प्रविधिको युग हो । हरेक क्षेत्रमा अछुतो नरहेको वैज्ञानिक प्रविधि आज शिक्षा क्षेत्रबाट पनि टाढिन सक्दैन । फलतः शिक्षा क्षेत्रमा भएका परम्परागत सिकाइ शैली र उपकरणहरुलाई वैज्ञानिक सिकाइ पद्धति र आधुनिक साधनहरुले विस्थापित गऱ्यो । चक, डस्टर र कालोपाटीका अतिरिक्त रेडियो, टेपरेकर्डर, टेलिभिजन, कम्प्युटर, इन्टरनेट जस्ता साधनहरुले शिक्षा क्षेत्रलाई आधुनिक युगसँग समयानुकूल ढंगले डोऱ्याउन थालेको छ ।

शैक्षिक प्रविधिले शिक्षण र सिकाइ सम्बन्धी व्यवहारवादी विज्ञानलाई समावेश गरेको हुन्छ । जुन प्याभलभ, स्किनर र वाट्सनले प्रवर्तन गर्ने तथा स्वरुप दिने कार्य गरेका हुन् । स्किनरका अनुसार मावनीय व्यवहारलाई पुनर्बलद्वारा परिवर्तन गर्न सकिन्छ । शैक्षिक प्रविधि प्रविधिको त्यो शाखा हो जसले विज्ञान, मनोविज्ञान, समाजशास्त्र, सञ्चार आदिको सिद्धान्त र धारणालाई आधार मान्दछ(पौड्याल, २०६८: पृ.१३)

गुणस्तरीय शिक्षण सामग्री र वातावरणको अपरिहार्यता शीर्षकका अनुसार विद्वानहरुको यस भनाइलाई मूर्तरुप दिनका लागि पनि विद्यालयमा योग्यता प्राप्त, तालिमप्राप्त, दक्ष र अनुभवी

शिक्षकको सेवा उपलब्ध छैन भने प्रभावकारी शिक्षण दिन सकिदैन भन्ने कुरालाई ध्यान दिनुपर्ने देखिन्छ (हाडा, २०५९) ।

शैक्षिक सामग्रीको प्रयोगले पाठलाई स्पष्ट गराउँदछ । प्रस्तुत धारणालाई छर्लङ्ग पार्दछ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराइराखेको हुन्छ । शैक्षिक सामग्रीको अभावमा शिक्षकलाई शिक्षण गर्न कठिन हुने मात्र नभइ बालबालिकाका लागि सिकाइ अरुचीकर हुन्छ । उपुक्त विन्दुमा उपयुक्त शैक्षिक सामग्रीको प्रयोगबाट विषयको धारणा स्पष्ट हुन्छ । उदाहरणको लागि चित्र, नक्सा, चार्ट, नमुनाको अवलोकन र सामग्री निर्माण कार्यमा विद्यार्थीहरुलाई सहभागी बनाइएमा शिक्षण ज्ञानवर्द्धक र अनुभवप्रद हुनसक्छ । यसरी समुचित शिक्षण सामग्रीको उचित मात्रामा प्रदर्शन र प्रयोग हुन सके शिक्षण अझै प्रभावकारी हुनुका साथै शिक्षाको राष्ट्रिय उद्देश्यले गुणस्तरिय शिक्षाको जुन अपेक्षा गरेको छ त्यो पूरा हुनसक्छ (सेरिड, २०५९) ।

आर्थिक दृष्टिकोणले पिछडिएको हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा शैक्षिक सामग्रीको प्रयोग एक अनावश्यक आर्थिक बोझ हो भन्ने भनाइ पनि कहिँ कही सुनिन्छ । विदेशी, बढी मोल पर्ने, उच्च स्तरका शैक्षिक सामग्री प्रयोगमा ल्याउनु भन्दा स्थानिय प्रयासबाट निर्मित सुपथ मूल्यको शैक्षिक सामग्रीको प्रयोगले पठनपाठनलाई बढी प्रभावकारी बनाउँदछ । साथै सुपथ मूल्यमा पाइने स्थानीय सामग्री, पठनपाठनलाई बढी प्रभावकारी बनाउँदछ । साथै सुपथ मूल्यमा पाइने स्थानीय सामग्री, सरल, चिरपरिचित हुनुका साथै सजिलै पाइने हुनाले यस्ता शैक्षिक सामग्रीको सदुपयोगबाट विद्यार्थीहरुमा बढी सकारात्मक प्रभाव पार्दछ (सेरिड, २०५९) ।

हाम्रो देशमा शिक्षक तालिमलाई ठूलो महत्व दिइ यसमा प्रशस्त लगानी गरिएता पनि तालीमबाट सन्तोषजनक परिणाम हासिल गर्न सकिएन भन्ने गुनासो सुनिएको छ । त्यसैले सम्बन्धित संस्थाहरुको तालिम प्रभावकारी बनाइ यसबाट विद्यालयका कक्षाकोठामा उपयोग गरी बालबालिकाहरुलाई नवीनतम ज्ञान तथा सीप प्रदान गर्न सकेमा देशले सोचे अनुसारको सक्षम जनशक्ति प्रष्ट गर्ने आशा गर्न सकिन्छ । तालिम प्राप्त शिक्षकबाट स्थानीय तथा कम मूल्यका शैक्षिक सामग्रीहरुको अत्याधिक मात्रामा उपयोग हुन सके विश्वका बालबालिकासँग हाम्रा बालबालिका कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्षम हुन्छन भन्ने विश्वास गर्न सकिन्छ (सेरिड, २०६०)।

त्यसैले समग्रमा भन्नु पर्दा बालबालिकाको अन्तरनिहित क्षमताको विकास गरी सिकाइलाइ स्थायित्व प्रदान गर्न शैक्षिक सामग्रीको प्रयोग हुनु अनिवार्य देखिन्छ । त्यसमा पनि श्रव्य-दृष्य

सामग्रीको प्रयोगलाई बढवा दिनु समय सान्दर्भिक आवश्यकता हो भन्ने निष्कर्ष माथि उल्लेखित परिभाषाबाट पुष्टि भएको कुरा सहर्ष स्वीकार गर्न सकिन्छ ।

उल्लेखित साहित्यहरुको अध्ययन गर्दा प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था अध्ययन बारे कुनै पनि अनुसन्धान भएको नदेखिएकोले यो शोध अध्ययन कार्य एक नयाँ र भिन्न अध्ययन रहने विश्वास गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययन कार्यलाई तथ्यपरक र सैद्धान्तिक समर्थन गर्न मुख्य गरी प्याभलवको व्यवहारवाद र भिगोत्स्कीको निर्माणवाद सिद्धान्तलाई आधार मानिएको छ । २० शताब्दीभन्दा अघि सिकाइमा तर्क र परिकल्पनाको मुख्य भूमिका रहने कुरामा जोड दिइन्थ्यो । तर जब सिकाइमा आधुनिक व्यवहारवादी सिद्धान्तहरुको प्रचुरता बढ्दै गयो, त्यसपछि सिकाइलाई अभ्याससंग जोडेर हेर्न थालिएको पाइन्छ । मानव सिकाइमा अभ्यास वा तालिमले सकारात्मक प्रभाव पार्दछ भन्ने अवधारणा प्याभलवले आफ्नो प्रमुख सिद्धान्त शास्त्रीय प्रत्यावर्तन सन् १९०४ मा उल्लेख गरेका छन् । उनले सिकाइलाई आशा-प्रेरणा-पुनर्वल र बाधक वा उत्तेजनाहरुको अनुपस्थिति जस्ता तत्वहरुले प्रभाव पार्ने कुरा उल्लेख गरेका छन् । प्याभलवले जनावरमाथि गरेको प्रयोगबाट यो सिद्धान्तको प्रतिपादन गरे तापनि यसका कतिपय सिद्धान्तहरु मानव सिकाइको प्रयोगसंग सम्बन्धित छन् । यस सिद्धान्तमा प्रत्यक्ष रुपमा सामग्रीको प्रयोग गरी तालिम लिनु र दिनु सिकाइको अनिवार्य सर्तका रुपमा चर्चा गरिएको छ । यस सिद्धान्तमा प्रारम्भदेखि नै प्राणीहरुलाई तालिम दिन प्रयोग गरेको पाइन्छ । घरमा पालिने जीवजन्तु कुकुर, बिरालो, चरा लगायत विभिन्न सिनेमा, नाटक आदिमा प्रयोग गरिने जीवजन्तुलाई आवश्यक तथा अपेक्षित कार्य गराउन पनि यो सिद्धान्त प्रयोग गरिन्छ । जुनसुकै कार्य गर्नका लागि प्रत्यक्ष प्रयोगको सिकाइ जीवजन्तुमा मात्र नभई मानवका अन्य अपेक्षित व्यवहार परिवर्तन गर्न यो सिद्धान्तको प्रयोग उपयुक्त हुने देखिएकोले यस अनुसन्धान कार्यसंग सम्बन्धित गराइएको हो ।

भिगोत्स्कीको निर्माणवाद सन् १९८० अनुसनर तालिम वा व्यवहारिक प्रयोग एक व्यवहार निर्माण गर्ने राम्रो माध्यम मानिन्छ । निर्माणवाद सिकाइ सिद्धान्तको सबैभन्दा राम्रो प्रयोग वा सहभागितामूलक सिकाइ हो । यस सिकाइ सिद्धान्तबाट सिकारुमा नयाँ अवधारणा निर्माणमा सघाउ पुग्दछ । यस सिद्धान्तमा समस्या समाधानमा संयुक्त प्रयास शिक्षणले नेतृत्व विकास गर्दछ । यस

सिद्धान्तले नयाँ ज्ञानको निर्माण, विषयगत र विधागत प्रयोग, शैक्षणिक प्रविधिमा प्रयोग जस्ता कुरामा जोड दिने हुँदा शिक्षण लक्ष्यपूर्ण र सम्बन्धित हुनुपर्दछ ।

सहभागितामूलक सिकाइले नै मानिसलाई समाजमा सफल नागरिकको रुपमा निर्माण गर्दछ । यसरी भिगात्स्कीले निर्माणवाद मार्फत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा तालिमलाई जोड दिएको पाइन्छ । तालिम भनेकै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सामग्री प्रयोगमा जोड दिनु हो । कुनै पनि मानिसलाई समाजमा समायोजन हुन शिक्षा चाहिन्छ । शिक्षा भएको मानिस नै परिवर्तनशील समाजसंग घुलमिल हुन सक्छ । त्यसैले सफल व्यक्ति निर्माण गर्ने आधार शिक्षा हो भने त्यस्तो शिक्षा प्राप्त गर्न उचित तरिका र सही शिक्षण हुनुपर्दछ । उचित शिक्षण कार्य गर्नका लागि दक्ष शिक्षक हुनुका साथै कक्षा शिक्षणमा दक्षताको आधारमा शैक्षिक सामग्रीको प्रयोग पनि अपरिहार्य भएकाले यस अध्ययनसंग भिगोत्स्कीको निर्माणवादले उचित मार्ग निर्देश गर्ने हुँदा अध्ययनको सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ ।

यस अध्ययनमा शैक्षिक सामग्रीको निर्माण र प्रयोगले शैक्षिक उपलब्धिमा पार्ने प्रभावलाई सैद्धान्तिक ज्ञानलाई व्यवहारीक ज्ञानमा ढाल्न र व्यवहारमा लागु गर्न दिगो हुन्छ भन्ने मान्यतामा शै. सामग्रीहरुलाई पुनर्वलको रुपमा राखी अध्ययन गर्ने सैद्धान्तिक खाकालाई अध्ययनमा प्रयोगगरीएको छ समय सापेक्ष ज्ञान दिन शै. सामग्री महत्वपूर्ण छ र शिक्षण कार्यमा शैक्षिक सामग्रीसँग परिचित नहुने हो भने शिक्षण सफल र प्रभावकारी हुँदैन र नयाँ ज्ञान र प्रविधिसँग परिचित हुन तालिमको आवश्यकता पर्दछ । शैक्षिक क्षेत्रमा शै. सामग्री निर्माण र प्रयोग महत्वपूर्ण हुन्छ । सिकाई प्रभावकारी हुनका लागि विद्यालयको वातावरण, भौतिक साधनहरु, व्यवस्थित कक्षा कोठा, सामग्रीहरुको व्यवस्थापन, शै. सामग्री निर्माण कार्य र कक्षाकोठामा प्रयोग सही ढंगबाट भएमा सिकाइ सैद्धान्तिक मात्र नभई व्यवहारीक ज्ञान, सीप, धारणाको विकास गर्न सकिन्छ भन्ने मान्यतामा उपरोक्त सिद्धान्तहरुलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सरकारले वर्षेनी अत्यधिक लगानी गरेर शिक्षकलाई तालिम प्रदान गर्दै आएको छ । त्यसमा पनि प्राथमिक तह विद्यार्थीको व्यवहार परिवर्तनको मुख्य आधार भएकाले यस तर्फ झनै लगानीमा ध्यान दिएको देखिन्छ । तर पनि अपेक्षा गरे अनुसार सफल रुपमा कार्यान्वयन हुन सकेको देखिंदैन । दिनानुदिन विद्यालयहरुमा शिक्षाको गुणस्तर खस्कँदै गएको पाइन्छ । यस्तो परिणाम आउनुको पछाडि प्रभावकारी शिक्षणको अभाव एकातिर देखिएको छ भने अर्कातिर

तालिमबाट प्राप्त सीपलाई कार्य क्षेत्रमा शिक्षकले प्रयोग गरे नगरेको अनुगमनको फितलोपन हो भन्नुमा अत्युक्ति नहुने देखिन्छ । तालिमबाट प्राप्त शैक्षिक सामग्री प्रयोग सम्बन्धी सीप जबसम्म कक्षा शिक्षणसम्म पुऱ्याउन सकिँदैन तबसम्म शिक्षण कार्य प्रभावकारी भई शिक्षाको गुणस्तर उकासी अपेक्षा गरे अनुसारको परिणाम खोज्नु बालुवामा पानी लगाए बराबर मात्र हुन जान्छ । प्राथमिक तहको कक्षा शिक्षण नै अत्यधिक शैक्षिक सामग्रीको प्रयोगबाट सम्पन्न हुनु पर्दछ । किनकि प्राथमिक उमेर समूहका विद्यार्थीहरुले सुनेको कुरालाई भन्दा देखेको कुरालाई बढी महत्व दिइ सिकाइमा लगनशीलता देखाउँदछन् । सुनेको कुरा स्थायी रहन सक्दैन, जसले गर्दा परीक्षामा राम्रो नतिजा आउन सक्दैन । यसले सिकाइ उपलब्धिमा नराम्रो असर पर्न जान्छ एकातिर भने बालबालिका साथै अभिभावक र शिक्षकमा समेत नकारात्मक असर बढ्न जान्छ ।त्यसैले यस शोध अध्ययनको विषय प्राथमिक तहमा शिक्षकहरुले सिकेको शैक्षिक सामग्री प्रयोग सम्बन्धी सीप कतिसम्म कक्षा शिक्षणमा प्रयोग गर्दारहेछन् भन्ने पहिचानमा आधारित रहेको छ ।

नेपालका सरकारी विद्यालयहरुमा शैक्षिक कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी ढंगले सम्पन्न गर्न जिल्ला शिक्षा कार्यालय तथा त्यसका मातहतमा विद्यालय निरिक्षक, स्रोत व्यक्ति र स्रोत केन्द्रहरुको व्यवस्था गरिएको छ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति र प्रमुख प्रशासकको रुपमा प्रधानाध्यपक र तहगत एवं विषयगत शिक्षकहरुको व्यवस्था गरिएको हुन्छ । माथिल्लो तहमा शिक्षा विभाग र मन्त्रालयसम्मको व्यवस्था छ । विद्यालयको समग्र शिक्षा प्रणालीको विकास गर्न माथि उल्लेखित समूह र विद्यालयको वातावरणले महत्वपूर्ण प्रभाव पारेको हुन्छ । कुनै पनि विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको उपलब्धता भएर मात्र शिक्षण कार्य सफल हुने होइन । तसर्थ उक्त सामग्रीको सही तरिकाले संरक्षण र प्रयोग गर्न समयसान्दर्भिक सामग्री निर्माण गर्नका लागि आवश्यक तालिमको व्यवस्था हुनुपर्ने देखिन्छ । तालिमबाट प्राप्त सीपको प्रयोग भए नभएको अनुगमन प्रभाकारी रुपले गर्न नसकेमा तालिमको कुनै अर्थ नरहने देखिन्छ । यद्यपि स्रोत साधनको उचित तरिकाले व्यवस्थापन, संरक्षण एवं प्रयोग गर्न दक्ष जनशक्तिको अभाव र तालिम प्रयोगको अनुगमनको अभावमा शिक्षण कार्य प्रभावकारी हुन नसक्ने देखिन्छ ।

यस शोध अध्ययनमा अवलम्वन गरिएको सैद्धान्तिक खाका शैक्षिक कार्यक्रमको लगानी प्रक्रिया र उपलब्धि विकसित पाठ्यक्रमको ढाँचा र सान्दर्भिक अनुसन्धानको अध्ययनले शिक्षण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न र विद्यार्थीको सिकाइ कार्यलाई व्यवहारिक बनाउन दक्ष एवं योग्य तालिम प्राप्त शिक्षकको अपरिहार्यता देखाउँछ । त्यसैले शिक्षक तालिमको कक्षा शिक्षणमा

प्रयोग बारे जे-जस्ता विषय र प्रतिक्रिया निर्देशित छन् त्यसका आधारमा प्राथमिक तहको कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था पहिचान गर्न आवश्यक देखिएकाले यसका विविध पक्षहरुको बारेमा शोध अध्ययनलाई केन्द्रित गरी त्यसको यथार्थता प्रस्तुत गर्नु अध्ययनको मुख्य शैक्षिक उपादेयताको रुपमा लिइएको छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

अनुसन्धानमा राखिएका हरुलाई प्राप्त गर्न अनुसन्धान पद्धतिले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसले अनुसन्धानलाई प्रभावकारी रुपमा सम्पन्न गर्न मार्ग निर्देश गर्दछ । यस शोधमा प्राथमिक तहमा शिक्षकहरुले तालिमबाट प्राप्त शैक्षिक सामग्री सम्बन्धी ज्ञान वा सीपलाई कक्षा शिक्षणमा कुन हदसम्म प्रयोग गरेको छ भन्ने विषयमा अध्ययन गरिएको छ । यस अध्ययनलाई पूर्णता प्रदान गर्न सम्बन्धित सीमा क्षेत्रका विद्यालयहरुमा केन्द्रित रहेर प्राथमिक तहतर्फ अध्ययन अध्यापनरत जनसंख्या छनौट गर्नुका साथै तथ्यांक संकलनका विविध स्रोत, साधन र विधिको अवलम्वन गरिएको छ । शोध अध्ययन कार्यको उद्देश्य पूरा गर्न निम्नानुसारको अध्ययन विधि अवलम्बन गरिएको छ :

## ३.१ अध्ययनको ढाँचा र विधि

शोध कार्य एक खोजमूलक अनुसन्धान हो । यस शोध अध्ययन कार्यलाई गुणात्मक तथा परिमाणात्मक विधिमा आधारित भई व्याख्या विश्लेषण गरिएको छ । गुणात्मक ढाँचाद्वारा कुनै पनि घटना, समस्या, अथवा प्रतिक्रियाको व्याख्या विश्लेषण गरिएको छ भने संख्यात्मक ढाँचाबाट विभिन्न विषयवस्तु तथा अभिलेखसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गरिएको छ । यस अध्ययन कार्यमा तथ्याङ्क सङ्कलन व्याख्या विश्लेषणको रुपमा यिनै गुणात्मक ढाँचा र संख्यात्मक ढाँचाको मिश्रित रुपमा प्रयोग गरि यस कार्यलाई पुरा गरिएको छ ।

परिमाणात्मक विधि अन्तर्गत रहेर शिक्षकले तालिमबाट प्राप्त शैक्षिक सामग्री प्रयोग सम्बन्धी ज्ञान र सीपलाई कक्षा शिक्षणमा प्रयोग कति र कसरी गरे भनी परिमाण उल्लेख गरिएको छ भने गुणात्मक विश्लेषणमा सिकारुको उपलब्धि स्तर वा व्यवहारमा के कति र कस्तो परिवर्तन आयो भनी पत्ता लगाइएको छ ।

## ३.२ जनसंख्याको आकार तथा नमूना छनौट विधि

शोधको पूरा गर्न सम्बन्धित विद्यालयका प्राथमिक तहमा अध्ययन अध्यापनरत विद्यार्थी र शिक्षकहरुलाई जनसंख्याको रुपमा लिइएको छ । यस अध्ययनमाताप्लेजुङ्ग जिल्ला, लेलेप गा.वि.स.भित्रका विद्यालयहरु श्री सावित्री प्रा.वि. लेलेप-२, श्री लावाजीन प्रा.वि. लेलेप-४ र लुङथुङ

प्रा.वि. लेलेप-६का १/१ प्र.अ., प्राथमिक तहमाअध्यापनरत३/३ शिक्षक र प्राथमिक तहमा अध्ययनरत १०/१० विद्यार्थीहरुलाई नमूनाको रुपमा छनौट गरिएको छ ।

जनसंख्या र तथा नमूना छनौट अन्तर्गत ताप्लेजुङ्ग जिल्लाको लेलेप गा.वि.स. भित्रका सम्बन्धित विद्यालयमा कार्यरत जम्मा शिक्षक मध्ये तीन वटा विद्यालयका १/१ जना प्र.अ. गरी जम्मा ३ जना प्र.अ., १२ जना शिक्षक मध्ये तीन विद्यालयका ३/३ जना गरी जम्मा ९ जना शिक्षक साथै जम्मा १८० विद्यार्थी मध्ये १०/१० जना गरी जम्मा ३० जना विद्यार्थी, ९/९ जना वि.व्य.स. सदस्यमध्ये ३/३ गरी ९ जना र १ स्रोत व्यक्ति सहित जम्मा ५२ जनालाई अध्ययनमा नमूनाको रुपमा छनौट गरिएको छ । उक्त छनौट गर्ने मुख्य आधारहरु शोध कार्यलाई प्रभावकारी बनाउन लेलेप गा.वि.स. का तीन वटा विद्यालयलाई सम्भावनात्मक विधि र छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी लगायत स्रोतव्यक्तिलाईउद्देश्य मुलक विधिअन्तर्गत राखिएको छ ।

यस शोधकार्यको उद्देश्य पूरा गर्नका लागि नमूनाका रुपमा छनौट गरिएका प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीलाई भौगोलिकता, तथ्यांकको उपलब्धता र सहजताका आधारमा छनौट गरी अध्ययन गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

यस शोधकार्यलाई पूरा गर्न प्राथमिक तहमा प्रयोग गरिने शैक्षिक सामग्रीहरुलाई मुख्य आधार बनाइ सोसँग सम्बन्धित क्षेत्रका सरोकारवालासँग प्रत्यक्ष भेट गर्दा विभिन्न साधनहरुको प्रयोग गरी अध्ययन कार्य अगाडी बढाइएको छ ।

तालिका नं. १

अध्ययनको लागि छनोट गरिएका नमुना जनसङ्ख्याको विवरण

| क्र.सं. | विद्यालय | प्र.अ. | शिक्षक | विद्यार्थी | वि.व्य.स. | स्रोतव्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | श्री सावित्री प्रा.वि. लेलेप २ | १ | ३ | १० | ३ | १ |
| २ | श्री लावजिन प्रा.वि. लेलेप ४ | १ | ३ | १० | ३ | |
| ३ | श्री लुङथुङ प्रा.वि. लेलेप ६ | १ | ३ | १० | ३ | |
| | जम्मा | ३ | ९ | ३० | ९ | १ |

स्रोत : स्थलगत अध्ययन २०७२

यस अनुसन्धान कार्यलाई पूर्णता प्रदान गर्न लेलेप गा.वि.स. भित्रका तीन वटा विद्यालयहरु छनौट गरिएको छ । उक्त विद्यालयहरु शैक्षिक सामग्रीको निर्माण एवं संकलन गर्ने प्रक्रिया,सामग्री भण्डारण र प्रयोगको प्रभाकारीताका आधारमा छनौट गरिएका हुन् । प्रस्तुत शोध कार्यलाई प्रभावकारी बनाउनलेलेप गा.वि.स. का तीन वटा विद्यालयलाई सम्भावनात्मक विधि का आधारमा छनौट गरिने छ भने तथ्यांक संकलन गर्न छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक,विद्यार्थी लगायत स्रोतव्यक्तिलाईउद्देश्यमुलक विधिअन्तर्गत राखिएको छ ।

## ३.४ तथ्यांकका स्रोतहरु

यस शोध कार्यलाई यथार्थपरक बनाउन तथ्यांक संकलनका निम्न स्रोतहरुको प्रयोग गरिएको छ :-

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानलाई प्रभावकारी र यथार्थपरक बनाउने मुख्य आधार प्राथमिक स्रोत हो । यस अनुसन्धान कार्य पूरा गर्नका लागि शोधार्थी सम्बन्धित विद्यालयमा गएर स्थलगत अध्ययन गर्नुका साथै प्रश्नावलीका माध्यमबाट प्र.अ., शिक्षक, विद्यार्थी, विद्याालय व्यवस्थापन समिति, स्रोतव्यक्ति एवं सरोकारवालाहरुसंग लिएको तथ्यांकलाई प्राथमिक स्रोतको रुपमा लिइएको छ ।

### ३.४.२ द्बितीय स्रोत

यस अनुसन्धानलाई पूर्णता प्रदान गर्न प्राथमिक स्रोतका अतिरिक्त द्बितीय स्रोतका रुपमा विद्यालयको वार्षिक परीक्षाफलको रेकर्ड, संस्थागत प्रकाशन, पुस्तकालयीय अध्ययनका साथै सम्बन्धित सिद्धान्त र सामग्रीको अध्ययनबाट समेत तथ्यांक संकलन गरिएको छ जसलाई द्बितीय स्रोतका रुपमा लिइएको छ ।

### ३.५ अध्ययनका साधनहरु

विद्यालयको शैक्षिक प्रगतिका सूचकहरुमा हुने सकारात्मक परिवर्तनले शैक्षिक प्रगतिलाई प्रष्ट पार्दछ । विद्यालयको शैक्षिक प्रणालीमा प्रभावकारिता ल्याउनका लागि शैक्षिक सामग्रीको समग्र व्यवस्थापन र प्रयोगले पारेको प्रभावलाई आंकलन गर्न सकिन्छ । यसका लागि अध्ययनको उद्देश्य पूरा गर्न वा आवश्यक सूचना संकलन गर्न सहभागितात्मक मूलक नमुना छनौट विधिका आधारमा विद्यालय छनौट गरी विषयसंग सम्बन्धित सूचना तथा तथ्यांक संकलन गर्न विभिन्न साधनहरुको निर्माण र प्रयोग गरिएको छ ।

### ३.५.१ कक्षा अवलोकन फारम

अनुसन्धान कर्ताले  अनुरुप छनौटमा परेका शिक्षकहरुको कक्षा शिक्षण, शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगसंग सम्बन्धित सूचनाहरु आफू स्वयं उपस्थित भई कक्षा अवलोकन फारमको सहायताले सूचना संकलन गरिएको छ । सम्बन्धित क्षेत्रमा गई प्राथमिक तहका कक्षाहरु अवलोकन गरी सामग्री प्रयोगको अवस्था पत्ता लगाउनुका साथै सामग्री उपलब्धतामा देखिएका कठिनाइ र प्रयोगमा देखिएका कठिनाइ पत्ता लगाइएको छ ।

### ३.५.२ प्रश्नावली

अध्ययन कार्यलाई मूलक बनाउन नमूनामा परेका प्र.अ., स्रोतव्यक्ति, शिक्षक तथा विद्यार्थीहरुसंग छुट्टछुट्टै प्रश्नावली प्रयोग गरी शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइमा पार्ने प्रभाव सम्बन्धी धारणा लिने काम गरिएको छ ।

### ३.५.३ अन्तर्वार्ता निर्देशिका

सम्बन्धित विद्यालयका प्र.अ.तथा सम्बन्धित सरोकारवालाहरुसंग अनुरुपको अन्तर्वार्ता सूची तयार पारी आवश्यक प्रश्नावलीको माध्यमबाट जवाफ मागिएको छ। यसमा प्राथमिक तहमा अध्यापनरत शिक्षक शिक्षिकाहरुबाट पनि अन्तर्वार्ताको माध्यमबाट धारणा लिने काम गरिएको छ।

### ३.५.४ लक्षित समूह छलफल

अनुसन्धान कार्यलाई मूलक बनाउन छनौटमा परेका विद्यालयमा कार्यरत शिक्षकहरु बीच कक्षा शिक्षणमा शैक्षिक सामग्री प्रयोगका सैद्धान्तिक र व्यवहारिक पक्ष बारे छलफल गरिएको छ भने प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थी बीच कक्षा शिक्षणमा शिक्षकले शैक्षिक सामग्री प्रयोगमा देखाउने चासो र सिकाइमा थपिने उत्प्रेरणा बारे खुल्ला छलफल गरिएको छ।

### ३.६ साधनको वैधता

अध्ययन कार्यका लागि निर्माण गरिएका साधनहरुलाई उपयुक्त बनाउन साधनहरुको वैधता निर्धारण गरिएको छ।यसका लागि अनुसन्धाताले निर्माण गरेका साधनहरुलाई सहपाठी साथीहरु वीचमा छलफल गराउनुका साथै शोध निर्देशकसंग आवश्यक परामर्श लिइ सुधार गरिएको छ।

### ३.७ तथ्यांक संकलन प्रक्रिया

प्रश्नावली, अन्तर्वार्ता सूचि र लक्षित समूह छलफललाई उपयोग गरी सूचना एवं तथ्यांक संकलन गरिएको छ साथै पुस्तकालयीय अध्ययनलाई समेत प्रयोग गरिएको छ।सूचना तथा तथ्यांकबाट प्राप्त सामग्रीका आधारमा वर्णनात्मक विधि प्रयोग गरी प्राप्त सूचना एवं तथ्यांकको व्याख्या, विश्लेषण र प्रयोग कार्यलाई व्यवस्थित गरिएको छ।

अध्ययनको मुख्य  पूरा गर्न प्राथमिक तहमा अध्यापनरत शिक्षक तथा अध्ययनरत विद्यार्थीसंग सम्बन्ध राखिएको छ जो छनौटमा परेका लेलेप गा.वि.स. भित्रका विद्यालय अन्तर्गतका हुन्। शोध कार्यलाई व्यवस्थित गर्न विभिन्न तथ्यांक संकलन प्रविधि,विधि र साधनहरुको प्रयोग गरिएको छ प्राप्त तथ्यांक तथा सुझावलाई ग्रहण गरी उक्त तथ्यांक र सुझावका आधारमा शैक्षणिक प्रयोग पनि गरिएको छ।

तथ्यांक तथा सूचना संकलनका लागि तयार पारिएका साधनका आधारमा अनुसन्धाता सम्बन्धित क्षेत्रमा गई गरेको कक्षा अवलोकन, प्रश्नावलीप्रतिको धारणा,अन्तर्वार्ताको परिणामलाई प्राथमिक स्रोतका रुपमा लिइएको छ भने विद्यालयीय अभिलेख तथा पुस्तकालयीय अध्ययनबाट प्राप्त सूचनालाई द्वितीय स्रोतका रुपमा प्रयोग गरिएको छ ।

## ३.८ तथ्यांकको विश्लेषण प्रक्रिया

शोध कार्यलाई पूरा गर्न सूचना तथा तथ्यांकलाई व्यवस्थित गर्न आवश्यक हुन्छ । यसका लागि वर्णनात्मक तथा विश्लेषणात्मक विधि अपनाई व्यवस्थित गरिएको छ । विभिन्न स्रोतबाट प्राप्त तथ्यांकहरुलाई सही रुपमा बुझ्न त्यसको विश्लेषण गरिनु आवश्यक हुन्छ । विश्लेषण नगरिएको तथ्यांकले कुनै पनि परिणाम दिन नसक्ने हुँदा त्यसलाई अपूर्ण मानिन्छ । तथ्यांकको प्रस्तुतीकरण र विश्लेषणबाट यथार्थता हासिल हुने हुनाले अनुसन्धानमा पनि  अनुरुप यथार्यपरक जानकारी हासिल गर्नका लागि तथ्यांकको विश्लेषण गरिएको हुन्छ । यस शोध कार्यमा पनि  अनुरुप संकलित तथ्यांकलाई तालिकीकरण गरी यसको प्राप्तिलाई व्याख्या र विश्लेषण गरिएको छ । विश्लेषणबाट प्राप्त निष्कर्षलाई होशियारीपूर्वक छलफलको माध्यमबाट सम्बन्धित पक्षलाई आवश्यक सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

## ४.१ शैक्षिक सामग्रीहरुको उपलब्धताको अवस्था

शिक्षण सिकाइ प्रकृयालाई सक्रिया तुल्याउन र अपेक्षित उद्देश्य सहज रुपमा प्राप्त गराउन शैक्षिक समग्रीको महत्वपूर्ण भूमिका रहन्छ। त्यसैले अनुसन्धानको क्रममा छनोटमा परेका नमुना विद्यालयका निर्धारित अनुसन्धानका साधनबाट संकलित सुचनाको आधारमा शैक्षिक सामग्रीको प्रयोगका अवस्थालाई वास्तविक रुपमा पुष्टी गर्न सामग्री उपलब्धताको अवस्थालाई देहाय अनुसारको उपशिर्षकहरुको छनोट गरी प्राप्त सूचनाहरुलाई प्रस्तुत गर्दै छलफल र विश्लेषण गरिएको छ।

### ४.१.१ विद्यालयमा हाल भएका शैक्षिक सामग्री अवस्था

नमुना छनोटमा परेका तीन ओटा विद्यालयहरुमा शैक्षिक सामग्रीको उपलब्धताको अवस्था के कस्तो रहेछ भनी स्थलगत सर्वेक्षण गर्दा प्राप्त सुचनाको आधारमा शैक्षिक सामग्रीहरुको अवस्था तालिकाकरण गरी प्रस्तुत गरिएको छ।

तालिका २ शैक्षिक सामग्री उपलब्धताको अवस्था

| विद्यालय विवरण | श्री सावित्री प्राथमिक विद्यालय लेलेप २ | श्री लावजीन प्रा.वि.लेलेप ४ | श्री लुङ्थुङ प्रा.वि. लेलेप ६ |
|---|---|---|---|
| शैक्षिक सामग्री | राष्ट्रिय गान चार्ट, कक्षा गीत चार्ट, ए, वि, सी, जेट सम्मको चार्ट, धागो कलर पेनसील, ड्रइङ पेपर, महादेशका नक्सा, देशको नक्शा, नेपालका औषधी जन्य वनष्पतीहरुको नाम, चित्र सहितको चार्ट, खेल सामग्रीहरु : फुटवल, भलिवल, स्कीपीङ डोरी, नेपालका | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, शिक्षक डायरी, नेपाली शब्दकोष, अग्रेजी शब्द कोष, एटलस, मादल, महादेशको नक्सा, नेपालको नक्सा, १ देखि १०० सम्मका संख्या चार्ट, A देखि Z सम्मका अक्षरहरुको चार्ट आयत, वर्ग, त्रिभुज, बहुभुज, वृत, का चित्र चार्ट , | मैसमि चार्ट, सातबारको चार्ट, गोजी पात्रो, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, पाठ्यक्रम, नेपाली शब्दकोष, अंग्रेजी डिक्सनेरी, क, ख, को चार्ट, A, B, देखि Z सम्म लेखिएको चार्ट, नेपाली र अंग्रेजीमा १२ महिनाको चार्ट, १०० सम्मका अंक चार्ट, मादल, चुरोटका बट्टा, |

| | | | |
|---|---|---|---|
| | राष्ट्रिय विभुतिहरुको तस्वीर, सीसाको फनेल, विकर, सात वारका चार्ट, विद्यार्थी उपस्थिती पार्टी, फिल्टर, बाल अध्ययन सामग्री १२ महिनाको चार्ट, हेडगीङ कार्ड, गोजी तालिका, ह्वाइट वोर्ड, १ देखि १०० सम्मका संङ्ख्या पत्ती, ० देखि ९ सम्मका ठोस अंकसामग्री, क, ख लेखिका कार्डहरु, A देखि z सम्मका अक्षरहरु, दैनिक कार्य तालिका, नेपालका मुद्रा विवरण, मानव शरिर चित्र, ढाड भएका र नभएका जनावरको चार्ट, पाठ्यक्रम पाठ्य पुस्तक, शिक्षक निर्देशिका, एटलस मादल, मेटाकार्ड, नेपाली र अग्रेजी शब्दकोष, शिक्षक डायरी आदी | गोजी तालिका, विद्यार्थी उपस्थिती पार्टी, मौसमी चार्ट, मानव शरिरका चित्री चार्ट, सिवी, धान, मकै, जउ, फर्सीको विया, पुतलीको जीवन चक्र चार्ट, सवारी साधानको चार्ट, भ्यागुताको जीवन चक्र चार्ट, डोको, ग्लोव, सिङ्का, ढुङ्गा, रोमन सङ्ख्या पंक्ती, पानीमा , जङ्गल, पानी र जमीन, मा बस्ने जनावरहरुको चार्ट, | मन्जनका बट्ट, चुरा, धागो, बठ्ठी, वेलुन, जरा, पात, फुल, सजीव र निर्जिव वस्तुको चार्ट, आदी |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका २ लाई विश्लेषण गर्दा, छनौटमा परेका विद्यालयहरुमा शैक्षिक सामग्री निर्माण र प्रयोग भएको अवस्था रहेको पाइन्छ । विद्यालयले अति महत्वपूर्ण शैक्षिक सामग्रीहरु पाढ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, जस्ता शैक्ष्किं सामग्रीहरुको पूर्ण रुपमा व्यवस्थापन भएको पाइन्छ । शिक्षकहरुबाट निर्मित सामग्रीहरु र विद्यार्थीबाट निर्मित सामग्रीहरु पनि रहेको पाइन्छ ।

विद्यालयले पनि विभिन्न किसिमका शैक्षिक सामग्रीको चार्टहरु खरिद गरी सिकाइलाई प्रभावकारी वनाउन सहयोग गरेको देखिन्छ ।

नमुना छनौटमा परेका विद्यालयहरुको शैक्षिक सामग्रीको अवस्थामा न ाजुक भन्न नमिल्ने अवस्था रहेको छ र सिकाइ उपलब्धि वृद्धि गर्न र शै.सामग्रीको अवस्था मजवुद बनाउन विषयगत शैक्षिक सामग्री निर्माण र खरिद तथा व्यवस्थापनमा सक्रियताका साथ कदम आगाडि बढाउनु पर्ने देखिन्छ ।

## ४.१.२ विषयगत शैक्षिक सामग्रीको उपलब्धताको अवस्था

विद्यालयहरुको भौतिक पक्ष राम्रो हुँदैमा उच्च सिकाइ उपलब्धि हासिल हुन्छ भन्न सकिदैन । सिकाई उपलब्धि वृद्धिका लागित विद्यालयमा शैक्षिक सामग्री विषयगत रुपमा हुन अति आवश्यक देखिन्छ । अनुसन्धानका क्रममा छनौटमा परेका नमुना विद्यालयहरुको विषयगत शैक्षिक सामग्रीहरुको उपलब्धता सुचना र अवलोकनको क्रममा प्राप्त भएको सामग्रीहरु तालिकामा प्रस्तुत गरि व्याख्या र विश्लेषण गरिएको छ ।

'तालिका ३ विषयगत शैक्षिक सामग्रीको अवस्था

| विषयहरु, विद्यालय | नेपाली | अंग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|---|
| श्री सावित्री प्रा.वि. लेलेप-२ | पाठ्यपुस्तक, शिक्षक निर्देशिका, पाठ्यक्रम तहगत, नेपाली शब्दकोष, शब्द पत्ती, चिढीका नमुनाहरु, क,ख, का चार्ट, अ,आ,का चार्टहरु, नेपाली व्याकरण पुस्तक, नेपालका राष्ट्र विभुतिका | अंग्रेजी शब्दकोष, पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सिङको चित्रहरु, A देखि Z सम्मका अक्षरहरु, चार्टहरु, शब्द पत्ती, अंग्रेजीबाट क,ख का चार्टहरु | कक्षागत पाठ्यपुस्तक शिक्षक निर्देशिका, पाठ्यक्रम, गन्तीका सङ्ख्याका चार्ट १०० सम्म, गुणन चार्ट, चुरा, चुरोटका वट्टा, पैसा ढक्की, डाइस्का गोट्टी, लुडोका गोट्टी, लठठी, रबर, सिडका ढुङ्गा, क्यारामका गट्टी | पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, फनेल, विकर, सिसा पाइप, ऐना, वेलुन, भ्यागुताका जीवन चक्र चार्ट, पुतलिको जीवन चक्र चार्ट, सजिब र निर्जिव वस्तुको चार्ट |

| | | | | |
|---|---|---|---|---|
| | तसवीरहरु | | | |
| श्री लावजीन प्रा.वि. लेलेप-४ | पाठ्यपुस्तक, पाठ्यक्रम, शि. निर्देशिका सन्दर्भ सामग्री, नेपाली व्याकरण, नेपाली शब्दकोष, शब्द पत्ती, क,ख,तथा क,का, लेखिएका चार्ट, अ,आ,का चार्ट | पाठ्यपुस्तक, पाठ्यक्रम शिक्षक निर्देशिका, अंग्रेजी शब्दकोष, शब्दपत्ती, चार्ट, क्रियाका चार्टहरु, सात वारका चार्टहरु A देखि Z सम्मका अक्षर चार्ट | पाठ्यक्रम, पाठ्य पुस्तक, शि.निर्देशिका तराजु काठको, जोर र विजोर सङ्ख्या तालिका, १०० सम्मका रुढ सङ्ख्या | जनावरको चित्रहरु, पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका ढाड भएका र नभएका जनावरको चित्र चार्ट, पानीमा वस्ने र पानी तथा जमीनमा रहने जनावारहरुको चार्ट, सजिव र निर्जिवका वस्तुका चार्ट, गीलास, सोली, काठका टुक्रा |
| श्री लुङथुङ प्रा.वि. लेलेप-६ | पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, नेपाली शब्दकोष, शब्दपत्ती, क,ख तथा अ,आ का चार्ट | क्रिया चार्ट, शब्द पत्ती, सातवारहरुको चार्ट, पा.प्र., पाठ्क्रम, शिक्षक निर्देशिका, अंग्रेजी शब्दकोष | गुङगा, कलर, सिङका, तराजु, ढक, पैसा, पाठ्यपुस्तक, पाठ्यक्रम, काठका अयतका ठोस वाकस, स्केल, ज्यामिती वक्स, शिक्षक निर्देशिका | पाठ्यक्रम, पाठ्यपुस्तक, शि.निर्देशिका, सजिव र निजिव वस्तु चार्ट ढाड भएका र नभएको जनावरहरुको चार्ट, चित्रहरु |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका ३ लाई विश्लेषण गर्दा, छनौटमा परेका तीन विद्यालयहरुमा विषयगत शैक्षिक सामग्री व्यवस्था तथा निर्माण कार्य भएको पाइन्छ तर न्युन मात्रमा रहेको अवस्था छ । विषयगत शैक्षिक सामग्री निर्माणमा चासो रहेको अवस्था पाउन सकिन्छ । विद्यालयले विद्यालयको शैक्षिक स्तर वृद्धिका लागी मुद्रित सामग्रीहरु पनि खरीद गरी व्यवस्था गरेको पाइन्छ । शिक्षकहरु वाट नै विषय शैक्षिक सामग्री निर्माण गरिनुलाई शैक्षिक सामग्री निर्माण र प्रयोगको सकारात्मक पाटोको रुपमा लिन सकिन्छ ।

छनौटमा परेका विद्यालयहरुमा विषयगत शैक्षिक सामग्री न्युन अवस्थालाई वृद्धि गर्न शिक्षकहरुबाट निर्माण तय संकलन गर्न नसकिने सामग्रीहरु विद्यालयले खरिद गरी व्यवस्थापन गर्नु जरुरी देखिन्छ भने अन्य सामग्रीहरु स्थानिय स्तरबाट संकल तथा निर्माण गरि प्रयोग ल्याउनु पर्ने पर्दछ र शिक्षक पारिवारको सक्रिय वृद्धि गर्नु आवश्यक देखिन्छ ।

### ४.१.३ विना मूल्य तथा कम मूल्य पर्ने शैक्षिक सामग्रीको अवस्था

शैक्षिक सामग्रीको प्रयोग गरि शिक्षण कार्य गरेमा सिकाई प्रकृया प्रभावकारी र रोचक हुने कुरामा कसैको दुइ मत छैन तथापी शिक्षण सिकाई प्रकृयामा प्रयोग गरीने सामग्री खरिद तथा संकलन गरि प्रयोग गर्न सकिन्छ । छनौटमा परेका विद्यालयहरुमा विना मूल्य तथा कम मूल्य पर्ने सामग्रीहरुको अवस्था पहिचान गर्न प्र.अ., शिक्षक, विद्यार्थी र वि.व्य.स. सदस्यहरु बाट प्राप्त जानकारी तथा सूचनालाई आधार वनाई व्याख्या विश्लेषण गरिएको छ ।

तालिका ४ विना मूल्य तथा कम मुल्य पर्ने शैक्षिक सामग्रीको अवस्था

| विवरण क्र.स | विनामूल्य तथा कम मूल्य पर्ने शैक्षिक सामग्रीको अवस्था | प्र.अ. | शिक्षक | विद्यार्थी | वि.व्या.स सदस्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | अति उत्तम अवस्था | | | | | ० | ०% |
| २ | उत्तम अवस्था | | १ | १ | | २ | ९.५२% |
| ३ | मध्यम किसिमको अवस्था | १ | ३ | २ | १ | ७ | ३३.३३% |
| ४ | न्यून अवस्था | २ | १ | ४ | १ | ८ | ३८.०९% |
| ५ | अति न्यून अवस्था | | १ | २ | १ | ४ | १९.०४% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिका अनुसार छनौटमा परेका विद्यालयहरुको प्र.अ., शिक्षक, विद्यार्थी र वि.व्य.स. का सदस्य बाट प्राप्त सुचनाका आधारमा विना मूल्य वा कम मूल्य पर्ने सामग्रीको अवस्था विश्लेषणमा अती उत्तम अवस्थामा ०% रहेको, उत्तम अवस्थामा ९.५२% मध्यम अवस्थामा ३३.३३% रहेको, न्यून अवस्थामा ३८.०९% र अती न्यून अवस्थामा १९.०४% रहेको अवस्था प्रष्ट भएको छ ।

विद्यालयहरुमा विना मूल्य तथा कम मूल्यका सामग्रीहरुको अवस्था न्यून तथा मध्य किसिमको रहेको हुँदा उक्त अवस्थालाई सुधार गरी लैजान विद्यालयले कम मूल्य पर्ने सामग्रीहरु खरीद गरी व्यवस्थापन गर्ने र बिना मूल्यका सामग्रीहरु संकल प्रकृयालाई सक्रिय बनाएमा सामग्रीको अवस्था राम्रा हुने देखिन्छ ।

### ४.१.४ स्थानिय शैक्षिक सामग्रीको प्रयोगको अवस्था

विद्यालयहरुमा शैक्षिक सामग्री जुटाउनु ठूलो  धनराशी खर्च गर्नु पर्ने र बाहिरबाट झिकाउनु पर्छ भन्ने छैन । यसका लागि स्थानिय ठाउँबाट संकलित र निर्मित सामग्रीहरुको प्रयोग गरि शिक्षण कार्यलाई प्रभावकारी र अर्थपूर्ण पार्न सकिन्छ । नमूना छनौटमा परेका विद्यालयहरुमा स्थानिय सामग्रीहरुको प्रयोगको अवस्थालाई अनुसन्धानकर्ताले संकलित सूचनालाई यसरी तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५ स्थानिय शैक्षिक सामग्री प्रयोगको अवस्था

| सामग्रीको विवरण विद्यालय | शिक्षकवाट संकलित | विद्यार्थीहरुबाट संकलित |
|---|---|---|
| श्री सावित्री प्रा.वि. ललेप-२ | सलाईको वट्टा, चुरा, चराको वट्टा, गुच्चा, ढुङ्गा, छेस्का, पात, जरा, फसिडा विउ, व्याट्री, रवर वेन्ड, | विभिन्न प्रजातिका वोट विरुवाहरु, माटोका नमूना मोडलहरु, काठ बाट निर्मित मोडल सामग्रीहरु जस्तै खुर्पा, छुरी, तरवार |
| श्री लावचीन प्रा.वि. लेलेप-४ | गुच्चा, कागजका वाकस, डोका, चित्र कट आउट, वार्षिक पात्रो, काटी, बल्व, तार, डोरी, चिम्टा वासको, | कागजबाट फुलहरु, वाकस, अक्षरहरु, माटोका नमुना फलफुलका आकाहरु, पात, जरा, सिङका, |
| श्री लङ्थुङ प्रा.वि. लेलेप-६ | पत्रपत्रीका, औषधिका वट्टा, ढुङ्गा, सिङका, ढकी पैसा, लठ्ठी, भटमासका दाना, थान, मकै, सिवी, कट आउट अक्षरहरु | टिनको बट्टा, भाड, कुडा, डोरी, चुरोटका टुक्रा, डोको, काठको गाडीहरुको  नमूना आदि |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका ५ लाई विश्लेषण गर्दा, नमूना छनोटका विद्यालयहरुले खरिद सामग्रीको प्रयोगका साथ साथै स्थानिय स्तरमा संकलन गरी वा स्थानिय स्तरमा उपलब्ध हुने सक्ने जुन शिक्षक र विद्यार्थीहरुले आफूले गरि प्रयोग गर्न सकिने शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको पाइयो ।

यसरी शिक्षक तथा विद्यार्थी वाट स्थानिय स्तरमा उपलब्ध स्थानिय सामग्रीहरुको संकलन, प्रयोग गर्दा विद्यालयलाई आर्थिक भार कम हुनुका साथै विद्यार्थीहरुले पनि स्थानिय स्तरका सामग्रीहरुबाट अध्ययापन गराउँदा बुझ्न सजिलो हुन्छ र शिक्षण कार्य प्रभावकारी बनाउछ। स्थानिय शैक्षिक सामग्री संकलन र प्रयोगमा शिक्षक र विद्यार्थी सक्रिय भएको पाइएता पनि यसलाई अझै सक्रियताका साथ संकलन र व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ।

## ४.२ शैक्षिक सामग्रीको प्रभावकारीता

शिक्षण कार्यलाई प्रभावकारी र रोचक वनाउन प्रयोग गरिने शैक्षिक सामग्रीले सिकाई उपलब्धि वृद्धिका लागी सहयोग पुऱ्याउदछ। शैक्षिक सामग्रीको मूख्य प्रभाव नै सिकाइ उपलब्धिसँग जोडिएको हुन्छ। छनौटमा रहेका विद्यालयहरुको सि.उ. विश्लेषण निम्न अनुसार गरिएको छ।

### ४.२.१ तहगत सिकाइ उपलब्धीको विश्लेषण (२०६६-२०७१ सम्मको)

तालिका ६ तहगत सिकाइ उपलब्धीको विश्लेषण

| विद्यालय | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|---|---|---|
| श्री सावित्री प्रा.वि. लेलेप २ | ४१.० | ४३.६ | ४४.१ | ५०.५ | ४९.५ | ४८.६ |
| श्री लावजीन प्रा.वि. लेलेप ४ | ३९.२ | ४०.३ | ४१.१ | ४२.४ | ५१ | ५७.० |
| श्री लुङथुङ प्रा.वि. लेलेप ६ | ४०.९ | ४१.० | ४१.६ | ४५.१ | ५० | ५४.० |

स्रोत : स्थलगत सर्वेक्षण/स्रोतकेन्द्र, २०७२

प्रस्तुत विद्यालयहरुको विद्यालयगत (२०६६-२०७१) सम्मको तहगत सिकाइ उपलब्धिको विश्लेषण गर्दा, श्री सावित्री प्रा.वि. को २०६६ सालमा ४१ प्रतिशतबाट वृद्धि हुदै २०६९ सालमा उच्च औषत सि.उ. ५०.५ प्रतिशतमा पुगेको र २०७० र २०७१ मा औषत सि.उ. केही प्रतिशत घटेको देखिन्छ।

श्री लावजीन प्रा.वि. लेलेप ४ को २०६६ सालमा ३९.२ प्रतिशत रहेको र २०७१ सालसम्म निरन्तर औ. सि.उ. वृद्धि भई रहेको र २०७१ मा ओ. सि.उ. ५७ प्रतिशत पुगेको देखिन्छ। त्यसैगरी श्री लुङथुङ प्रा.वि. लेलेप ६ को २०६६ सालमा औ.सि.उ. ४०.९ प्रतिशत रहेको र क्रमिक रुपमा

वृद्धि भई २०७१ मा पुग्दा ५४ प्रतिशतमा पुगेको कुरा तालिकाबाट विश्लेषण गर्न सकिन्छ । समग्र विद्यालयहरुको सिकाइ उपलब्धिवृद्धि भएको पाइयो । यसरी सि.उ. वृद्धि हुनुमा शै. सामग्रीको प्रभाव र भूमिका हुन सक्ने ठहर यस अध्ययनको रहेको छ ।

### ४.२.२ मुख्य विषयका तहगत औषत सिकाइउपलब्धि विश्लेषण :

नमुना छनोटमा परेका विद्यालयको प्राथमिक तहको मुख्य विषयहरु अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक विषयको तहगत सिकाइ उपलब्धीको विश्लेषण गरिएको छ :

तालिका ७ : नेपाली विषयको औसत प्राप्ताङ्क तहगत रुपमा (२०६६-२०७१)

| विद्यालय | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|---|---|---|
| श्री सावित्री प्रा.वि. लेलेप २ | ४०.९९ | ४२.५४ | ४६.६० | ५०.४० | ५० | ४९.४ |
| श्री लावजीन प्रा.वि. लेलेप ४ | ३८.१ | ४०.५४ | ४४.३४ | ४५.४२ | ५५.४ | ६२.२६ |
| श्री लुङथुङ प्रा.वि. लेलेप ६ | ४३.८६ | ४३.२० | ४३.९८ | ४१.११ | ४८.५ | ५६.९२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा नेपाली विषयको तहगत सि.उ. श्री सावित्री प्रा.वि.को २०६६ मा ४०.९९प्रतिशत रहेको र २०७१ मा पुग्दा ४९.४ प्रतिशत औषत सि.उ.रहेको पाइन्छ । त्यसैगरी श्री लावजीन प्रा.वि.को २०६६ सालमा नेपाली विषयको तहगत औ.सि.उ. ३८.१ प्रतिशत रहेको र वृद्धि भई २०७१ मा ६२.२६ प्रतिशत पुगेको छ । त्यसैगरी श्री लुङ्थुङ् प्रा.वि.को २०६६ मा ४३.८६ प्रतिशत तहगत औ.सि.उ. रहेको छ र २०७१ मा उक्त सि.उ. ५६.९२ प्रतिशत पुगेको छ । विद्यालयहरुको नेपाली विषयको सिकाइ उपलब्धि क्रमिक रुपमा वृद्धि हुँदै गएकोले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव शैक्षिक सामग्रीले पारेको हुन सक्ने अवस्था रहेको देखिन्छ ।

तालिका ८ : अंग्रेजी विषयको तहगत सि.उ. (२०६६-२०७१)

| विद्यालय | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|---|---|---|
| श्री सावित्री प्रा.वि. लेलेप २ | ४०.९९ | ४२.५४ | ४६.६० | ५०.४० | ५१.४ | ४९.४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| श्री लावजीन प्रा.वि. लेलेप ४ | ३८.५१ | ३९.४८ | ३८.७१ | ४०.७४ | ५६.३ | ६२.२६ |
| श्री लुङथुङ प्रा.वि. लेलेप ६ | ४४.७८ | ३९.९७ | ४२.८५ | ४३.२१ | ४८.४६ | ५०.७८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा अंग्रेजी विषयको तहगत औ.सि.उ. श्री सावित्री प्रा.वि.को ४०.९९ प्रतिशत २०६६ मा रहेको र २०७१ मा पुग्दा उक्त औ.सि.उ. ४९.४ रहेको छ। त्यसैगरी लावजीन प्रा.वि.को २०६६ मा औसि.उ ३८.५१ प्रतिशत छ भने २०७१ मा ६२.२६ प्रतिशतमा पुगेको छ। पुन श्री लुङथुङ प्रा.वि. लेलेपको २०६६ मा ४४.८८ प्रतिशत र २०७१ मा ५०.७८ प्रतिशत औ.सि.उ. रहेको छ। समग्रमा अंग्रेजी विषयको औ.सि.उ. वृद्धि भएको पाइन्छ।

तालिका ९ : गणित विषयको औसत तहगत सि.उ. (२०६६-२०७१)

| विद्यालय | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|---|---|---|
| श्री सावित्री प्रा.वि. लेलेप २ | ४३.५६ | ४४.५७ | ४३.०१ | ४६.२ | ४५.६ | ४६ |
| श्री लावजीन प्रा.वि. लेलेप ४ | ३९.३४ | ३९.६८ | ३६.४९ | ४१.१६ | ४९.३ | ५४.९० |
| श्री लुङथुङ प्रा.वि. लेलेप ६ | ४६.५० | ३९.४६ | ३६.४१ | ४५.३७ | ५०.६ | ५४.८८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा गणित विषयको तहगत औषत सिकाइ उपलब्धि श्री सावित्री प्रा.वि.को २०६६ सालमा ४३.५६ प्रतिशत रहेको छ भने २०७१ मा पुग्दा औसत सि.उ. ४६ प्रतिशत सम्म वृद्धि भएको पाइन्छ। त्यसैगरी श्री लावजीन प्रा.वि.को २०६६ सालमा गणित विषयको औसत तहगत सि.उ. ३९.३४ भएको र २०७१ मा ५४.९० प्रतिशत रहेको छ। त्यसैगरी श्री लुङथुङ प्रा.वि.को २०७१ को तहगत औ.सि.उ. ४६.५० प्रतिशत रहेको र २०७१ मा उक्त सि.उ. ५४.८८ रहेको पाइन्छ। सि.उ. वृद्धि भएको पाइन्छ। विद्यालयहरुको गणित विषयको सिकाइ उपलब्धि क्रमिक रुपमा वृद्धि हुँदै गएकोले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव शैक्षिक सामग्रीले पारेको हुन सक्ने अवस्था रहेको देखिन्छ।

तालिका १० : विज्ञान विषयको औसत तहगत सि.उ. (२०६६-२०७१)

| विद्यालयको नाम | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|---|---|---|
| श्री सावित्री प्रा.वि. लेलेप २ | ३८.५२ | ४२.५१ | ४५.५९ | ५५ | ५०.५४ | ४६ |
| श्री लावजीन प्रा.वि. लेलेप ४ | ३९.६६ | ४१.१२ | ४६.७८ | ४३.१२ | ५२.५ | ५७.६७ |
| श्री लुङथुङ प्रा.वि. लेलेप ६ | ३४ | ४०.०८ | ४१ | ४४.६४ | ४८.८ | ५३.९० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तथ्याङको विश्लेषण गर्दा २०६६ सालमा विज्ञान विषयको स्रोत तहगत औषत सिकाइ उपलब्धि श्री सावित्री प्रा.लि., श्री लाब्जीन प्रा.वि. र श्री लुङथुङ प्रा.वि. को क्रमश ३८.५२, ३९.६६, र ३४ रहेको थियो भने २०७१ सालमा उक्त विद्यालयहरुको उक्त विषयको क्षि.उ. क्रमश वृद्धि भई ४६, ५७.६७ र ५३.९० रहेको पाइयो । विद्यालयहरुको विज्ञान विषयको सिकाइ उपलब्धि क्रमिक रुपमा वृद्धि हुँदै गएकोले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव शैक्षिक सामग्रीले पारेको हुन सक्ने अवस्था रहेको देखिन्छ ।

तालिका ११ : सामाजिक विषयको औसत तहगत सि.उ. (२०६६-२०७१)

| विद्यालयको नाम | २०६६ | २०६७ | २०६८ | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|---|---|---|
| श्री सावित्री प्रा.वि. लेलेप २ | ३७.१२ | ४४.४२ | ४४.३५ | ४८.२ | ५०.५ | ५१.८ |
| श्री लावजीन प्रा.वि. लेलेप ४ | ४०.४८ | ४०.८६ | ४१.५२ | ४२.६४ | ५१.३६ | ५६.११ |
| श्री लुङथुङ प्रा.वि. लेलेप ६ | ३५.४० | ४२.३५ | ४६.८९ | ४४.८७ | ४८.२ | ५३.६२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिकाको विश्लेषण गर्दा, २०६६ साल देखि २०७१ साल सम्म सामाजिक विश्यको तहगतको सि.उ. क्रमश श्री सावित्री प्रा.वि. को ३७.१२ वाट वृद्धि भइ ५१.८ पुगेको छ, श्री लावजीन प्रा.वि.को ओ सि.उ. ४०.४८ वाट ५६.११ र श्री लुङथुङ प्रा.वि. को ओ.सि.उ. ३५.२० वाट वृद्धि भई भई ५३.६२ भएको प्रष्ट हुन्छ । विद्यालयहरुको सामाजिक विषयको सिकाइ उपलब्धि क्रमिक रुपमा वृद्धि हुँदै गएकोले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव शैक्षिक सामग्रीले पारेको हुन सक्ने अवस्था रहेको देखिन्छ ।

### ४.२.३ शैक्षिक सामग्रीको प्रभावकारीता

शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीको सिकाइ उपलब्धिमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नमुना छनोटमा परेका विद्यालयहरुमा शैक्षिक सामग्रीको प्रयोगले पारेको प्रभावलाई प्राप्त जानकारीको आधारमा निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

क) प्र.अ.हरु बाट प्राप्त जानकारी

तालिका १२ प्र.अ.हरु बाट प्राप्त जानकारी

| राम्रा पक्षहरु | नराम्रा पक्षहरु |
|---|---|
| १. विद्यार्थी नियमित विद्यालय आउने । २. कक्षा शिक्षण सहभागीतामा उत्सुकता देखाउने ३. शिक्षक र विद्यार्थी विच सुमधुर सम्बन्ध तथा सिकाइ अन्तरक्रिया राम्रो । | १. शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुने उत्कृष्ट विद्यार्थीहरु मात्र उत्साहित हुने र कमजोर विद्यार्थीहरुको लागि आलस्य हुने २. शिक्षक र विद्यार्थीविचको अन्तरक्रियामा राम्रा विद्यार्थीहरु मात्र वढी समावेश गराउने ३. शैक्षिक सामग्रीको गुणस्तरमा ह्रास आउने |
| ४. शिक्षण कार्य रुची पूर्ण हुने ५. विषयवस्तुको प्रस्तुतीकरण राम्रो हुने ६. शिक्षक तथा विद्यार्थीको क्षमता वृद्धि हुने साथै परीक्षा परिणाममा सुधार आउने | |

स्रोत : स्थलगत अध्ययन, २०७२

उपर्युत तालिकामा शैक्षिक सामग्रीको प्रभावकारीता वारे प्रधानाध्यापकहरु, सँग लिइएको अर्न्तवार्ता प्रतिक्रियालाई समग्र रुपमा राम्रा र नराम्रा पक्ष छुट्याई तालिकामा समावेश गरिएको छ । विद्यालयहरुमा शैक्षिक सामग्रीको व्यवस्थापन राम्रो हुने हो भने विद्यार्थीहरु नियमित विद्यालय आउने कक्षा शिक्षणमा उत्सुकता देखाउने, विषयवस्तुमा अन्तरक्रिया, छलफल हुने, शिक्षण कार्य रुची पूर्ण र शिक्षण कार्यमा समेत शिक्ष्ँकको क्षमता अभिवृद्धि हुने साथै परीक्षा गरी परिणाममा सुधार आउने जस्ता राम्रा पक्षहरु प्रधानाध्यापक हरुले बताएका थिए भने कक्षा शिक्षणमा उत्कृष्ट विद्यार्थीहरु मात्र बढी उत्साही, सहभागी उच्च स्थान पाउने हुँदा कक्षाका कमजोर विद्यार्थीहरु विद्यालय नियमित नआउने, शिक्षण सिकाई कार्यमा रुचि नदेखाउने, छलफल क्रियाकलापमा पनि कम सरिक हुने हुँदा कमजोर विद्यार्थीहरुलाई बढी मात्रमा जोड दिनु पर्ने जस्ता सवल र दुर्वल पक्षहरु बताएको पाइयो ।

शैक्षिक सामग्री शिक्षण कार्यमा प्रयोग गरी अध्ययन अध्यापन गर्दा बढी प्रभावकारी हुन्छ र सो भएको पनि पाइयो तर विद्यालयमा रहेका कमजोर विद्यार्थीहरुलाई बढी मात्रामा सक्रिय गरिनु पर्ने देखिन्छ । उत्कृष्ट विद्यार्थीहरु र कमजोर विद्यार्थीलाई समेटेर शिक्षण कार्य गर्दा सिकाइ उपलब्धि अझ राम्रो भएर जाने ठहर रहेको पाइन्छ । शैक्षिक सामग्रीको प्रयोगले सक्रियता, रुची जगाउने हुँद कमजोर विद्यार्थीहरु पनि सिकाइ तर्फ सक्रिय रहन्छन तर शिक्षकले कक्षा कोठामा अवसर प्रदान गर्दा सवैलाई समान प्रतिनिधित्व हुने गरी व्यवस्थापन गर्नु र गराउनु पर्ने देखिन्छ ।

ख) शिक्षकहरुबाट प्राप्त जानकारी

शैक्षिक सामग्रीको प्रभावकारीता वारे शिक्षकहरुसँग अनुसूचि - ६ बमोजिम संकलन गरिएको सुचनाको विश्लेषण ।

तालिका १३ शिक्षकहरुबाट प्राप्त जानकारी

| राम्रा पक्षहरु | नराम्रा पक्षहरु |
|---|---|
| १. विद्यार्थी नियमित विद्यालय आउने ।<br>२. शिक्षण सिकाई कार्यमा उत्सुकता तथा सहभागितामा वृद्धि<br>३. शिक्षक र विद्यार्थी विच अन्तरक्रिया राम्रो हुने<br>४. शिक्षण कार्य रुची पूर्ण हुने<br>५. कक्षा संचालन तथा प्रस्तुतीकरण राम्रो हुने ।<br>६. शिक्षकको क्षमतामा अभिवृद्धि हुने ।<br>७. सहज रुपमा शिक्षण कार्य हुने । | १. शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुने उत्कृष्ट विद्यार्थीहरु मात्र उत्साहित हुने र कमजोर विद्यार्थीहरुको लागि आलस्य हुने<br>२. शिक्षक र विद्यार्थीको अन्तरक्रियामा राम्रा विद्यार्थीसँग बढी र कमजोर विद्यार्थीहरु सँग कम हो ।<br>३. शैक्षिक सामग्रीको निर्माण र संकल गर्न समयको अभाव हुने साथै शै. सामग्रीको गुणस्तरमा ह्रास हुने । |

स्रोत : स्थलगत अध्ययन, २०७२

उपरोक्त तालिकामा शै.सामग्रीको प्रभावकारीता वारे शिक्षकहरुसँग लिइएको अन्तर्वार्ता र अन्तर्वाताबाट प्राप्त सुचनालाई समग्र  रुपमा राम्रा पक्ष र नराम्रा पक्ष छुट्टयाई तालिकामा समावेश गरिएको छ । विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापन पक्ष राम्रो हुने हो भने बालबालीकाहरु नियमित रुपमा विद्यालय आउने, कक्षा शिक्षणमा उत्सुकता देखाउने, विषयवस्तुको छलफलमा भाग

लिने, शिक्षण कार्य रुचीपूर्ण र उद्देश्यमूलक हुने, शिक्षक तथा विद्यार्थी दुवैको क्षमता अभिवृद्धि हुने जस्ता राम्रा पक्षहरु शिक्षँकहरुले वताएका थिए भने कमजोर विद्यार्थीहरु अन्तरक्रिया, सहभागीता, उत्सुकता जस्ता कार्यहरुमा पछी पर्ने र विद्यालय नियमित नआउने जस्ता  कार्यहरुमा पछी पर्ने र विद्यालय नियमित नआउने जस्ता नराम्रा पक्षहरु पनि वताएको पाइयो ।

शैक्षिक सामग्री निर्माण र प्रयोगले शिक्षण कार्यमा महत्वपूर्ण प्रभाव पार्ने कुरा निर्विवाद हुँदा हुँदै पनि कमजोर विद्यार्थीहरु सक्रिय नहुने, अवसर नपाउने जस्ता समस्याहरुको समाधानार्थ शिक्षकले तिनै कमजोर विद्यार्थीहरुलाई वढी मात्रमा अवसर सक्रियता बढाउनुका लागी वढी मात्रमा सजग रही व्यवस्थित शिक्षण कार्य गर्नु गराउनु पर्ने देखिन्छ ।

## ४.२.४ विद्यार्थीको सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीले पारेको प्रभाव

शिक्षण क्रियाकलापलाई सहज र रोचक र उदेश्यमूलक बनाउन शैक्षिक सामग्रीको अहम भूमिका रहेको हुन्छ । छनौटमा परेका तीन विद्यालयका विद्यार्थीहरुबाट प्राप्त सूचालाइ तालिकामा प्रस्तुत गरी व्याख्या गरिएको छ ।

तालिका १४ विद्यार्थीको सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीले पारेको प्रभाव

| शिर्षक विद्यालय | शैक्षिक सामग्री प्रयोग हुँदा | शैक्षिक सामग्री प्रयोग नहुँदा |
|---|---|---|
| सावित्री प्रा.वि. | पाठहरु बुझ्न सजिलो हुन्छ । पठनपाठनमा रुची हुने । सक्रिय सहभागी हुने । | पढाइमा रुची कम हुने । कक्षाका विद्यार्थी कम सक्रिय हुने । |
| लावजीन प्रा.वि. | पठनपाठन कार्य रोचक हुन्छ । पाठ पढाएको स्पष्ट हुन्छ । | अल्छीपना पैदा हुने । कक्षा नियन्त्रण कम हुने । |
| लुङथुङ प्रा.वि. | पठनपाठनमा ध्यान केन्द्रित हुने । सिकाइ स्थायी हुने । सामग्री चलाउदा रमाइलो लाग्ने र पाठ बुझीने । | पढाएको पाठहरु वुझ्न कठीन हुने । अन्तरक्रिया, छलफल कम हुने । विद्यार्थी हल्ला गर्ने । पढाइतर्फ ध्यान केन्द्रित नहुने । |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका १४ बाट प्राप्त जानकारीको विश्लेषण गर्दा विद्यार्थीहरुलाई शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्दा सिकाइ कार्य रोचोक, उदेश्यमुलक, स्पष्ट हुने कुरा सुचनाबाट प्राप्त हुन्छ । शिक्षकहरुले कक्षा शिक्षण कार्यमा शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गरेको स्पष्ट हुन्छ तकी

वद्यार्थीहरुबाट ने विना शैक्षिक सामग्रीबाट अध्यापन गर्दा अल्छी लाग्ने, पाठ रोचक नहुने, विषयवस्तु स्पष्ट नहुने कुरा सुचनाको आधारमा स्पष्ट हुन्छ ।

शिक्षण सिकाइ कार्यमा शैक्षिक सामग्रीको प्रभावकारीता रहेको पाउन सकिन्छ । विद्यालयहरुमा खरिद तथा स्थानिय स्तरमा उपलब्ध शैक्षिक सामग्री संकलन तथा निर्माण गरी प्रयोग गर्न आवाश्यक रहेको छ ।

## ४.३ शैक्षिक सामग्री प्रयोगका समस्याहरु पहिचान

शैक्षिक सामग्री अध्यान अध्यापन कार्यको मूख्य औजार भनिन्छ र यसको सही ढंगबाट प्रयोग र प्रयोग पछि भण्डारण गर्नु पर्दछ । शैक्षिक सामग्री संकलन, निर्माण गर्नु तथा खरिद गरेर मात्र सिकाई उपलब्धि वृद्धि हुँदैन तर शैक्षिक सामग्रीको सही प्रयोग हुन जरुरी देखिन्छ । शैक्षिक सामग्री प्रयोगमा विभिन्न पक्षहरु जिम्बेवार रहन्छ जस्ले शै.सामग्री प्रयोगमा समस्या ल्याउदछ । शै.सामग्री प्रयोगका समस्याहरु निम्न अनुसार उठान गरिएको छ ।

### ४.३.१ शैक्षिक सामग्री प्रयोग गर्दा प्रभाव पार्ने कारक तत्वहरु

शैक्षिक सामग्री प्रयोग गरि शिक्षण गर्दा शिक्षण कार्य प्रभावकारी हुन्छ र उद्देश्य प्राप्तिमा महत्वपूर्ण भूमिका खेल्ने शिक्षण सामग्री प्रयोग गर्दा विभिन्न समस्याहरु रहन सक्दछ जसलाई तालिकीकरण गरी प्रस्तुत गरिएको छ र नमुना छनोटमा परेका विद्यालयहरुका प्र.अ., स्रोतव्यक्ति, शिक्षक, वि.व्य.स. र विद्यार्थी, अभिभावकबाट प्राप्त सुचनाको विश्लेषण गरिएको छ ।

तालिका १५ शैक्षिक सामग्री प्रयोग गर्दा प्रभाव पार्ने कारक तत्वहरु

| क्र. सं. | असर पर्ने तत्वहरु | प्र.अ. | शिक्षक | स्रोतव्यक्ति | वि.व्य.स. | विद्यार्थी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | तालिमको अभाव | १ | १ | | १ | ३ | ६ | १९ |
| २ | शिक्षकहरुको शै.सा.प्रयोगमा तत्परता तथा रुची | १ | २ | | २ | १ | ६ | १९ |
| ३ | कक्षाकोठाको व्यवस्थापन | १ | २ | १ | ३ | २ | ९ | २९ |
| ४ | शिक्षकका शिक्षण भार | | २ | | १ | | ३ | १० |
| ५ | शैक्षिक सामग्रीको अभाव | | १ | | १ | २ | ४ | १३ |
| ६ | शै. सामग्रीको संरक्षणको अभाव | | १ | | १ | १ | ३ | १० |
| | जम्मा | ३ | ९ | १ | ९ | ९ | ३१ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा विद्यालयहरुमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरुलाई असर पार्ने तत्वहरु अन्तर्गत तालिम र शिक्षकको तत्परता अन्तर्गत जम्मा ३१ मध्ये ६/६ जनाको राय वा १९% रहेको छ भने कक्षा कोठाको व्यवस्थापनमा ३१ मध्ये ९ जनाको राय वा २९% रहेको छ। शिक्षकको शिक्षण भार १०% , शै. सामग्रीको अभावमा १३% र शै. सा.को संरक्षणमा १०% मत तथा राय गर्न भएको देखिन्छ।

यसरी शै.सामग्रीहरुको प्रयोग गर्दा देखिएका समस्याहरुको पहिचान गर्दा नमूना छनोटमा परेका विद्यालयहरुमा कक्षाकोठाको व्यवस्थापनले बढी प्रभाव परेको देखिन्छ। त्यसैगरी क्रमशः तालिम र शिक्षक तत्परताले पनि सामग्री प्रयोगमा प्रभाव पारेको स्पष्ट हुन्छ। सामग्रीको संरक्षण र शिक्षण भारले न्यून प्रभाव पारेको देखिन्छ।

## ४.३.२ शैक्षिक सामग्री भण्डारणसमस्या

शिक्षण कार्यलाई प्रभावकारी बनाउन संकलीत, निर्मित तथा खरिद शैक्षिक सामग्रीहरुलाई सहज रुपमा भण्डारण गर्नु आवश्यक छ। सहीरुपमा शैक्षिक सामग्रीलाई व्यवस्थित तथा भण्डारण

गर्न नसकिएको अवस्थामा शैक्षिक सामग्रीलाई व्यवस्थित तथा भण्डारण गर्न नसकिएको अवस्थामा शैक्षिक सामग्री प्रयोगमा समस्यारहन जान्छ । यसै क्रममा नमूना छनोटमा परेका विद्यालयहरुको सामग्री भण्डारणको के कस्तो व्यवस्था रहेको छ भनि अवलोकनको क्रममा प्राप्त सचनाको व्याख्या विश्लेषण गरिएको छ ।

श्री सावित्री प्राथमिक विद्यालय लेलेप २ को भौतिक पक्ष अन्तर्गत भवन २ ओटा रहेको पाइयो । प्रशासन कक्षा र कक्षा संञ्चालनको लागि मात्र पर्याप्त भएको पाइयो । खरिद तथा संकलित सामग्रीहरु विद्यालयमा रहेता पनि ति सामग्रीहरु व्यवस्थापन पक्ष स्रोत र साधनले भ्याए सम्म व्यवस्थापन गरेको पाइयो । शैक्षिक सामग्री निर्माण र भण्डारणको लागि छुट्टै कक्षा कोठाको व्यवस्थापन नभएको पाइयो । विद्यालयमा भएको शैक्षिक सामग्रीहरु दराज, र्‍याक, वाकस, आदीमा सुरक्षित गरी राखीएको पाइयो । शैक्षिक सामग्री निर्माण, संकलन, प्रयोग र भण्डारणमा विद्यालय परिवार सकारात्मक रहेको पाइयो ।

श्री लावजीन प्राथमिक विद्यालय लेलेप ४ अवस्थीत विद्यालयको शैक्षिक सामग्री भण्डारण कक्षा छुट्टै नभएको र भएका सामगीहरु अफिस कोठा भित्रनै दराज तथा र्‍याक आदिमा भण्डारण गरेको पाइयो । भण्डारण गरेका सामग्रीहरुमा केही खरिद गरिएको पाइयो भने केही शिक्षक तथा विद्यार्थीबाट संकलन र निर्माण गरेको पाइयो । शैक्षिक सामग्री निर्माण र प्रयोगमा जोड दिइएको पाइयो ।

छनोटमा परेका अर्को विद्यालय श्री लुङथुङ प्राथमिक विद्यालयमा शैक्षिक सामग्री भण्डारण कक्षाको अभाव रहेको  र सामग्रीहरु अफिस कक्षामा छरिएर रहेको अवस्था पाइयो । केही सामग्रीहरु दराजमा सुरक्षित  थिए भने धरै जसो सामग्रीहरुको टेबलमाथी, तासीमाथी अव्यवस्थित रुपमा रहेको पाइयो । भएका सामग्रीलाई व्यवस्थापन गर्नु आवश्यक देखिएको छ ।

छनोटमा परेका विद्यालयहरुमा भण्डारण कक्षाको व्यवस्था गरी भएका सामग्रीहरुलाई सुरक्षित र व्यवस्थापन गर्नु जरुरी रहेको छ । आर्थिक स्रोत जुटाई भण्डारण कक्षाकोठा निर्माण र त्यस कक्षा भित्र टेवल, दराज, वाकस, र्‍याक, निर्माण गरी व्यवस्थित पार्नुपर्ने अवस्था रहेको छ । उक्त कार्य गरेमा मात्र सामग्रीको सही सदुपयोग र सुरक्षित हुन सक्ने अवस्था रहेको छ ।

### ४.३.३ शैक्षिक सामग्री निर्माण, प्रयोग र संकलन समस्या

विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न हरेक विद्यालयले शैक्षिक सामग्री निर्माण, संकलन र प्रयोग गर्न अपरिहार्य रहेको हुन्छ । नमुना छनोटमा परेका तीन विद्यालयका प्र.अ., शिक्षक र विद्यार्थीबाट प्राप्त सुचनालाई निम्न उपशिर्षकमा राखी तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

#### ४.३.३.१ शैक्षिक सामग्री निर्माण, प्रयोग, र संकलन प्रकृयामा प्र.अ.बाट प्राप्त जानकारी

छनोटमा परेका नमुना विद्यालयका प्र.अ.हरुबाट शैक्षिक सामग्री निर्माण, प्रयोग र संकलन विद्यालयहरुमा के कस्तो अवस्था रहेको छ भनी सुचना संकलनगरी विश्लेषण गरिएको छ ।

श्री सावित्री प्राथमिक विद्यालयका प्र.अ.का अनुसार शैक्षिक सामग्री निर्माण, प्रयोग संकलन तथा खरिद कार्यका लागि विद्यालयमा आर्थिक अभाव रहेको छ र पाठ्यक्रमले राखिएको उद्देश्य तथा सि.उ. पुरा गर्न शिक्षकहरुलाई तालिमको व्यवस्था समय समयमा सम्बन्धित निकायले दिलाउनु पर्ने कुरा बताउनु भयो ।

त्यसैगरी श्री लावजीन प्राथमिक विद्यालयका प्र.अ. का अनुसार विद्यालयमा शैक्षिक सामग्री निर्माण, संकलन र प्रयोग  गर्नु एक समस्याको रुपमा रहेको बताए । विद्यालयहरुमा शैक्षिक सामग्री निर्माणका लागि आधारभूत कच्चा पदार्थ वा सामग्री व्यवस्था गर्न कठिन रहेको र विद्यालयहरुमा सिप युक्त दस शिक्षकको पनि अभावरहेको छ भनि वताउनु भयो । त्यसैगरी शिक्षकहरुले पनि आफ्नो विषय वस्तु अनुसारको शैक्षिक सामग्री संकलन, निर्माण कार्यमा कम सक्रियता रहेका कुरा बताउनु भयो ।

श्री लुङथुङ प्राथमिक विद्यालयका प्र.अ.का अनुसार शैक्षिक सामग्री निर्माणमा कार्यमा सरोकारवाला माथिल्लो निकायले तालिम दिनु आवश्यक रहेको छ । शैक्षिक सामग्री निर्माण, संकलन र प्रयोगमा माथिल्लो निकायले अनुगमन र पुरस्कारको व्यवस्था पनि गर्नु पर्ने कुरा बताउनु भयो । शिक्षकहरुलाई पढाउने घण्टी बढी भएको हुँदा निर्माण, संकलनको लागि समयको अभाव समेत रहेको बताउनु भयो ।

विद्यालयहरुमा शैक्षिक सामग्री निर्माण, प्रयोग तथा संकलन कार्य समस्याको रुपमा रहेको पाइयो । विद्यालयहरुमा शिक्षकहरु पनि सामग्री संकलन तथा निर्माण र प्रयोगमा कम सक्रियता रहेको अवस्था रहेको पाइयो । सीपको दक्षता, समयको अभाव आदीका कारण पनि शिक्षकहरु

सामग्री निर्माण कार्यमा कम सक्रियाता रहेको पाउन सकिन्छ । शैक्षिक सामग्री निर्माण, संकलन, र प्रयोग कार्यमा अग्रसर गराउन सम्बन्धित निकायले समय समयमा तालिम, सेमिनार, गोष्टी आयोजना गरी समय सापेक्ष सामग्री निर्माणमा सहयोग पुऱ्याउनुपर्ने देखिन्छ । शैक्षिक सामग्री निर्माण र प्रयोग, संकलन कार्य के कसरी गरिरहेका छन् विद्यालयहरुले सो को सम्बन्धीत निकायको अनुगमन गरी पुरस्कार र दण्डको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

### ४.३.३.२ शैक्षिक सामग्री निर्माण, प्रयोग र संकलनमा शिक्षकबाट प्राप्त जानकारी

छनोटमा परेका विद्यालयका शिक्षकबाट प्राप्त सुचनालाई क्रमश: निम्न अनुसार व्याख्या विश्लेषण गरिएको छ ।

श्री सावित्री प्राथमिक विद्यालयका शिक्षकका अनुसार, शैक्षिक सामग्री निर्माण र प्रयोग शिक्षकहरुबाट सकेसम्म गरेको तर समयको अभाव रहेको कुरा बताउनु भयो । विद्यालयले आफ्नो आर्थिक आय वृद्धि गरी सामग्री निर्माणका लागि आवश्यककोठा, सामग्री, समयको व्यवस्थापन गर्नुपर्ने कुरा बताएको पाइयो ।

छनोटका अर्को विद्यालय श्री लावाजीन प्रा.वि.का शिक्षकका अनुसार विद्यालयमा शैक्षिक सामग्री निर्माण, प्रयोग र संकलन कार्यमा समयको अभाव रहेको, निर्माण गरिएको शैक्षिक सामग्री व्यवस्थापन गर्ने ठाउँ नभएको, कारणले पनि सिकाइ उपलब्धिमा असर पर्ने कुरा बताउनु भयो । विद्यालयले तथा सम्बन्धित निकायले उत्कृष्ट सामग्री निर्माण गर्ने शिक्षकलाई पुरस्कार प्रदान गरी हौसला प्रदान गर्नु पर्ने बताउनु भएको थियो ।

त्यसैगरी श्री लुङथुङ प्रा.वि. विद्यालयका प्र.अ.का अनुसार सामग्री निर्माण र प्रयोगमा सबै पक्षको सहयोग आवश्यक छ । शिक्षक तथा विद्यार्थीहरुलाई पनि शैक्षिक सामग्री निर्माण तथा संकलनमा सक्रिय बनाउनु पर्दछ अनि मात्र प्रभावकारीता बढ्न जान्छ । शिक्षण कार्यको केन्द्रविन्दु विद्यार्थी र शिक्षक छन्, त्यसै विद्यार्थीहरुलाई पनि संकलन तथा निर्माणमा सरिक गराउनु पर्दछ । विद्यालयहरुमा कम्तीमात्रमा सामग्रीहरुको प्रयोग, संकलन भएको छ । सामग्री निर्माण तथा प्रयोग सिपको लागि तालिम आवश्यक भएको छ ।

शिक्षकहरुबाट प्राप्त जानकारीलाई विश्लेषण गर्दा विद्यालयहरुमा शैक्षिक सामग्री निर्माण र प्रयोग समस्याको रुपमा रहेको पाउन सकिन्छ । शिक्षकहरुले विषय वस्तु कक्षा कोठामा पठनपाठन गर्दा आवश्यक पर्ने सामग्रीहरुको अभाव रहेको छ । शिक्षकमा दक्षता विकासका लागि तालिम दिनु

पर्ने आवश्यक देखिन्छ। विद्यालयले आवश्यक सामग्रीहरु खरिद गरी व्यवस्थापन गर्नु पर्ने र शिक्षक विद्यार्थी पनि सामग्री निर्माण र संकलन सक्रिय रहनुपर्ने देखिन्छ। उत्कृष्ट सामग्री निर्माण शिक्षकलाई सम्बन्धित निकायले पुरस्कारको घोषणा गर्नुपर्ने र सामग्री निर्माणको लागि विद्यालयले समय व्यवस्थापन, भण्डारण पक्षमा जोड दिनु पर्ने देखिन्छ।

### ४.३.४ शैक्षिक सामग्रीको संरक्षणमा हेलचेक्राइ अवस्था

शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोग पछि उक्त सामग्रीको संरक्षणमा गरेमात्र पुन पछिल्लो समयमा पुन प्रयोगमा ल्याउन सकिन्छ सामग्रीको संरक्षण गरेमा विद्यालयको आर्थिक बोझ पनि कम हुन जान्छ। छनोटमा परेका नमुना विद्यालयहरुमा सामग्री संरक्षणमा हेलचेक्राइको अवस्था के कस्तो अवस्था छ भनि सुचना संकलन गरी व्यवस्था विश्लेषण गरिएको छ।

तालिका १६ शैक्षिक सामग्रीको संरक्षणमा हेलचेक्राइ अवस्था

| विवरण विद्यालय | शिक्षकको साप्ताहिक पाठ्यभार | अभिभावकको चेतना स्तर र अनुगमन | वि.व्य.स. पदाधिकारीको अनुगमन | प्र.अ.को निरीक्षण | शिक्षकको भूमिका |
|---|---|---|---|---|---|
| श्री सावित्री प्रा.वि. लेलेप २ | २५ देखि २८ सम्म | कमजोर कृषक नआउने गरेको | वैठकमा मात्र उपस्थित हुने, कहिले काही अनुगमनमा आउने, | कहिले काही मात्र अनुगमन गर्ने, आवाश्यकता परेमा | आवाश्यक परेमा मात्र आफ्नो सामग्रीको संरक्षण गर्ने कहिले कही मात्र |
| श्री लावजीन प्रा.वि. लेलेप-४ | २४ देखि २७ सम्म | कमजोर आर्थिक अवस्था, कमजोर शैक्षिक अवस्था, कृषक | वैठकमा उपस्थि हुने, शैक्षिक पक्षको रेख देख नगर्ने | हेर्ने मात्र, आवश्यक परेमा मात्र अनुगमन गर्ने | कम सक्रिय रहेको, कहिले काही संरक्षण गर्ने |
| श्री लुङथुङ प्रा.वि. लेलेप-६ | २६ देखि २८ सम्म | चेतना स्तर कमजोर, कृषक पेशा, विद्यालय अनुगमन | वैठकमा मात्र उपस्थित हुने, विद्यालय सग कम मात्रमा सरोकार राख्ने | आवाश्यकता अनुसार अनुगमन गर्ने | सामग्री कम वास्ता गर्ने, रुचीकम भएको |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत माथिको तालिकालाई विश्लेषण गर्दा शैक्षिक सामग्रीको प्रयोगमा विद्यालयका सवै सरोकारवाल पक्षहरुको विद्यालय प्रतिको चासो कम रहेको देखिन्छ । शिक्षकहरुको साप्ताहिक पाठ्यभार धेरै भएको कारणले शैक्षिक सामग्री संरक्षणमा समयको अभाव भएको हुन सक्ने र शिक्षकहरु समय अभावका कारण सक्रिय नरहेको हुन सक्ने यस अध्ययनको ठहर रहेको छ ।

वि.व्य. पदाधिकारी तथा अभिभावकहरुमा ने शैक्षिक संस्था प्रति कम चासो रहनुका साथै विद्यालय प्रति कम जिम्मेवारी वहन गरेको पाइयो । प्र.अ.हरु पनि विद्यालयको विभिन्न कामले गर्दा व्यक्त हुने भएको र आवश्यक मात्रमा सामग्रीहरुको व्यवस्थापनमा कम समय दिइएको पाइयो

। तसर्थ ि वद्यालयहरुमा शैक्षिक सामग्रीको संरक्षणमा सरोकार वालाहरु न्यून सक्रियता रहेको हुँदा शैक्षिक सामग्री संरक्षणमा सवैलाई सक्रिय तथा समयको व्यवस्थापन गरी संरक्षणको पाटोलाई अगाडी बढाउनु पर्ने खाचो रहेको देखिन्छ ।

### ४.३.५ विषयका शैक्षिक सामग्री निर्माण र प्रयोगमा समस्या

शिक्षण सिकाइ क्रियाकलापमा विषयगत शैक्षिक सामग्रीको निर्माण र प्रयोग ले नै सिकाइ उपलब्धि प्राप्तीमा योगदान प्रदान गरेको हुन्छ । छनौट नमूना छनौटमा परेका विद्यालय प्र.अ. तथा शिक्षकहरुबाट प्राप्त सुचनालाई तालिकामा प्रस्तुत गरिएको छ र सोको सुचनाको व्याख्या विश्लेषण गरिएको छ ।

तालिका १७विषयका शैक्षिक सामग्री निर्माण र प्रयोगमा समस्या

| विद्यालय | प्रधानाध्यापक | शिक्षक |
|---|---|---|
| श्री सावित्री प्रा.वि. लेलेप २ | -विषयगत सामग्रीहरु न्युन मात्रमा निर्माण भएको छ ।<br>-प्रयोगको मात्र कमी भएको पाइन्छ ।<br>-प्रयोगशाला, निर्मार्ण कक्षाको अभाव | -जनशक्तिको कमी रहेको छ ।<br>-निर्माणको लागी व्यवस्थापन न्यून रहेको छ । |
| श्री लावजीन प्रा.वि. लेलेप-४ | -विषयगत सामग्रीको सङ्ख्या, मात्र कम रहेको छ<br>-सामाग्री निर्माणमा तालिमको आवश्यकता छ ।<br>-शैक्षिक सामग्री निर्माणमा समयको अभाव छ । | शै.सा. विषयमा<br>-निर्माण र प्रयोगको लागी समयको अभाव छ ।<br>-निर्माण गर्न नसकिने सामग्री विद्यालयले खरिद गरि व्यवस्था गर्नु पर्ने |
| श्री लुङथुङ प्रा.वि. लेलेप-६ | -विषयगत शै सामग्री निर्माणमा ज्ञान र सिपको अभाव एकातीर छ भने अर्का तिर निर्माण सामग्रीको पनि अभाव रहेको पाइन्छ ।<br>-शै निर्माण प्रति शिक्षकहरुको र प्रयोग विद्यालयको वातावरण व्यवस्थित वनाउनु पर्दछ । | सामग्री निर्माणको स्रोत, साधनहरु जुटाउनु पर्दछ ।<br>-विद्यार्थीको पनि निर्माणमा कार्यमा सहयोग लिनु पर्दछ ।<br>-आर्थिक पक्षको व्यवस्थापन गर्नु पर्दछ । |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकालाई विश्लेषण गर्दा छनौटमा परेका विद्यालयहरुमा विषयगत शैक्षिक सामग्री कम मात्रमा उपलब्ध भएको र शिक्षण कार्यमा पनि न्यून प्रयोग भएको पाइन्छ । विषयगत सामग्री निर्माणमा आर्थिक अभाव, स्रोत, साधनको कमी, समयको अभाव, तालिमको अभाव, शिक्षकको लगात न्यून, जस्ता कारणहरुले समस्या रहेको देखिन्छ ।

शिक्षण सिकाई प्रकृयालाई व्यवस्थित गरी विषयगत सामग्रीको निर्माण र प्रयोगमा शिक्षक परिवार एक जुट भई, निर्माण र प्रयोग गर्नु पर्ने देखिएको छ । समयको व्यवस्थापन, आर्थिक स्रोत, निर्माण साधन, प्रयोगशाला, व्यवस्था गरी शिक्षण कार्य प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

### ४.३.६ शैक्षिक सामग्री प्रयोग पछि हिफाजात

शैक्षिक सामग्री निर्माण मात्र महत्वपूर्ण रहने तर निर्माण पछिको उक्त सामग्रीको हिफाजात गर्नु आवश्यक रहन्छ । यसै क्रममा छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीबाट प्राप्त सुचनाको आधारमा सूचनाको व्याख्या विश्लेषण गरिएको छ ।

तालिका १८ शैक्षिक सामग्री प्रयोग पछि हिफाजात

| क.सं. | सुचकहरु | प्र.अ. | शिक्षक | विद्यार्थी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | हिफाजातको अवस्था अति राम्रो | | | | ० | ०% |
| २ | हिफाजातको अवस्था मध्य | १ | २ | ४ | ७ | ३८.८८% |
| ३ | हिफाजातको अवस्था न्यून | २ | ३ | ४ | ९ | ५०% |
| ४ | हिफाजातको अवस्था अति न्यून | | १ | १ | २ | ११.११% |
| | जम्मा | ३ | ६ | ९ | १८ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिका १८ वाट शैक्षिक सामग्री प्रयोग पछि पुन हिफाजात को अवस्था थाहा पाउन प्र.अ., शिक्षक र विद्यार्थीहरुबाट सुचना संकलन गर्दा औसत रुपमा के भन्न सकिन्छ भने छनौटमा परेका विद्यालयहरुमा अती उत्तम हिफाजात कही पनि नरहेको पाइयो । हिफाजातको मध्यम अवस्था मा ३८.८८% मत पाइयो । त्यसैगरी न्यून हिफाजातमा ५०% रहेको छ भने अति

न्यून हिफाजातमा ११.११% सुचनाहरु रहेको छ । शैक्षिक सामग्री प्रयोग पछि विद्यालयहरुले सामग्रीको हिफाजात गर्ने गरेको पाइयो । सामग्रीको हिफाजात कार्यमा सम्पूर्ण विद्यालय परिवार सक्रिय र निरन्तर लाग्नु पर्ने देखिन्छ । हिफाजात कार्यको राम्रो व्यवस्था मिलाउन विद्यालयलाई चुनौति रहेको र सोको निराकरण गर्नु आवश्यक रहको देखिन्छ ।

## ४.४ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानको उपायहरु

शिक्षण कार्यलाई सफल र प्रभावकारी ढंगबाट सफल पार्नुका लागि शैक्षिक सामग्री प्रयोगमा देखिएका विभिन्न समस्याहरुलाई निराकरण गर्नु पर्दछ । शैक्षिक सामग्री प्रयोगका समस्याहरु हटाएर शिक्षण कार्य प्रभावकारी वनाउन सरोकारवाला पक्षहरुले सक्रिय भूमिका निर्वाह गर्नु गराउनु पर्दछ । शैक्षिक सामग्री प्रयोगमा समस्याहरु हटाउन निम्न उपायहरु अवलम्वन गर्न सकिन्छ ।

### ४.४.१ शै.सा. व्यवस्थापनमा सुधार गर्नु पर्ने

शैक्षिक सामग्री प्रयोगका समस्याहरु समाधान गर्न छनौटमा परेका विद्यालयहरुले विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापनमा सुधार गर्ने पर्ने महत्वपूर्ण पक्षको रुपमा देखिन्छ । व्यवस्थापन पक्षमा सुधार गर्न प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा वि.व्य.स. पधाधिकारीको अहम भूमिका रहन्छ । शिक्षक परिवारबाट विद्यालयमा के, कस्ता, कति मात्रमा, कुन प्रकारको सामग्री विद्यालयमा छ सो कुराको छलफल वैठक गरी एकीन गर्ने, ती सामग्रीको कसरी संरक्षण गर्ने, विद्यालयमा भएका स्रोत साधनको उपयोग गरी कसरी सही मात्रमा भण्डारण गर्न सकिन्छ उपयुक्त विकल्पको खोज गरी व्यवस्थापन कार्यको प्रारम्भ गर्ने, शिक्षक परिवार वाटै विद्यालयलाई के  कति शैक्षिक सामग्रीहरु खरिद तथा संकलन गर्नु पर्ने हो सोको खाका तयार पारी व्यवस्थापन गर्नु गराउनु पर्दछ । विद्यालयमा वर्तमान अवस्थामा रहेको सामग्री के, कसरी, कुन ठाउँमा छन, सही व्यवस्थापन भएको छ वा छैन सो कुराको छलफल गरी प्रष्ट हुनु पर्दछ र व्यवस्थापन कार्य गर्नु पर्दछ । सामग्रीहरुको विशेषताका आधारमा फरक फरक ठाउँमा भण्डारण गर्नु गराउनु पर्दछ । प्रधानाध्यपकले व्यवस्थापन पक्षमा शिक्षकहरुलाई आ-आफ्नो जिम्वेवारी दिएर कामको वाड फाट गरी गराउनु राम्रो हुन्छ । शिक्षक परिवार भित्र राम्रो सुमधुर सदभाव र सहयोगी भावनाको विकास गराउनु पर्दछ । आर्थिक स्रोत जुटाउनु सवै पक्षले ध्यान दिनु पर्दछ र स्रोतको परिचालन गरी व्यवस्थापनमा आवाश्यक सवै साधनहरु संकल र खरिद गर्नु गराउनु पर्ने देखिन्छ । व्यवस्थापन पक्षमा समूदायको पनि सक्रियता बढाउनु पर्ने आवश्यकता देखिन्छ । शैक्षिक सामग्रीको

व्यवस्थापनमा आवश्यक परेको खण्ड विद्यार्थीहरुबाट सहयोगको आशा र अपेक्षा गर्नु आवश्यक देखिन्छ ।

### ४.४.२ शै.सा. प्रयोगमा सुधार गर्ने

शैक्षिक सामग्री प्रयोगमा देखिएको समस्याहरु समाधान गर्न शै.सामग्री प्रयोगमा सुधार गर्नु पर्ने देखिन्छ । छनौटमा परेका विद्यालयहरुमा पनि सामग्री प्रयोगमा सुधार गरी शिक्षण गरेमा सि.उ. वृद्धि कार्य दक्षतामा वृद्धि हुन जान्छ । विद्यालयमा कक्षा शिक्षणका लागि आवश्यक पर्ने शै.सामग्रीको उपलब्धता कम मात्रामा रहेता पनि शिक्षकहरुले सामग्री प्रयोग गरेर शिक्षण गरेको पाइन्छ । विद्यालयहरुले पनि आर्थिक अभाव भएता पनि आवश्यक शै.सामग्री व्यवस्थापन गरेको नै पाइन्छ । शैक्षिक सामग्रीको प्रयोगमा सुधार गर्न प्रधानाध्यापकले कक्षा शिक्षणको अवोलोकन निरन्तर हुनु पर्ने र शिक्षकहरुलाई आवश्यक सुझाव दिनु पर्ने सके राम्रो हुन्छ । सामग्री निर्माण र प्रयोगमा शिक्षकहरुलाई सधै प्रेरणा प्रदान गर्नु तथा दिनु पर्दछ । विषयगत सामग्रीहरुको व्यवस्थापन र प्रयोगमा सहयोग गर्नु प्र.अ. को कर्तव्य रहेको हुँदा प्र.अ. सक्रिय रहनु पर्दछ । प्रधानाध्यापकले आफ्नो शिक्षक स्टापबाट के कस्ता सामग्रीहरु खरिद गर्नु पर्छ र प्रयोग गर्न पर्छ सोको जानकारी लिएर कार्य गर्दा राम्रो हुन्छ । विद्यालयमा प्रयोगशाला तथा भण्डारण कक्षाको व्यवस्था गरेर पनि शैक्षिक सामग्रीको प्रयोगलाई वढाउन सकिन्छ । विद्ालयलाई आवश्यक सामग्री थप गर्दै, भएका पुरानो शैक्षिक सामग्रीहरुलाई संरक्षण र व्यवस्थापन गर्नु गराउनु पर्दछ । विद्यालयमा नविनतम विद्युतीय सामग्रीहरुको व्यवस्थापन गरी सहज रुपमा विभिन्न सामग्रीहरुको प्रयोग वढाउन सकिन्छ । शैक्षिक स ामग्री प्रयोगमा बढुवा दिन शिक्षकहरुलाई आफ्नो कार्य प्रति सक्रिय हुन अनुरोध गर्नु पर्दछ । सम्बन्धीत निकायले समय समयमा शै.सामग्री निर्माण र प्रयोग सम्बन्धि तालिमको व्यवस्था गरि शिक्षकहरुको क्षमता अभिवृद्धि गरिदिनु पर्दछ र अनुगमन कार्यलाई व्यवहारीक बनाउनु पर्दछ ।

### ४.४.३ शैक्षिक सामग्री निर्माण र संकल्पमा सुधार गर्ने

विद्यालयले शैक्षिक सामग्री व्यवस्थापन गर्ने क्रममा सबै आवशयक शै. सामग्री खरिद गरेर मात्र पुरा हुन सक्दैन र कतिपय सामग्री खरिद गर्न चाहादा पनि उपलब्ध हुन सक्दैन त्यसैले विद्यालयले आफ्नो स्रोत र साधन प्रयोग र परिचालन गरी सामग्री निर्माण र संकलन गरी शै. सामग्री भरिपूर्ण विद्यालय बनाउन सकिन्छ । बजारमा उपलब्ध तथा प्राप्त हुने सामग्रीहरु विद्यालयले खरिद गरी भण्डारण गर्नु पर्ने देखिन्छ भने अन्य सामग्री शिक्षक तथा विद्यार्थीको

सहयोगबाट विद्यालय भित्र तथा बाहिर नै निर्माणर संकलन गर्नु तथा गराउनु पर्दछ । विद्यालयमा प्रधानाध्यापकले शैक्षिक सामग्री निर्माणका लागि चाहिने आधारभूत कच्चा पदार्थ तथा सामग्रीहरुको राम्रो व्यवस्थापन गरी शिक्षकहरुलाई आफ्नो आफ्नो विषयको शै. सामग्री निर्माण तथा प्रयोगका लागि सल्लाह तथा सुझाव र निर्माणकालाई सक्रिय बनाउन पर्दछ । शैक्षिक सामग्री निर्माण र संकलन मात्र गरेर हुँदैन सो सामग्री कक्षा कोठामा पनि प्रयोग व्यवहारीक रुपमा प्रयोग भएका छन् वा छैन सो को मूल्याङ्कन तथा अनुगमन कार्य गर्नु पर्दछ । शै. सामग्री निर्माण र संकलनमा उत्कृष्ट शिक्षकलाई सम्मान तथा पुरस्कार प्रदान गर्नु पर्दछ । स्थानीय स्तरमा प्राप्त सामग्रीहरु संकलन गरी प्रयोग गरेमा अझ सिकाइ प्रभावकारी हुन्छ र संकलनमा जोड दिनु पर्दछ । संकलित तथा निर्माण सामग्रीहरुलाई व्यवस्थापन गरी प्रयोग गर्नु राम्रो हुन्छ । कतिपय आवश्यक शै. सामग्रीहरु त विद्यार्थीहरुबाट संकलन प्रकृया गर्दा सहज पर्दछ र स्थानीय स्तरमा खेर गएका विना मूल्यका वस्तुहरु संकलन गरी शिक्षण कार्यलाई प्रभावकारी र रोचक नमाउनु सहयोग पुऱ्याउनु पर्दछ ।

## ४.४.४ शैक्षिक सामग्री निर्माण तथा संकलन प्रकृयामा विद्यार्थीका भूमिका

विद्यार्थीहरु विद्यालयको मूख्य लगानिको रुपमा रहेका हुन्छ र विद्यालयले जे जति कार्यहरु गर्दछ ती सबै बालबालिकाहरुको सि.उ.वृद्धिका लागि गरिन्छ । शै. सामग्री निर्माण, प्रयोग र संकलन तथा सुरक्षामा विद्यार्थीहरुको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षकको निर्देशनमा विद्यार्थीबाट थुप्रै कार्यहरुमा सहयोग लिन सकिन्छ । विशेष गरी विद्यार्थीहरुलाई शिक्षण कार्यमा आवश्यक पर्ने स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीहरु संकलनमा ठूलो योगदान प्रदान गर्न सक्दछ र कक्षा कोठामा भएका शै. सामग्रीहरुलाई संरक्षण प्रदान गर्न विद्यार्थीहरुको भूमिका रहेको हुन्छ । शिक्षक तथा विद्यार्थीबिच सुमधुर सहयोगी सम्बन्धको विकास गरी शिक्षण कार्यलाई आवश्यक सामग्री निर्माण, प्रयोग तथा संकलनमा विद्यार्थीहरुका सहयोग महत्वपूर्ण रहन्छ । यसरी सामग्री संकलन, प्रयोग, निर्माणमा सरिक गराउदा बालबालिकाहरुमा जिम्वेवारी तथा दायित्व बोधको पनि विकास हुन जान्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

विद्यालयको विकास भन्नु नै शैक्षिक प्रगतिका सूचकहरुमा वृद्धि एवं सुधार हुनु हो । यसका लागि विद्यालयमा भौतिक पक्ष, शैक्षिक पक्ष, आर्थिक पक्ष लगायत सामाजिक पक्षमा राम्रो विकास भएको हुनु पर्दछ । उल्लेखित पक्षहरुमा के कति सुधार भयो वा भएन अर्थात् शिक्षण कार्यलाई प्रभावकारी बनाउन विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापन पक्षले कस्तो भूमिका खेलेको हुन्छ र शैक्षिक सामग्री निर्माण तथा प्रयोगका बारेमा शिक्षकहरुलाई तालिमको व्यवस्था के कस्तो छ भन्ने कुराको अध्ययनका सन्दर्भमा विभिन्न प्रकारले तथ्यांकहरु संकलन गर्ने कार्य सम्पन्न गरियो । उक्त तथ्यांक संकलन गर्नका लागि स्थलगत रुपमा आधिकारिक सरोकारवालासंग गई तथ्यांक संकलन गर्ने काम भएको थियो । त्यसै गरी शैक्षिक क्षेत्रका सरोकारवाला स्रोत व्यक्ति, वि.व्य.स. लगायतसंग समेत प्रश्नावलीका माध्यमबाट तथ्यांक संकलन गरिएको थियो । सोही तथ्यांकबाट प्राप्त प्राप्ति र निष्कर्षलाई तल प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस शोध अध्ययनको क्रममा नमुना छनौटमा रहेका विद्यालयहरुमा तथ्यांक संकलनका क्रममा स्थलगत अध्ययनबाट प्राप्त शैक्षिक सामग्री व्यवस्थापन, उपलब्धता र प्रयोग बारेको विश्लेषणलाई प्राप्तिको रुपमा अनुच्छेदमा उल्लेख गरिएको छ ।

शैक्षिक सामग्री विद्यालयमा प्रयोग गरिने कक्षा शिक्षणको अति आवश्यक तत्व महशुस गरी उपलब्धताका लागि विद्यालयले पहल गरे तापनि सम्बन्धित निकायले समयमा सहज रुपमा उपलब्ध गराउन ढिलाइ गरिदिनाले समयमा सहजताका साथ शैक्षिक सामग्री प्रयोगमा कठिनाइ रहेको पाइएको छ । कतिपयमा शैक्षिक सामग्री भण्डारणका लागि छुट्टै कोठाको व्यवस्था नभएर सामग्रीहरु दराजमा थुनिएर बसेको अवस्था सम्म पनि देखिएको छ । पर्याप्त मात्रामा शैक्षिक सामग्री नहुँदा कसैले प्रयोग गर्ने र नगर्ने हुनु भन्दा कसैले पनि प्रयोग नगर्ने परिपाटीको विकास हुँदै जानुले शैक्षिक सामग्रीप्रतिको उदासिनता पनि प्रष्टिन जान्छ । जसले विद्यार्थीको सिकाइमा समेत नकारात्मक असर पर्ने अवस्था देखिएको छ ।

शैक्षिक सामग्रीको राम्रो प्रबन्ध भएका विद्यालयमा विद्यार्थी लगायत अभिभावकको पनि तीव्र लगाव रहेको देखिन्छ , जसले गर्दा विद्यार्थी भर्नामा प्रवेश परीक्षाको व्यवस्था हुँदै आएको पाइएको छ । यसले गर्दा विद्यालयको आर्थिक पक्षमा सुधार आई शैक्षिक प्रणालीलाई सफल पार्न र

सिकाइलाई व्यवहारिक बनाउने हैसियतले समयसापेक्ष स्थानीय पाठ्क्रम निर्माण र शैक्षिक सामग्री निर्माणका लागि तालिमको व्यवस्था समेत गर्न सकिने अवस्थाको सिर्जना भएको देखिएको छ ।

शैक्षिक सामग्रीको प्रयोगले कक्षा शिक्षण कार्य सहज र प्रभावकारी हुने साथै सिकाइले स्थायीत्व पाउनाले नयाँ कुराको सिकाइमा विद्यार्थीको उत्सुकता थपिनु उत्तिकै लाभदायी रहन जाने प्रष्ट देखिएको छ । तसर्थ विद्यालयमा उपलब्ध सामग्री र स्थानीय स्तरबाट निर्माण गर्न सकिने जस्तासुकै सामग्री तालिम पाएमा उचित ढंगले प्रयोग गर्न शिक्षणसिकाइलाई रोमाञ्चक र प्रभावकारी बनाउन शिक्षकहरु समेतको उत्तिकै सक्रियतामूलक सहभागीता रहने कुरालाई स्वीकार गर्न सकिने अवस्था देखिन्छ ।

विद्यालयको आर्थिक पक्षको हिसाबले समुदायसंगको सम्बन्धले विभिन्न शीर्षकमा रकम निकासा हुने र उक्त रकमले आवश्यक शैक्षिक सामग्री, खेल सामग्री र अन्य सन्दर्भ सामग्री पनि खरिद गर्नमा सहजता आउने अवस्थाको सिर्जना भएकोले प्रत्येक विद्यालयमा देखिएका शैक्षिक सामग्रीसंग सम्बन्धित समस्याको निराकरण गर्नका निम्ति विषयगत शिक्षकहरुलाई सामग्री निर्माण र प्रयोग सम्बन्धी तालिमको उचित प्रबन्ध हुनका साथै दक्षले तालिम नलिएका र अर्धदक्ष शिक्षकहरुलाई समेत सामग्री प्रयोगका सम्बन्धमा आवश्यक सुझाव सल्लाह दिने सक्ने अवस्था देखिएको छ ।

यसरी प्राथमिक तहका बालबालिकाको सिकाइमा शैक्षिक सामग्रीको उचित प्रबन्ध र सही प्रयोगले विद्यार्थीको विद्यालय सहभागितामा नियमितता देखिनुका साथै विद्यालयको समग्र शैक्षिक प्रगतिमा सुधार आएको पाइएको छ ।

## ५.२ निष्कर्ष

यस शोध कार्यमा लेलेप गा.वि.स.का प्रा.वि. मध्ये ३वटा प्रा.वि.लाई नमुना छनौट गरी प्राथमिक तहमा शैक्षिक सामग्रीको निर्माण, संकलन तथा व्यवस्थापन र प्रयोगको प्रभावकारिता बारे अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट शैक्षिक सामग्री प्रयोग र व्यवस्थापनमा देखिएका समस्या सुल्झाउने उपाय समेत उल्लेख गर्नुका साथै विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीहरुको अवस्थाको पहिचान गरी विश्लेषणात्मक अध्ययनका आधारमा निम्न निष्कर्षहरु निकालिएका छन् :

शैक्षिक सामग्रीको पर्याप्त मात्रामा प्रबन्ध र प्रयोग नभए पनि विद्यालयहरुमा उपलब्ध सामग्रीलाई उचित रुपले प्रयोगमा ल्याइएका विद्यालयहरुमा विद्यार्थीको विद्यालय नियमितता

बढ्नुका साथै शैक्षिक प्रगतिमा सुधार आएको पाइएको छ । यसका लागि आफ्ना स्रोत र साधनले भ्याएसम्म स्थानीय स्रोत तथा साधनहरुलाई परिचालन हुने गरी समयसान्दर्भिक तालिमको व्यवस्था गरेको पाइयो ।

विद्यालयमा आवश्यक सामग्रीहरुको प्रबन्ध मिलाउन कठिनाइ भए पनि पछिल्लो समय विभिन्न दातृ संस्थाहरुको सहयोगमा सामग्री खरिद गर्नमा धेरै सहजता आएको पाइएको देखियो । जसको परिणाम समुदायकै पहलमा विद्यार्थी भर्ना प्रक्रिया अगाडि बढाइने र विद्यालय नियमिततामा जोड पुगेकाले शिक्षकको शिक्षण दक्षतामा अभिवृद्धि हुनुका साथै विद्यार्थीहरुको सामाजिक लगायतका अतिरिक्त क्रियाकलापमा सक्रिय सहभागिता देखिनु सकारात्मक सुधारका पक्षहरु हुन् भनी किटान गर्न सकिने स्थिति देखिएको छ ।

## ५.३ सुझावहरु

प्राथमिक तहको शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोगमा केन्द्रित रहेर गरिएको यो शोध अध्ययनमा प्राप्त तथ्यांकहरु र सोको व्याख्या विश्लेषण तथा प्रस्तुत प्राप्ति रनिष्कर्षका आधारमा शैक्षिक सामग्री प्रयोग सम्बन्धी तालिमबाट लिइएका सीपहरुको कक्षा शिक्षणमा प्रयोगलाई व्यवस्थित र प्रभावकारी बनाउन निम्न तहका लागि बेग्लाबेग्लै सुझावहरु यहाँ प्रस्तुत गरिएको छ ।

### नीति निर्माण तह

विद्यालयहरुको कक्षाकोठामा पर्याप्त अभ्यासको लागि समय नपुग्ने भएकाले विद्यालय एवम् विद्यार्थीको स्थानीय परिवेशको पहुँचमा रहने शैक्षिक सामग्रीको प्रयोगलाई प्राथमिकता दिई त्यसका लागि विद्यालयको कक्षाकोठाको आकारको व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिमको कक्षाकोठाको आकारको व्यवस्था  हुनु आवश्यक छ ।

विद्यालयहरुमा पर्याप्त मात्रामा आर्थिक एवम् भौतिक स्रोतहरु उपलब्ध गराउन आवश्यक देखिन्छ । जसले गर्दा खरिद गर्नुपर्ने खालका शैक्षिक सामग्रीहरु समेत खरिद गर्न सकियोस् । विश्वमा भएका नविनतम ज्ञान, सीप र प्रविधिको बारेमा छोटो अवधिका पुनर्ताजगी तालिमहरु सञ्चालन गरिनु आवश्यक छ ।

शैक्षिक सामग्री प्रयोग सम्बन्धी सीपहरु कक्षाकोठामा प्रयोग गराउने सम्बन्धी प्रधानाध्यापकहरुलाई पूर्ण अधिकार दिएर अनुगमन मूल्यांकन प्रणालीलाई वैज्ञानिक र विश्वसनिय

बनाउन स्पष्ट सरकारी नीति तर्जुमा गर्न आवश्यक देखिन्छ । शिक्षकहरुलाई आफ्नो पेशाप्रति जवाफदेहि बनाउने प्रकृया अपनाउन जरुरी देखिन्छ साथै शिक्षकहरुलाई गैर राजनीति तर्फ उत्प्रेरित गराउनु पनि आवश्यक छ ।

अभ्यास तह

शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी भए मात्र अपेक्षित सिकाइ उपलब्धि पूरा हुन सक्दछ । शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकहरुलाई समय समयमा विभिन्न किसिमका तालिमहरु दिइएको हुन्छ ।

विद्यालयको शैक्षिक कार्यक्रमलाई व्यवस्थित तबरले सञ्चालन गरी विद्यार्थीलाई उच्च शैक्षिक उपलब्धि हासिल गर्न सक्षम बनाउने तर्फ विद्यालय प्रशासन उत्साहित हुनु पर्दछ । त्यसैगरी शैक्षिक सामग्री प्रयोग सम्बन्धी तालिमबाट प्राप्त सीपहरुको प्रयोग गरी शिक्षण गर्ने शिक्षकलाई पुरस्कार र नगर्ने शिक्षकलाई दण्डको व्यवस्था तत्काल गर्नुपर्दछ । सम्बन्धित निकायद्वारा तालिमबाट प्रदान गरिएको ज्ञान र सीप शिक्षकरुले कक्षाकोठामा प्रयोग गरे नगरेको नियमित रुपमा अनुगमन गर्नुपर्दछ । त्यसै गरी शिक्षक तथा विद्यालयलाई शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नका लागि आर्थिक एवम् प्राविधिक सहयोग प्रदान गर्नुका साथै स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नमा प्रोत्साहन गर्नु पर्दछ ।

शिक्षक तालिम व्यवहारिक एवं चिरस्थायी बनाउन शिक्षक आफैले प्रयत्न गर्नुपर्ने, तालिममा सिकेका ज्ञान र सीपलाई आफ्नो कार्यक्षेत्रमा लगाउन अभिप्रेरित गराउनु पर्ने देखिन्छ । साथै विद्यालय परिवार, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिको नियमित बैठक बसी शिक्षकहरुको कमजोर प्रवृत्ति, सरकारको काम कहिले जाला घाम भन्ने सोचलाई हतोत्साहित पार्नुका साथै सदैव गुणस्तरीय शिक्षा विद्यार्थीको मनोविज्ञान र प्रभावकारी शिक्षण सिकाई क्रियाकलाप आदि सम्बन्धमा समेत बैठक केन्द्रित रहनु पर्दछ ।

अनुसन्धान तह

नेपाल अहिले राजनीतिक, सामाजिक र आर्थिक रुपान्तरणको प्रकृयामा लम्किरहेको छ । आ-आफ्ना भाषा, धर्म, संस्कृति र पेशाको संरक्षण र विकासका लागि विद्यमान लिङ्गीय, जातीय, क्षेत्रीय विभेदको अन्त्य गरी राज्य पुनसंरचना तथा निर्माणका लागि गम्भीर समस्याको विषय खड्किदै आएको छ । यस्तो अवस्थामा नेपालको शिक्षापद्धतीको पुनसंरचना कसरी गर्ने र शैक्षिक क्षेत्रले

भोगिरहेका गम्भीर समस्या कसरी र कस्तो समाधान खोज्ने महत्वपूर्ण प्रश्न अनुसन्धान तहमा देखिन आएको छ ।

अध्ययनको क्रममा जे जति विषयहरु उठेका छन् तिनले समाज र राज्यको विभिन्न संकटहरुको अन्त्य गर्न शिक्षा क्षेत्रको के कस्तो दायित्व हुने, कुन कुन पक्षमा कस्को जवाफदेहिता रहने, स्रोत साधनमा पहुँच र पहिचानको अधिकार जस्ता सवालहरु पनि प्रष्ट रुपमा देखिएका छन । शिक्षक विद्यार्थी अनुपात, तहगत र विषय शिक्षकको व्यवस्था, विद्यालयको भौतिक निर्माण र विकास, शिक्षकको पेशागत सुरक्षा तथा पेशाप्रतिको जवाफदेहिता, विद्यालयको समग्र शैक्षणिक कार्यक्रमको अनुगमन आदि कार्यहरु के कस्ता मापदण्ड र प्रकृयाबाट अवलम्बन गर्दा वैज्ञानिक शिक्षा प्रणालीको विकास हुन्छ भन्ने कुराको व्यापक अनुसन्धान हुनु आवश्यक छ ।

यो अनुसन्धान प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउने सबालसँग मात्र सम्बन्धित नभएर हाल विद्यमान मुलुकको समग्र शैक्षिक पुर्नसंरचनाको सवालसँग समेत सम्बन्धित छ भन्ने स्पष्ट हुन जान्छ । त्यसैले शिक्षा क्षेत्रमा वैज्ञानिक शिक्षा प्रणालीको विकास गरी शैक्षिक उपलब्धि वृद्धि गर्नुपर्ने कार्यहरुको अनुसन्धान हुन नितान्त आवश्यक भएको पुष्टि हुन्छ ।

❖ विद्यालयहरुमा शैक्षिक सामग्रीको प्रयोग र निर्माण सम्बन्धमा धेरै बर्षको अनुभव प्राप्त गरेका शिक्षकहरुबाट राय सुझाव लिनुका साथै विभिन्न खोन, अध्ययन र अनुसन्धानबाट प्राप्त निष्कर्षहरु सङ्कलन गरि शैक्षिक सामग्री प्रयोगमा देखिएका कमि कमजोरीलाई सुधार गर्नु पर्दछ ।
❖ शैक्षिक सामग्रीको प्रयोगको तिब्रता ल्याउनका लागि जिल्ला शिक्षा कार्यालय, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरु बिच समय समयमा बैठक व्यवस्था गरी सामग्रीहरुको अनिवार्य प्रयोगको लागि जोड दिनु पर्दछ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०६५),*माध्यमिक शिक्षा दिग्दर्शन;* काठमाण्डौः आशिष बुक हाउस ।

अधिकारी, तोयानाथ (२०६७), *शिक्षाको परिचय,* काठमाडौ : आठराई प्रकाशन ।

उपाध्याय, श्रीराम (२०५९), *इतिहास शिक्षण विधि*; काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

काफ्ले,वासुदेव र अन्य(२०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा;* काठमाण्डौः विद्यार्थी प्रकाशन ।

काफ्ले, भोजराज (२०७०, जेठ), *सिकाइ सामग्री र शैक्षिक गुणस्तरको साइनो,* शिक्षक मासिक ।

शिक्षक मासिक, बर्ष ६, अङ्क ६२ ।

खनाल, पेशल(२०६४), *शैक्षिक अनुसन्धान पद्धति;*काठमाण्डौः सनलाइट पब्लिकेशन ।

घिमिरे, सुदर्शन (२०७०, जेठ), *ज्ञान त प्रयोगले दिन्छ,* शिक्षक मासिक, बर्ष ६, अङ्क ६२ ।

ढकाल, केशवराज (२०६८),*सामाजिक अध्ययन शिक्षण*; काठमाण्डौं : क्वेस्ट पब्लिकेसन ।

पहाङ्गबो, सुनमाया(२०७१),*Techniques used by the teachers in tesching speaking skill*.M.ED Thesis; Morang, Sukuna campus.

पौड्याल, अनन्तकुमार (२०७०, जेठ), *शैक्षिक र शैक्षणिक प्रविधि प्रयोग र लाभ,* शिक्षक मासिक, बर्ष ६, अङ्क ६२ ।

पौड्याल, भैरवप्रसाद (२०६८), *विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोगको अवस्था अध्ययन,* अप्रकाशित शोधपत्र : मोरङ्ग, सुकुना बहुमुखी क्याम्पस ।

बिष्ट,प्रेमसिंह र महेन्द्रराज जोशी(२०६७), *जनसंख्या शिक्षा शिक्षण पद्धति;* काठमाण्डौः भुँडीपुराण पब्लिकेशन ।

विश्वकर्मा, बाबुराम (२०७० जेठ), *राम्रो शिक्षाका निम्ति शैक्षिक सामग्री,* शिक्षक मासिक, बर्ष ६, अङ्क ६२ ।

भट्टराई, उत्तमराज र अन्य(२०६९),*जनसंख्या शिक्षा शिक्षण विधि;*काठमाण्डौः जुपिटर पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

भण्डारी, मुकुन्दप्रसाद(२०६६), *शिक्षाको परिचय;* काठमाण्डौः अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन

लुईंटेल, चक्रपाणि (२०६८),*परि.सं.सातौं, सामाजिक अध्ययन शिक्षण*; काठमाण्डौं : निमा पुस्तक प्रकाशन ।

शर्मा, गोपीनाथ, *नेपालका शिक्षा आयोगहरुका प्रतिवेदनहरु,* काठमाण्डौः मकालु बुक्स एण्ड स्टेशनर्स।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०५९), *विकासका निम्ति शिक्षा,* त्रिपुरेश्वर, काठमाण्डौं ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०६०), *विकासका निम्ति शिक्षा,* त्रिपुरेश्वर, काठमाण्डौं ।

सापकोटा, रमाकान्त (२०६२), *शिक्षण प्रविधि र नवपर्वतनलाई कक्षामा भित्र्याउने प्रस्ताव,* बाल्मिकी स्मारिका, बाल्मिकी शिक्षा सदन भरतपुर, चितवन ।

श्रेष्ठ, चन्द्रबबहादुर र सम्झना बस्न्यात(२०६५), *शैक्षणिक पद्धति;* काठमाण्डौः भुँडीपुराण पब्लिकेशन ।

हाडा, भुपेन्द्र (२०५९), *गुणस्तरीय शिक्षण विकासका निमित्त शिक्षा,* किर्तिपुर, काठमाण्डौं ।

## प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची १

शैक्षिक सामग्रीको उपलब्धताबारे स्रोतव्यक्तिलाई तयार गरिएको प्रश्नावली

१. विद्यालयमा शैक्षिक सामग्री उपलब्ध गराउनमा तपाईंको पहल छ ?

क) छ ख) छैन ग) कम मात्र छ ।

२. शैक्षिक सामग्रीको प्रयोगमा नल्याएको अवस्था छ ?

क) छ ख) छैन ग) अनिश्चित

३. शैक्षिक सामग्री निर्माणको लागि तालिमको व्यवस्था छ ?

क) छ ख) छैन ग) अनिश्चित

४. शैक्षिक सामग्रीको अवस्था बुझ्न अनुगमनको व्यवस्था छ ?

क) छ ख) छैन ग) कहिलेकाहीँ

५. शैक्षिक सामग्री खरिद गर्न सम्बन्धित कार्यालयमा रकम माग गर्ने अवस्था छ ?

क) छ ख) छैन ग) कहिलेकाहीँ

६. शैक्षिक सामग्री प्रयोग गर्ने दक्ष शिक्षकहरूको अभाव छ ?

क) छ ख) छैन ग) अनिश्चित

७. शैक्षिक सामग्री खरिद गर्नका लागि निकासा भएको रकम अरू शीर्षकमा नै खर्च गर्ने व्यवस्था छ कि ?

क) छ ख) छैन ग) कहिलेकाहीँ

# प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची २

शैक्षिक सामग्रीको उपलब्धताबारे प्रधानाध्यापकलाई तयार गरिएको प्रश्नावली

१. विद्यालयमा शैक्षिक सामग्री उपलब्ध गराउनमा तपाईंको पहल छ ?

क) छ  ख) छैन  ग) कम मात्र छ ।

२. शैक्षिक सामग्रीको प्रयोगमा नल्याएको अवस्था छ ?

क) छ  ख) छैन  ग) अनिश्चित

३. शैक्षिक सामग्री निर्माणको लागि तालिमको व्यवस्था छ ?

क) छ  ख) छैन  ग) अनिश्चित

४. शैक्षिक सामग्रीको अवस्था बुझ्न अनुगमनको व्यवस्था छ ?

क) छ  ख) छैन  ग) कहिलेकाहीँ

५. शैक्षिक सामग्री खरिद गर्न सम्बन्धित कार्यालयमा रकम माग गर्ने अवस्था छ ?

क) छ  ख) छैन  ग) कहिलेकाहीँ

६. शैक्षिक सामग्री प्रयोग गर्ने दक्ष शिक्षकहरूको अभाव छ ?

क) छ  ख) छैन  ग) अनिश्चित

७. शैक्षिक सामग्री खरिद गर्नका लागि निकासा भएको रकम अरू शीर्षकमा नै खर्च गर्ने व्यवस्था छ कि ?

क) छ  ख) छैन  ग) कहिलेकाहीँ

## प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची ३

शैक्षिक सामग्रीको अवस्था पहिचान गर्न प्र.अ.हरूलाई तयार पारिएको खुला प्रश्नावली

१. तपाईंको विद्यालयमा शैक्षिक सामग्रीको अवस्था कस्तो छ ?

२. शैक्षिक सामग्रीको संरक्षणमा सुधार गर्नु पर्ने पक्षहरू के के छन् ?

३. शैक्षिक सामग्री प्रयोगमा शिक्षकहरूको उत्साह कत्तिको रहेको छ ?

४. शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी तालिममा शिक्षकहरूलाई सहभागी गराउन विद्यालयको कस्तो भूमिका रहेको छ ?

५. शैक्षिक सामग्री निर्माण, व्यवस्थापन र प्रयोगमा देखिएका समस्या समाधान गर्ने उपायहरू के के हुन् ?

# प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची४

शैक्षिक सामग्रीको उपलब्धताबारे शिक्षकलाई तयार गरिएको प्रश्नावली

१. विद्यालयमा शैक्षिक सामग्री उपलब्ध गराउनमा तपाईंको पहल छ ?

क) छ ख) छैन ग) कम मात्र छ ।

२. शैक्षिक सामग्रीको प्रयोगमा नल्याएको अवस्था छ ?

क) छ ख) छैन ग) अनिश्चित

३. शैक्षिक सामग्री निर्माणको लागि तालिमको व्यवस्था छ ?

क) छ ख) छैन ग) अनिश्चित

४. शैक्षिक सामग्रीको अवस्था बुझ्न अनुगमनको व्यवस्था छ ?

क) छ ख) छैन ग) कहिलेकाहीँ

५. शैक्षिक सामग्री खरिद गर्न सम्बन्धित कार्यालयमा रकम माग गर्ने अवस्था छ ?

क) छ ख) छैन ग) कहिलेकाहीँ

६. शैक्षिक सामग्री प्रयोग गर्ने दक्ष शिक्षकहरूको अभाव छ ?

क) छ ख) छैन ग) अनिश्चित

७. शैक्षिक सामग्री खरिद गर्नका लागि निकासा भएको रकम अरू शीर्षकमा नै खर्च गर्ने व्यवस्था छ कि ?

क) छ ख) छैन ग) कहिलेकाहीँ

अनुसूची ५

शैक्षिक सामग्रीको अवस्थाबारे शिक्षकहरूलाई तयार गरिएको प्रश्नावली

१. शैक्षिक सामग्री निर्माणको लागि तालिमले ल्याएका राम्रा पक्षहरू के के हुन ?

२. शैक्षिक सामग्री भण्डारणको लागि के पहल गर्नुभएको छ ?

३. शैक्षिक सामग्री निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन ?

४. शैक्षिक सामग्री निर्माण गर्दा देखापर्ने नराम्रा पक्षहरू के के हुन ?

## प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची ६

शैक्षिक सामग्रीको उपयोगिता बारे शिक्षकहरूलाई तयार पारिएको बन्द प्रश्नावली

१. विद्यालयमा मौज्दात रकमबाट शैक्षिक सामग्रीको खरिद गरिएको छ ?

क) छ  ख) छैन  ग) कहिलेकाहीँ

२. शैक्षिक सामग्री निर्माणको लागि तालिमको व्यवस्था छ ?

क) छ  ख) छैन  ग) कहिलेकाहीँ

३. विद्यालय व्यवस्थापन समितिले विद्यालयको प्रशासनिक कार्यमा दबाब दिने गरेको छ ?

क) छ  ख) छैन  ग) कहिलेकाहीँ

४. के खेलकुदका सामग्री उपलब्ध छन् ?

क) पर्याप्त छ  ख) अपर्याप्त  ग) न्यून छ

५. के शैक्षिक सामग्री भण्डारण गर्ने व्यवस्था छ ?

क) छ  ख) छैन

६. शैक्षिक सामग्री खरिद गर्न वि.व्य.स.बाट अनुमति लिनु पर्छ ?

क) पर्छ  ख) पर्दैन  ग) धेरैजसो

७. शिक्षकलाई शैक्षिक सामग्री निर्माणको तालिममा पठाउन पूर्वाग्रही हुने गरेको छ ?

क) छ  ख) छैन  ग) अनिश्चित

८. शैक्षिक सामग्रीको प्रयोगले शिक्षण कार्य प्रभावकारी ढङ्गले सञ्चालन हुने गरेको छ ?

क) छ  ख) छैन  ग) अनिश्चित

## प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची ७

शैक्षिक सामग्रीको प्रभावकारीता बारे प्रधानाध्यापकसँग तथ्याङ्क संकलन गर्नका लागि तयार पारिएको प्रश्नावली

१. के शैक्षिक सामग्री प्रयोग गर्दा विद्यार्थीहरू नियमित विद्यालय आउँछन ?

क) आउँछन्   ख) आउदैनन्   ग) अनिश्चित

२. के शैक्षिक सामग्री कमजोर विद्यार्थीका लागि अनुपयुक्त छ ?

क) छ  ख) छैन ग) अनिश्चित

३. शैक्षिक सामग्री विद्यार्थीहरूका लागि उपयोगी छ ?

क) छ  ख) छैन ग) हुदैन

४. शैक्षिक सामग्री जान्ने विद्यार्थीका लागि मात्र केन्द्रित छ ?

क) छ  ख) छैन ग) अनिश्चित

५. शिक्षक र विद्यार्थीबीचको अन्तरक्रियामा शैक्षिक सामग्रीको भूमिका रहेको छ ?

क) छ  ख) छैन ग) हुदैन

६. शैक्षिक सामग्रीको गुणस्तर राम्रो छ ?

क) छ  ख) छैन ग) अनिश्चित

७. शैक्षिक सामग्रीको प्रयोगले शिक्षण कार्य रूचीपूर्ण बन्छ ?

क) बन्छ   ख) बन्दैन   ग) अनिश्चित

# प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची ८

शैक्षिक सामग्रीको प्रभावकारीता बारे शिक्षकहरूसँग तथ्याङ्क संकलन गर्नका लागि तयार पारिएको प्रश्नावली

१. के शैक्षिक सामग्री प्रयोग गर्दा विद्यार्थीहरू नियमित विद्यालय आउँछन ?

क) आउँछन्  ख) आउदैनन्  ग) अनिश्चित

२. के शैक्षिक सामग्री कमजोर विद्यार्थीका लागि अनुपयुक्त छ ?

क) छ  ख) छैन ग) अनिश्चित

३. शैक्षिक सामग्री विद्यार्थीहरूका लागि उपयोगी छ ?

क) छ  ख) छैन ग) हुदैन

४. शैक्षिक सामग्री जान्ने विद्यार्थीका लागि मात्र केन्द्रित छ ?

क) छ  ख) छैन ग) अनिश्चित

५. शिक्षक र विद्यार्थीबीचको अन्तरक्रियामा शैक्षिक सामग्रीको भूमिका रहेको छ ?

क) छ  ख) छैन ग) हुदैन

६. शैक्षिक सामग्रीको गुणस्तर राम्रो छ ?

क) छ  ख) छैन ग) अनिश्चित

७. शैक्षिक सामग्रीको प्रयोगले शिक्षण कार्य रूचीपूर्ण बन्छ ?

क) बन्छ  ख) बन्दैन  ग) अनिश्चित

# प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची ९

शैक्षिक सामग्रीको प्रभावकारिताबारे विद्यार्थीहरूका लागि तयार पारिएको खुला प्रश्नावली

१. शिक्षकले के के सामानहरू देखाएर पढाउनु हुन्छ ? भन ।

२. शिक्षकले सामग्रीहरू देखाएर पढाउँदा ध्यान कत्तिको दिने गर्दछौं ?

३. शिक्षकले शैक्षिक सामग्रीहरू किन कक्षाकोठामा ल्याउनु हुन्छ ?

४. शैक्षिक सामग्री प्रयोग गरेर पढाउँदा राम्रो लाग्नुका कारणहरू के के हुन् ?

# प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची १०

शैक्षिक सामग्री निर्माण र भण्डारण गर्नमा शिक्षकसंग गरिने अन्तर्वार्ताका लागि तयार पारिएको प्रश्नावली

१. के शैक्षिक सामग्री निर्माण गर्न तालिमको व्यवस्था गरिएको छ ?

क) छ    ख) छैन    ग) कहिले हुँदैन

२. के तालिम उपलब्धिमूलक छ ?

क) छ    ख) छैन    ग) अनिश्चित

३. शैक्षिक सामग्री निर्माणको तालिममा सिकेका कुरा प्रयोग भयो भएन अनुगमनको व्यवस्था छ ?

क) छ    ख) छैन    ग) कहिल्यै हुँदैन

४. शैक्षिक सामग्री समयमा नै उपलब्ध हुन्छन् ?

क) हुन्छ    ख) हुँदैन

५. शैक्षिक सामग्री भण्डारण र प्रयोगका लागि छुट्टाछुट्टै कोठाहरूको व्यवस्था छ ?

क) छ    ख) छैन    ग) हुन सम्भव छ

## प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची ११

शैक्षिक सामग्री निर्माण तथा व्यवस्थापन गर्न प्र.अ.को भूमिका बारे तयार पारिएको बन्द प्रश्नावली

१. के शैक्षिक सामग्री निर्माण तालिममा शिक्षकको सहभागिता रहन्छ ?

क) छ  ख) छैन  ग) कहिले काहीं

२. के शिक्षकले तालिमका सिकेका कुरा सदुपयोगमा ल्याइएको छ ?

क) छ  ख) छैन  ग) अनिश्चित

३. स्थानीय स्रोत साधनबाट सामग्री निर्माणको व्यवस्था गरिएको छ ?

क) छ  ख) छैन  ग) अनिश्चित

४. शैक्षिक सामग्री व्यवस्थापन वा भण्डारणका लागि छुट्टै कोठाको व्यवस्था छ ?

क) छ  ख) छैन  ग) अव्यवस्थित

५. शैक्षिक सामग्री निर्माण गर्नमा विद्यार्थीहरूको पनि सहभागिता रहन्छ ?

क) छ  ख) छैन  ग) कहिले काहीं

६. प्रयोगमा ल्याइसकेका सामग्री सुरक्षित रहन्छन् ?

क) रहन्छन्  ख) रहँदैनन्  ग) मन खुशी

## प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची १२

शैक्षिक सामग्रीको व्यवस्थानमा देखिएका समस्या समाधान गर्न प्र.अ.को भूमिका बारे तयार पारिएको प्रश्नावली

१. शैक्षिक सामग्री व्यवस्थापन गर्नमा तपाईंले चाल्नु भएका कदमहरू के के हुन् ?

२. शैक्षिक सामग्री निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरू के के हुन् ?

३. शैक्षिक समाग्री प्रयोगमा आए नआएको निरीक्षण पनि गर्नु हुन्छ ?

४. शैक्षिक सामग्री व्यवस्थापन गर्दा देखिएका राम्रा पक्षहरू के के हुन् ?

५. शैक्षिक सामग्री व्यवस्थापन र प्रयोगमा देखिएका कमजोरी हटाउन के के गर्नु पर्ला ?

# प्राथमिक तहमा शैक्षिक सामग्री प्रयोगको अवस्था

अनुसूची १३

भौतिक व्यवस्थापनमा वि.व्य.स. पदाधिकारीको भूमिका बुझ्नका लागि तयार पारिएको प्रश्नावली

१. विद्यालयको भौतिक पक्ष सुधार गर्नका लागि के के कदम चाल्नु भएको छ ?

२. भौतिक व्यवस्थापनमा सुधार हुँदा विद्यालयमा हुने फाइदाहरू के के हुन ?

३. भौतिक अभावले शिक्षण कार्यमा पर्ने कठिनाइहरू के के हुन ?